# भ्रष्टाचार विरुद्धको दोस्रो राष्ट्रिय रणनीतिक योजना

## (आर्थिक वर्ष २०८२/८३ - २०८७/८८)

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं

२०८२ फागुन

# विषयसूची

परिच्छेद- १ ....... ४

परिचय ....... ४

१ १.पृष्ठभूमि ....... ४

१.२ नेपालमा भ्रष्टाचार विरुद्धको महासन्धिको कार्यान्वयन ....... ५

१.२.१ महासन्धि कार्यान्वयनका लागि नेपालले गरेका प्रयास ....... ५

१.२.३ समकक्षी पुनरावलोकनका सिफारिसहरू ....... ११

१.३ संवैधानिक र कानूनी व्यवस्था ....... १३

भ्रष्टाचार विरुद्धको महासन्धिले समेटेका भ्रष्टाचारको रोकथाम, नियन्त्रण तथा कानूनी कारबाहीका सम्बन्धमा नेपालमा भएका संवैधानिक तथा कानूनी व्यवस्थाहरू देहाय बमोजिम रहेका छन्। ....... १३

१.३.१ संवैधानिक व्यवस्था ....... १३

१.३.२ कानूनी व्यवस्था ....... १४

१.३.३. नीतिगत व्यवस्था ....... १७

१.३.४ संस्थागत व्यवस्था ....... १७

१.३.५ भ्रष्टाचार निवारण सम्वन्धी सम्पर्क विन्दुको स्थापना ....... १९

परिच्छेद- २ ....... २१

भ्रष्टाचार विरुद्धको राष्ट्रिय रणनीति ....... २१

२.२ दीर्घकालीन सोच (Vision) ....... २२

२.४ रणनीतिक स्तम्भहरू (Strategic Pillars) ....... २२

२.५ कार्यनीतिहरू ....... २३

परिच्छेद-३ ....... २६

भ्रष्टाचार विरुद्धको राष्ट्रिय रणनीतिक योजनाको कार्यान्वयन ....... २६

३.४. जिम्मेवार निकायको भूमिका ....... २७

३ ६.रणनीतिक योजना कार्यान्वयन संयन्त्र ....... २८
३.९.१ निर्माण गर्नुपर्ने नीति, मापदण्ड र दिग्दर्शनहरू तथा गर्नुपर्ने सन्धी सम्झौता ....... ३८
परिच्छेद-४ ....... ४२
कार्ययोजना ....... ४२
४.१ रणनीति, कार्यनीति र क्रियाकलापहरू ....... ४२
४.२ कार्ययोजनाको विस्तृत तालिका ....... ४३
४.३ अनुगमन तथा मूल्याङ्कन फ्रेमवर्क ....... ७६
परिच्छेद- ५ ....... ७९
रणनीतिक योजनाको सीमा र अपेक्षित उपलब्धि ....... ७९
५.१ रणनीतिक योजनाको सीमा ....... ७९
५.२ अपेक्षित उपलब्धि ....... ८०

# परिच्छेद- १
# परिचय

## १ १.पृष्ठभूमि

नेपालमा भ्रष्टाचार निवारणको प्रयास वैदिककाल देखि नै सुरुवात भएको पाईन्छ। हिन्दूधर्म ग्रन्थहरू: ऋग्वेद, यजुर्वेद एवं विभिन्न उपनिषद्हरूमा भ्रष्टाचारका कारण र निवारणका उपायहरू बारे थुप्रै व्याख्या गरिएको छ। श्रीमद्भागवत गीतामा काम र क्रोधको शरण परेका मानिसहरू (वासना) अन्यायपूर्वक धन सञ्चय गर्न प्रयत्न गर्छन भनिएको छ। बौद्ध धर्मले सदाचारको लागि आष्टाङ्गिक मार्गको अवलम्बन गर्न सुझाव दिएको छ। किराँत धर्मग्रन्थ मुन्धुमले राज्यको स्रोत र शक्तिलाई जनताको हित र भलाईमा प्रयोग गर्नुपर्ने मान्यता राखेको छ।

ऐतिहासिक हिसाबले हेर्दा लिच्छवीकालीन समयबाट न्याय र दण्ड प्रणालीको सुरुवात भएको देखिन्छ। मल्लकालमा काल भैरवको स्थापना गरी दण्ड सजायको व्यवस्थालाई प्रभावकारी बनाउने प्रयास गरिएको देखिन्छ। पृथ्वीनारायण शाहले " न्याय निथारनु, अन्याय हुन नदिनु, अदालथ्मा पनि बडा निसाफ हेर्नु, घूस दिन्या र घूस खान्या यी दुईको त धन जीव गरी लियाको पनि पाप छैन, यी राजाका महासतुर हुन्" भनी भ्रष्टाचारप्रति निर्मम हुनुपर्ने नीति लिएका थिए।

राणा शासनकालमा राज्यको ढुकुटीलाई शासकहरूको निजी सम्पत्ति सरह प्रयोग गरिएको देखिन्छ। वि. सं. २००७ मा प्रजातन्त्रको उदय पश्चात निर्वाचन गरी नागरिकको अपेक्षा अनुसारको शासन र विधि कायम गराउने प्रयास भएता पनि उल्लेख्य सफलता हासिल गर्न सकेको देखिँदैन। वि. सं. २०१७ सालमा पञ्चायतकालको सुरुवाती अवस्थामै भ्रष्टाचार निवारण ऐन २०१७ जारी गरिएको साथै भ्रष्टाचार निवारणको लागि अख्तियार दुरूपयोग निवारण आयोगको व्यवस्था गरी असुसन्धान गर्नेअभियोजन गर्ने ,, फैसला गर्ने तथा उक्त फैसला कार्यान्वयन गराउने अधिकार दिएको देखिन्छ। वि. सं. २०४६ सालमा वहुदलीय व्यवस्थाको पुनर्स्थापनासँगै संविधानमै अख्तियार दुरूपयोग अनुसन्धान आयोगको व्यवस्था भएको र भ्रष्टाचार निवारण ऐन, २०५९ समेत जारी गरिएको थियो।

भ्रष्टाचार विरुद्धको महासन्धि (Convention Against Corruption) लाई संयुक्त राष्ट्रसङ्घीय महासभाले ३१ अक्टोवर सन् २००३ मा प्रस्ताव पारित गरी महासन्धिको पक्ष हुनका लागि सदस्य राष्ट्रहरूलाई खुला गरेको थियो। यो महासन्धिमा ८ परिच्छेद र ७१ धारा रहेको छन्। सन् २००५ को डिसेम्बर १४ देखि यो महासन्धि लागू भएको छ।

महासन्धिले मूलतः सदस्य राष्ट्रहरूको कानून, संस्थागत व्यवस्था र अभ्यासको खाका प्रस्तुत गर्दै विस्तृत रूपमा भ्रष्टाचार विरुद्धका उपयुक्त विधि पहिचान गरी कार्यान्वयन गर्न मार्गनिर्देश गरेको छ। सोही विधिको माध्यमबाट भ्रष्टाचारको निरोध, अपराधीकरण र सजाय सम्बन्धी कानून, अन्तर्राष्ट्रिय सहयोग, सम्पत्तिको पुनर्प्राप्ति, प्राविधिक सहयोग र सूचना आदान–प्रदान तथा कार्यान्वयनसम्बन्धी संयन्त्रलाई प्रवर्द्धन गर्ने लक्ष्य लिएको छ।

नेपालले सन् २०११ फेब्रुअरी २३ मा सो महासन्धि अनुमोदन गरी पक्ष राष्ट्र बनेपछि महासन्धिका व्यवस्थाहरू कार्यान्वयन गरी महासन्धिले सिर्जना गरेका दायित्व पूरा गर्ने सिलसिलामा" भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धिको कार्यान्वयन सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना, २०६९" तर्जुमा गरी कार्यान्वयन हुंदै आएको छ। उक्त रणनीति तथा कार्ययोजना कार्यान्वयनमा आएको १३ वर्षमा विभिन्न कानून तर्जुमा र संशोधन भएका, सम्वन्धित संस्थाहरूको सुदृढीकरण भएको छ। तथापि उक्त रणनीति तथा कार्ययोजनाको प्रभावकारी कार्यान्वयन सकेको देखिदैंन।

वि.सं.२०७२ सालमा जारी भएको नेपालको संविधानले सङ्घीय शासन प्रणाली अवलम्बन गरेको कारण सङ्घीय संरचना बमोजिम तीन तहका सरकारबाट महासन्धिले सिर्जना गरेका दायित्वलाई थप प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने आवश्यकता छ। साथै, महासन्धि कार्यान्वयनको सम्बन्धमा सन् २०१६ को नोभेम्वर १४ देखि १६ सम्म र सन् २०२२ को जुन १३ देखि १७ सम्म सम्पन्न पहिलो र दोस्रो चरणको समकक्षी पुनरावलोकनबाट प्राप्त सुझावलाई समेत ध्यान दिई भ्रष्टाचार विरुद्धको पहिलो रणनीति तथा कार्ययोजना संशोधन गर्नुपर्ने भएको छ। मुलुकमा व्याप्त भ्रष्टाचार, कुशासन, दण्डहीनता, भेदभाव, बहिष्करण तथा आर्थिक-सामाजिक असमानता जस्ता संरचनात्मक कारणहरूबाट सिर्जित द्वन्द्वको समयमै सम्बोधन नहुँदा उत्पन्न आम वितृष्णा र निराशाले जेन-जी युवाहरूको अगुवाईमा २०८२ भाद्र २३ र २४ गते विद्रोह र जनआन्दोलन भएको छ। प्रविधिको तिव्र विकाससंगै विश्वव्यापी रुपमा भ्रष्टाचारको स्वरुप र आयामहरूमा समेत परिवर्तन हुंदै आएको छ। यी विविध पक्षलाई मध्यनजर गरी नेपाललाई भ्रष्टाचामुक्त समृद्ध राष्ट्र निर्माणका लागि भष्टाचार विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिलाई समसामयिक परिमार्जन गर्नुपर्ने अवस्था छ।

## १.२ नेपालमा भ्रष्टाचार विरुद्धको महासन्धिको कार्यान्वयन

### १.२.१ महासन्धि कार्यान्वयनका लागि नेपालले गरेका प्रयास

नेपालले भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धि अनुमोदन गरे पश्चात् महासन्धिको कार्यान्वयन गर्न "भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धिको कार्यान्वयन सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना, २०६९" कार्यान्वयनमा ल्याएको, भ्रष्टाचार निवारणसम्बन्धी कार्य गर्ने नेपाल सरकारका संरचनाहरूलाई सङ्घीयतामैत्री बनाउँदै लगिएको एवं महासन्धिको व्यवस्था बमोजिम नयाँ ऐनको तर्जुमा, प्रचलित कानूनहरूमा संशोधन र परिमार्जन गर्दै लगिएको छ। त्यसैगरी भ्रष्टाचार सम्बन्धी विषयमा काम गर्ने अनुसन्धानात्मक, अभियोजनात्मक तथा न्यायिक निकायको संस्थागत सुदृढीकरण, जनशक्तिको क्षमता विकासका कार्यक्रम सञ्चालन तथा आवश्यकता अनुसार नवीन प्रविधिको प्रयोग तथा राज्यको नीति तथा कार्यक्रम, बजेट र आवधिक योजना मार्फत भ्रष्टाचार निवारणका लागि विभिन्न प्रयासहरू हुंदै आएको छ। वर्तमान सोह्रौं योजनाले सुशासनलाई दीर्घकालीन राष्ट्रिय लक्ष्य "सुख" को सूचकको रूपमा राखेको र वि.सं.२०८५/८६ सम्म भ्रष्टाचार नियन्त्रण सूचकाङ्क ०.४० र भ्रष्टाचार न्यूनीकरण अनुभूति सूचकाङ्क ४३ पुऱ्याउने परिमाणात्मक लक्ष्य लिएको छ।

### १.२.२ महासन्धि कार्यान्वयन सम्बन्धी पहिलो कार्ययोजनाको समीक्षा

नेपालमा भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धि (UNCAC) लाई कार्यान्वयन गर्न तर्जुमा गरिएको भ्रष्टाचार विरुद्धको राष्ट्रिय रणनीति तथा कार्ययोजना २०६९ पहिलो औपचारिक दस्तावेज थियो। यस दस्तावेजमा ५ वटा रणनीतिहरू, १५ वटा उद्देश्यहरू, ५३ वटा कार्यनीतिहरू र १०६ वटा क्रियाकलापहरू राखिएका थिए। हरेक क्रियाकलाप कार्यान्वयनका लागि जिम्मेवार निकाय, सहयोगी निकाय, क्रियाकलाप सम्पन्न गर्न लाग्ने समयावधि, अनुगमन गर्ने निकाय र अनुगमन सूचकलाई बृहत् तालिकामा स्पष्ट गरिएको थियो। निकायगत भूमिका अन्तर्गत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, राष्ट्रिय सतर्कता केन्द्र र दातृ निकायहरू समेतको भूमिका समावेश गरिएको थियो। कार्ययोजना कार्यान्वयनको अनुगमनका लागि नेपाल सरकारका मुख्य सचिवको अध्यक्षतामा नेपाल सरकारका सचिवहरू रहेको कार्ययोजना कार्यान्वयन तथा अनुगमन समितिको व्यवस्था गरिएको थियो।

यस कार्ययोजनाबमोजिम भ्रष्टाचार निवारण ऐन र अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐनमा केही परिमार्जनहरू गरिए। 'सम्पत्ति शुद्धीकरण' र 'सुशासन' सम्बन्धी कानूनहरू तर्जुमा भए। तथापि, रणनीतिले परिकल्पना गरे अनुरूप विधमान भ्रष्टाचार निवारण ऐनको समसामयिक संशोधन हुन सकेन। निजी क्षेत्रमा हुने भ्रष्टाचारलाई अझै पनि पूर्ण रूपमा कानूनी दायरामा ल्याउन सकिएको छैन।

रणनीति तथा कार्ययोजनाको मुख्य उद्देश्य भ्रष्टाचार न्यूनीकरण गर्नु भएता पनि ठूला नीतिगत भ्रष्टाचार, ठेक्कापट्टामा हुने मिलेमतो र स्थानीय तहमा हुने अनियमितता पूर्ण रूपमा रोक्न सकिएको छैन। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले यसको नियमित अनुगमन गर्ने जिम्मेवारी पाएको भए पनि कार्यान्वयनको पाटो फितलो रहेको छ। यो रणनीति तथा कार्ययोजना कार्यान्वयनमा राजनीतिक इच्छाशक्तिको पनि कमी देखियो।

नेपालले भ्रष्टाचार विरुद्धको राष्ट्रिय रणनीति तथा कार्ययोजना, २०६९ जारी गरी महासन्धिका व्यवस्थाहरू कार्यान्वयनका लागि देहायका कानूनहरू संशोधन गर्ने, केही नयाँ कानूनहरू निर्माण गर्ने र भ्रष्टाचार निवारणसँग सम्बन्धित संस्थाहरूको सुदृढीकरण गर्ने गरी कार्ययोजना निर्माण गरेको थियो।

**भ्रष्टाचार विरुद्धको राष्ट्रिय रणनीति तथा कार्ययोजना, २०६९ ले संशोधनका लागि प्रस्ताव गरेका कानूनहरूः-**

(क) अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८
(ख) भ्रष्टाचार निवारण ऐन, २०५९
(ग) सैनिक ऐन, २०६३
(घ) करार ऐन, २०५६
(ङ) वैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३
(च) निर्वाचन सम्बन्धी ऐनहरू (राजनीतिक दल सम्बन्धी ऐन, २०५८, स्थानीय निकाय (निर्वाचन कार्यविधि) ऐन, २०४८, निर्वाचन आयोग ऐन, २०६३, निर्वाचन (कसूर र सजाय) ऐन, २०६३)
(छ) निजामती सेवा ऐन, २०४९
(ज) सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४
(झ) आर्थिक कार्यविधि ऐन, २०५५
(ञ) न्याय परिषद् ऐन, २०४७

(ट) न्याय प्रशासन ऐन, २०४८
(ठ) कम्पनी ऐन, २०६३
(ड) नेपाल राष्ट्र बैंक ऐन, २०५८
(ढ) बीमा ऐन, २०४९
(ण) विशेष अदालत ऐन, २०५९
(त) दुरसञ्चार ऐन, २०५३
(थ) साझेदारी ऐन, २०२०
(द) संस्था दर्ता ऐन, २०३४
(ध) प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४
(न) नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३
(ऩ) सपुर्दगी ऐन, २०४५
(प) लेखापरीक्षण ऐन, २०४८
(फ) नेपाल चार्टर्ड एकाउन्टेन्टस् ऐन, २०५३
(ब) निर्माण व्यवसाय ऐन, २०५५
(भ) महाभियोग (कार्यविधि नियमित गर्ने) ऐन, २०५९
(म) सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४
(य) राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२

भ्रष्टाचार विरुद्धको पहिलो राष्ट्रिय रणनीति तथा कार्ययोजना अन्तर्गत संशोधनका लागि कार्ययोजनामा प्रस्तावित गरिएका २७ वटा कानूनहरू मध्ये देहाय बमोजिम केही कानूनहरू संशोधन गरिएको, केही कानूनहरू नयाँ कानूनद्धारा प्रतिस्थापन गरिएको र केही कानूनहरू संशोधन वा नयाँ निर्माण गर्न बाँकी रहेकाले महासन्धिको प्रावधान बमोजिम कानून संशोधन वा नयाँ कानून निर्माण गरी प्रतिस्थापन गर्नुपर्ने कार्यलाई निरन्तरता दिनु पर्ने अवस्था छ।

| क्र.सं. | संशोधनका लागि प्रस्ताव गरिएका कानून | कार्य प्रगति | कैफियत |
|---|---|---|---|
| १. | करार ऐन, २०५६ | करार सम्बन्धी कानून खारेज गरी मुलुकी देवानी संहिता, २०७४ मा व्यवस्था गरिएको। | नयाँ कानून निर्माण |
| २. | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०६३ | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०७३ | नयाँ कानून निर्माण |
| ३. | निर्वाचन सम्बन्धी ऐनहरू (राजनीतिक दल सम्बन्धी ऐन २०५८, स्थानीय निकाय (निर्वाचन कार्यविधि) २०४८, निर्वाचन आयोग ऐन, २०६३ | राजनैतिक दल सम्बन्धी ऐन २०७३, स्थानीय तह निर्वाचन ऐन, २०७३, निर्वाचन आयोग ऐन २०७३ र निर्वाचन (कसूर र सजाय) ऐन, २०७३ | नयाँ कानून निर्माण |

| | | | |
|---|---|---|---|
| | निर्वाचन (कसूर र सजाय) ऐन, २०६३) | | |
| ४. | आर्थिक कार्यविधि ऐन, २०५५ | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ | नयाँ कानून निर्माण |
| ५. | न्याय परिषद् ऐन, २०४७ | न्याय परिषद् ऐन २०७३ | नयाँ कानून निर्माण |
| ६. | न्याय प्रशासन ऐन, २०४८ | न्याय प्रशासन ऐन, २०७३ | नयाँ कानून निर्माण |
| ७. | सपुर्दगी ऐन, २०४५ | सपुर्दगी ऐन, २०७० | नयाँ कानून निर्माण |
| ८. | लेखापरीक्षण ऐन, २०४८ | लेखापरीक्षण ऐन, २०७५ | नयाँ कानून निर्माण |
| ९. | बीमा ऐन, २०४९ | बीमा ऐन, २०७९ | नयाँ कानून निर्माण |
| १०. | भ्रष्टाचार निवारण ऐन, २०५९ | (पहिलो संशोधन २०८१) | संशोधन |
| ११. | नेपाल राष्ट्र बैंक ऐन, २०५८ | दोस्रो संशोधन २०७३)) | संशोधन |
| १२. | नेपाल चार्टर्ड एकाउण्टेण्ट ऐन, २०५३ | (चौथो संशोधन २०७५) | संशोधन |
| १३. | सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ | सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन, २०८० बाट संशोधन। साथै सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण तथा व्यवसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०८१ बाट संशोधन गरिएको। | संशोधन |
| १४. | राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ | पहिलो संशोधन (२०७६) र आर्थिक तथा व्यवसायिक वातावरण सुधार तथा लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०८१ मार्फत् संशोधन गरिएको। | संशोधन |
| १५. | सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ | सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०८१ मार्फत संशोधन गरिएको।<br>केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०८२ | केही संशोधन |
| १६. | सैनिक ऐन, २०६३ | नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ | केही संशोधन |

| | | | |
|---|---|---|---|
| | | द्वारा सो ऐन समेतका कानूनहरू संशोधन भएको। | |
| १७. | अख्तियार दुरूपयोग तथा अनुसन्धान आयोग ऐन, २०४८ | विधेयक (तेस्रो संशोधन) | सङ्घीय संसदमा विचाराधीन |
| १८. | नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ | नयाँ कानून निर्माणको चरणमा | सङ्घीय संसदमा विचाराधीन |
| १९. | निजामती सेवा ऐन, २०४९ | नयाँ कानून निर्माणको चरणमा रहेको। | सङ्घीय संसदमा विचाराधीन अवस्थामा संसद विघटन भएकाले पुन पेश गर्नुपर्ने |
| २१. | दुरसञ्चार ऐन, २०५३ | पछिल्लो संशोधन २०७८ (आर्थिक ऐन मार्फत) मा भएको। | नयाँ ऐनको मस्यौदा भइरहेको। |
| २२ | कम्पनी ऐन, २०६३ | २०७४ सालमा पहिलो संशोधन तथा केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ र २०८१ मार्फत संशोधन भएको। | कम्पनी ऐन सम्बन्धी नयाँ विधेयकको मस्यौदा तयार भई छलफलको क्रममा रहेको। |
| २३. | महाभियोग (कार्यविधि नियमित गर्ने) ऐन, २०५९ | संशोधन वा प्रतिस्थापन गर्नुपर्ने। | बाँकी रहेको। |
| २४. | विशेष अदालत ऐन, २०५९ | संशोधन वा प्रतिस्थापन गर्नुपर्ने। | बाँकी रहेको। |
| २५. | संस्था दर्ता ऐन, २०३४ | संशोधन वा प्रतिस्थापन गर्नुपर्ने। | बाँकी रहेको। |
| २६. | प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ | संशोधन वा प्रतिस्थापन गर्नुपर्ने। | बाँकी रहेको। |
| २७. | निर्माण व्यवसाय ऐन, २०५५ | संशोधन वा प्रतिस्थापन गर्नुपर्ने। | बाँकी रहेको। |

भ्रष्टाचार विरुद्धको पहिलो राष्ट्रिय रणनीति तथा कार्ययोजना अन्तर्गतको देहायबमोजिमका ७ वटा नयाँ कानून निर्माण गर्नुपर्ने लक्ष्य राखिएकोमा कानून निर्माणको सन्दर्भमा पहिलो कार्ययोजनाबमोजिम सम्पन्न गर्नुपर्ने अधिकांश क्रियाकलापहरूको प्रगतिको अवस्था सन्तोषजनक देखिनुका साथै बाँकी रहेको नयाँ कानून निर्माणको कार्यलाई निरन्तरता दिदैं आवश्यक्तानुसार थप नयाँ कानूनहरू समेत निर्माण गर्नुपर्ने देखिन्छ।

| क्र.सं. | निमाण गर्नु प्रस्तावित नयाँ कानून | कार्य प्रगति | कैफियत |
|---|---|---|---|
| १. | सङ्गठित अपराध सम्बन्धी कानून | सङ्गठित अपराध निवारण ऐन, २०७० | कानून निर्माण भएको |
| २. | पारस्पारिक कानूनी सहायता सम्बन्धी कानून | पारस्परिक कानूनी सहायता ऐन, २०७० | कानून निर्माण भएको |
| ३. | सुपुर्दगी सम्बन्धी कानून | सुपुर्दगी ऐन, २०७० | कानून निर्माण भएको |
| ४. | पीडित, साक्षी तथा विशेषज्ञको संरक्षण सम्बन्धी कानून | अपराध पीडित संरक्षण ऐन, २०७५ | कानून निर्माण भएको |
| ५. | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग र राजस्व अनुसन्धान विभागलाई छुट्टै स्वतन्त्र निकायहरूको रुपमा विकास गर्ने | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग र राजस्व अनुसन्धान विभागलाई छुट्टाछुट्टै कानूनबाट स्वतन्त्र निकायहरूको रुपमा संस्थागत गरिएको । | कानून निर्माण भएको |
| ६. | स्वार्थको द्वन्द्व सम्बन्धी कानून | नेपालको संविधान, अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८, भ्रष्टाचार निवारण ऐन, २०५९, सार्वजनिक खरिद ऐन, २०६३, सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४, राजनीतिक दल सम्बन्धी ऐन, २०७३, सार्वजनिक प्रशासन सुधार सम्बन्धी नीतिगत दस्तावेजहरूमा स्वार्थको द्वन्द्व सम्बन्धी केही व्यवस्थाहरू रहेको भएता पनि स्वार्थको द्वन्द्वको पहिचान, घोषणाको वाध्यता तथा कारबाही प्रक्रिया स्पष्ट नभएकोले एकीकृत र कार्यान्वयनयोग्य स्वार्थको द्वन्द्व सम्बन्धी कानून निर्माण गर्नुपर्ने आवश्यकता रहेको। | कानून निर्माण गर्न बाँकी रहेको। |
| ७. | सुराकी संरक्षण सम्बन्धी कानून | सङ्गठित अपराध निवारण ऐन, २०७०, अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८, मानव वेचविखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ र वन्यजन्तु संरक्षण ऐन, २०२९ समेतका विभिन्न कानूहरूमा केही व्यवस्था भएको भए तापनि सुराकीको संरक्षण सम्बन्धी प्रभावकारी व्यवस्था | कानूनको मस्यौदा भईरहेको। |

| | | | |
|---|---|---|---|
| | | गर्न छुट्टै एकीकृत कानून निर्माणको आवश्यकता रहेको। | |

भ्रष्टाचार विरुद्धको पहिलो राष्ट्रिय रणनीति, कार्यनीति र कार्ययोजना अनुरूप संरचनागत व्यवस्था अन्तर्गत सर्वोच्च अदालत, विशेष अदालत, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, महान्यायाधिवक्ताको कार्यालय, राष्ट्रिय सतर्कता केन्द्र, महालेखापरीक्षकको कार्यालय, महालेखा नियन्त्रकको कार्यालय, सार्वजनिक खरिद अनुगमन कार्यालय, सम्पति शुद्धीकरण अनुसन्धान विभाग र राजस्व अनुसन्धान विभाग समेतका १० वटा निकायको क्षमता विकास निरन्तर भइरहेको छ भने सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग र राजस्व अनुसन्धान विभागलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयवाट पुन: अर्थ मन्त्रालय मातहत रहने गरी फर्काइएको छ। तथापि, यी र अन्य सम्वद्ध निकायहरूको क्षमता सुदृढीकरणको कार्यलाई निरन्तरता दिंदै जानुपर्ने देखिन्छ।

## १.२.३ समकक्षी पुनरावलोकनका सिफारिसहरू

सन् २०१६ को नोभेम्वर १४ देखि १६ सम्म र सन् २०२२ को जुन १३ देखि १७ सम्म पहिलो र दोस्रो चरणमा सम्पन्न भएको महासन्धि कार्यान्वयनको लागि समकक्षी पुनरावलोकनबाट प्राप्त सुझाव कार्यान्वयन गर्न नेपाललाई देहायका सिफारिस गरिएको थियोः

**<u>प्रथम चरणको समकक्षी पुनरावलोकनमा दिएका सुझावहरूः</u>**

१. महासन्धि बमोजिम स्थापित सबै अपराधहरूलाई सुपुर्दगीयोग्य बनाई उक्त अपराधहरूलाई सुपुर्दगी सन्धिमा समावेश गर्ने वा सोही अनुसार हुने गरी सन्धिलाई संशोधन गर्ने।

२. दोहोरो अपराध सिद्धान्तको अभावमा पनि सुपुर्दगीलाई अनुमति दिन कानून संशोधन गर्ने तर्फ विचार गर्ने।

३. सहायक सुपुर्दगी (मतियार) पहिचान सम्बन्धमा अध्ययन गर्ने।

४. महासन्धिलाई सुपुर्दगीको कानूनी आधारको रूपमा ग्रहण गरी सुपुर्दगी सन्धि गर्ने।

५. सुपुर्दगी प्रक्रियालाई थप सरलीकृत गर्ने उपायहरूको अध्ययन गर्ने।

६. सुपुर्दगी प्रक्रियासँग सम्बन्धित व्यक्तिहरूलाई पूर्ण सुरक्षा दिने व्यवस्था लागू गर्ने।

७. गैरनागरिकलाई भेदभाव विरुद्ध सुरक्षा प्रदान गर्ने।

८. सुपुर्दगी अस्वीकार हुनु अघि नै अनुरोध गर्ने राष्ट्रहरूसँग परामर्श गर्ने।

९. दण्डित व्यक्तिहरूको हस्तान्तरण (स्थानान्तरण) का लागि सम्झौता (हरू) गर्न अध्ययन गर्ने।

१०. जुनसुकै किसिमको सजाय कायम भएता पनि महासन्धिमा समावेश गरिएका अपराधको सम्बन्धमा सहायताको सुनिश्चित गर्ने। विशेषगरी बल प्रयोग नगरिएको अनुरोधका सम्बन्धमा दोहोरो अपराध सिद्धान्त खुकुलो बनाउने विषयमा ध्यान दिने।

११. कानूनी व्यक्तिहरूलाई जिम्मेवार बनाउन सकिने अपराधहरूको सम्बन्धमा समेत पारस्परिक कानूनी सहयोग उपलब्ध गराउन कानून संशोधन गर्ने।

१२. पारस्परिक कानूनी सहायताको लागि अनुरोध गर्ने मुलुकको सामान्य कानूनी व्यवस्थाको विपरीत नहुने गरी अन्य सहयोग प्रदान गर्ने सम्बन्धमा अध्ययन गर्ने।

१३. अनुरोध गरिएका मुलुकबाट प्रस्थान गर्नु अघि स्थानान्तरण गरिएको व्यक्तिका कार्यहरू वा सजायहरूको सुरक्षित कार्यान्वयनको सुनिश्चित गर्न कानून संशोधन गर्ने। सो व्यक्तिले अनुरोध भई आएको मुलुकको हिरासतमा बिताएको समयको छुट प्राप्त गर्ने कुरा कानूनमा निर्दिष्ट गर्नुपर्ने।

१४. तोकिएको केन्द्रीय निकायको सूचना अद्यावधिक गर्ने विषय सुनिश्चित गर्ने। आपतकालीन अवस्थामा INTERPOL मार्फत पारस्परिक कानूनी सहयोगका अनुरोधहरू प्राप्त गर्न सक्ने सम्भावनाको विश्लेषण गर्ने र केन्द्रीय निकायद्वारा प्राप्त गर्ने प्रत्यक्ष अनुरोधले छिटो र प्रभावकारी सहकार्यमा योगदान दिन सक्ने विषय मूल्याङ्कन गर्ने।

१५. पारस्परिक कानूनी सहयोगका लागि मौखिक अनुरोधहरू स्वीकार गर्ने विषयमा ध्यान दिने, फरक थप आवश्यकताहरूले सहयोगको प्रावधानमा अवरोध नपुर्‍याउने सुनिश्चित गर्न कानून संशोधन गर्ने र आउने अनुरोधहरू समेतका लागि भिडियो कन्फेरेन्समार्फत सुनुवाइ गराउन अनुमति दिने उपायहरू अपनाउने विषयमा विचार गर्ने।

१६. महासन्धिले निर्दिष्ट गरेको भन्दा थप अस्वीकार गर्ने आधारहरूले पारस्परिक कानूनी सहयोगमा अवरोध सिर्जना नगर्ने विषयलाई सुनिश्चित गर्ने।

१७. चालु अनुसन्धान, अभियोजन वा न्यायिक प्रक्रियामा हस्तक्षेप गर्ने अवस्थामा पारस्परिक कानूनी सहयोग अस्वीकार नगरी स्थगित गर्ने सम्भावना प्रदान गर्ने उपायहरू अपनाउन विचार गर्ने।

१८. सहयोग अस्वीकार गर्नु वा स्थगित गर्नु अघि अनुरोध गर्ने मुलुकहरूसँग परामर्श गर्ने विषय सुनिश्चित गर्ने।

१९. महासन्धिको प्रावधान अनुसार पारस्परिक कानूनी सहयोगका खर्चहरू नियमन गर्ने।

२०. महासन्धिलाई पारस्परिक कानूनी सहयोगको कानूनी आधारको रूपमा प्रयोग गरी सो सम्बन्धी सम्झौताहरू वा व्यवस्थाहरू गर्ने।

२१. कानून कार्यान्वयन सहयोग र सञ्चारको सञ्जाललाई आधुनिक प्रविधिको प्रयोगबाट गरिएका अपराधहरू समेतको सम्बन्धमा निरन्तर सुदृढ गर्ने।

२२. कानून कार्यान्वयनका लागि सहयोग सम्बन्धी सम्झौताहरू गर्न ध्यान दिने।

२३. उपयुक्त भएको अवस्थामा महासन्धि अन्तर्गतका अपराधहरूको सम्बन्धमा विशेष अनुसन्धानात्मक प्रविधिहरूको प्रयोगको सम्भावना कानूनमा निर्दिष्ट गरी उक्त प्रविधिहरूबाट प्राप्त प्रमाण अदालतले ग्रहण गर्ने सुनिश्चितता कायम गर्ने।

२४. नेपाललाई आपराधिक कारबाहीको स्थानान्तरण, संयुक्त अनुसन्धान र विशेष अनुसन्धानात्मक प्रविधिहरू सम्बन्धी सम्झौताहरू वा व्यवस्थाहरू गर्न प्रोत्साहन गर्ने।

**दोस्रो चरणको समकक्षी पुनरावलोकनले दिएका सुझावहरू**

१. वित्तीय खुलासा प्रणालीलाई प्रभावकारी र कुशल बनाउन सो सम्बन्धी पुनरावलोकन र सुदृढीकरण गर्ने विषयमा विचार गर्ने।
२. विदेशी मुलुकमा रहेको वित्तीय खातामा चासो, हस्ताक्षर अधिकार ,वा अन्य अधिकार भएका सम्बन्धित सार्वजनिक पदाधिकारीहरूलाई र सम्बन्धित निकायलाई अनिवार्य रूपमा उपलब्ध गराउने र यस्ता खाता सम्बन्धी उचित अभिलेखहरू कायम राख्न आवश्यक पर्ने उपायहरू अवलम्बन गर्न विचार गर्ने।
३. अन्य मुलुकहरूले नेपालका अदालतहरूमा दायर गरेका देवानी मुद्दाहरूका सम्पत्तिमा स्वामित्वको अधिकार स्थापनाका लागि वा क्षतिपूर्ति दाबीका लागि उपयुक्त र पर्याप्त समयावधि प्रदान गर्न नेपालको हदम्याद सम्बन्धी कानूनी प्रावधान (मुलुकी देवानी संहिता, २०७४ (दफा २७५) लाई पुनरावलोकन गर्न विचार गर्ने।
४. भ्रष्टाचारका मुद्दाहरूमा अपराधीलाई मृत्यु, फरार, अनुपस्थिति वा अन्य उपयुक्त कारण अभियोजन गर्न नसकिने अवस्थामा अभियोजनबिना समेत उक्त व्यक्तिको सम्पति जफत गर्न अनुमति दिने उपायहरू अबलम्बन गर्न विचार गर्ने।
५. अन्य पक्ष राष्ट्रको अदालतद्वारा जारी गरिएको सम्पत्ति जफत सम्बन्धी आदेशको कार्यान्वयन गर्न महासन्धिलाई आवश्यक र पर्याप्त सन्धिको रूपमा लिने।
६. महासन्धिको धारा ५७ को अनुच्छेद १ र ३ अनुरूप सम्पत्ति फर्काउने तथा नष्ट गर्ने सम्बन्धी व्यवस्था सुनिश्चित गर्ने।

## १.३ संवैधानिक र कानूनी व्यवस्था

भ्रष्टाचार विरुद्धको महासन्धिले समेटेका भ्रष्टाचारको रोकथाम, नियन्त्रण तथा कानूनी कारबाहीका सम्बन्धमा नेपालमा भएका संवैधानिक तथा कानूनी व्यवस्थाहरू देहाय बमोजिम रहेका छन्।

### १.३.१ संवैधानिक व्यवस्था

| | |
|---|---|
| नेपालको संविधान | - राज्यको नीति अन्तर्गत सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी, र सहभागितामुलक बनाउदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने व्यवस्था रहेको (धारा ५१ख)।<br>- न्यायाधीशहरूको अनुशासन सम्बन्धी कारबाही, बरखास्ती गर्ने र न्याय प्रशासनलाई स्वच्छ तथा निष्पक्ष तुल्याउने जिम्मेवारी न्याय परिषद्को हुने व्यवस्था रहेको(धारा १५३)।<br>- कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरूपयोग गरेको सम्बन्धमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले कानून बमोजिम अनुसन्धान गर्न वा गराउन सक्ने संवैधानिक व्यवस्था रहेको (धारा २३९)।<br>- नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारिता र औचित्यता समेतको विचार गरी महालेखा परीक्षकबाट कानून बमोजिम सरकारी तथा सार्वजनिक निकायको लेखापरीक्षण हुने व्यवस्था रहेको(धारा २४१)। |

### १.३.२ कानूनी व्यवस्था

| क्र.सं. | कानून | कानूनी प्रावधान एवं कार्यक्षेत्र |
|---|---|---|
| १. | अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ | - "भ्रष्टाचार" भन्नाले भ्रष्टाचार निवारण सम्बन्धी प्रचलित कानून बमोजिम सजाय हुने कसूर सम्झनु पर्दछ भनी परिभाषा गरिएको (दफा २ (ज)।<br>- सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले अख्तियार दुरूपयोग गरेमा आयोगले यस ऐन वा अन्य प्रचलित कानून बमोजिम अनुसन्धान र तहकिकात गर्ने, मुद्दा चलाउने तथा तत्सम्बन्धी कारबाही गर्ने कानूनी व्यवस्था भएको (दफा ४ (१)।<br>- सरकारी वा सार्वजनिक सम्पत्ति वा नेपाल सरकारको स्वामित्व भएको सार्वजनिक संस्थाको सम्पत्ति हिनामिना गरी भ्रष्टाचार गरेकोमा कुनै हदम्याद लाग्ने छैन भन्ने कानूनी व्यवस्था भएको (दफा १३ को (२) प्रतिबन्धात्मक वाक्यांश। |
| २. | भ्रष्टाचार निवारण ऐन, २०५९ | - " भ्रष्टाचार" भन्नाले परिच्छेद- २ अन्तर्गत सजाय हुने कसूर सम्झनु पर्छ भनी परिभाषित भएको (दफा २ को परिभाषा खण्ड)।<br>- रिसवत लिनेदिने, विना मूल्य वा कम मूल्यमा वस्तु वा सेवा लिने, दान दातव्य उपहार वा चन्दा लिने, कमिशन लिने, राजस्व चुहावट गर्ने, गैर कानूनी लाभ वा हानि पुऱ्याउने वदनियतले कार्य गर्ने, गलत लिखत तयार गर्ने, गलत अनुवाद गर्ने, सरकारी कागजात सच्याउने, सरकारी वा सार्वजनिक संस्थाको कागजात नोक्सान गर्ने, परिक्षा सम्बन्धी कसूर गर्ने, गैर कानूनी व्यापार व्यवसाय गर्ने, नपाएको ओहोदा पाए भन्ने, पदीय हैसियतको दुरूपयोग गर्ने, झुठ्ठा विवरण दिने, सम्पत्ति हिनामिना वा दुरूपयोग गर्ने, सम्पत्ति हिनामिना वा दुरूपयोग गर्ने, निर्णय नगरी हानि नोक्सानी पुऱ्याउने, गैर कानूनी दवाव दिने, गलत प्रतिवेदन दिने, गैर कानूनी सम्पत्ति आर्जन गर्ने, ती कार्यहरू गर्न उद्योग गर्ने र उक्त कार्यहरू गर्न मतियारको रूपमा भूमिका खेल्नुलाई समेत भ्रष्टाचारको कसूर मानी सजाय गर्ने कानूनी व्यवस्था गरिएको (परिच्छेद-२)।<br>- महत्वपूर्ण सार्वजनिक पद धारण गरेका व्यक्तिले कसूर गरेमा थप सजाय हुने कानूनी व्यवस्था भएको (दफा २४)।<br>- भ्रष्टाचारको कसूरमा अनुसन्धानको क्रममा वा अदालतमा अभियोजन दर्ता भए पश्चात् स्वतः पदबाट निलम्बित हुने कानूनी व्यवस्था भएको (दफा ३३)।<br>- सेवावाट अवकाश भएका व्यक्तिको मृत्यु पश्चात् समेत भ्रष्टाचारमा अनुसन्धान गरी मुद्दा दायर गर्ने कानूनी व्यवस्था भएको(दफा ४६)। |

| | | |
|---|---|---|
| ३. | विशेष अदालत ऐन, २०५९ | - खास किसिमका मुद्दाहरूको कारबाही र किनारा छिटो छरितो र प्रभावकारी ढङ्गले गराउन विशेष अदालत गठनको कानूनी व्यवस्था भएको (विशेष अदालत ऐन, २०५९ को प्रस्तावना तथा दफा ३)।<br>- खास किसिमका मुद्दा भन्नाले नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएका खास किसिमका मुद्दा सम्झनु पर्छ भनी परिभाषित भएको (परिभाषा खण्ड- दफा २)।<br>- नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी भ्रष्टाचार लगायतका मुद्दाहरू समेत कारबाही किनारा गर्न विशेष अदालतलाई तोक्न सक्ने कानूनी व्यवस्था भएको। |
| ४. | मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ | - भ्रष्टाचार र सम्पत्ति शुद्धीकरण जस्ता मुद्दा फिर्ता लिन नहुने कानूनी व्यवस्था रहेको (दफा ११६ को उपदफा (२) को खण्ड (क)।<br>- भ्रष्टाचार र सम्पत्ति शुद्धीकरणका कसूरदारलाई सजाय माफी दिने, मुल्तवीमा राख्ने, परिवर्तन गर्ने वा सजाय कम गर्न नहुने कानूनी व्यवस्था भएको (दफा १५९ को उपदफा (४)। |
| ५. | मुलुकी अपराध संहिता, २०७४ | - अधिकारप्राप्त अधिकारीले कानून अनुसार दिएको आदेश नमान्ने कर्मचारीलाई ६ महिना कैद वा ५ हजार जरिवाना वा दुवै सजाय हुने व्यवस्था रहेको (दफा ८७ को उपदफा (१)।<br>- कुनै कसूर भएको वा हुन लागेको छ भन्ने थाहा पाई त्यस्तो कसूरको विषयमा प्रहरी वा अधिकारप्राप्त अधिकारी समक्ष खबर वा सूचना दिने व्यक्तिलाई थुनछेक गर्न वा अन्य कुनै किसिमले बाधा अवरोध पु-याउन हुँदैन भन्ने कानूनी व्यवस्था रहेको (दफा ९४ को उपदफा (१) |
| ६. | निजामती सेवा ऐन, २०४९ | - निजामती कर्मचारीले भ्रष्टाचार गरेमा भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी सेवाबाट हटाउने कानूनी व्यवस्था रहेको (दफा ६१ को उपदफा (२)। |
| ७. | राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ | - राजस्व चुहावटलाई प्रभावकारी रूपमा नियन्त्रण तथा रोकथाम गरी राजस्व सङ्कलन वृद्धि गर्ने र राजस्व चुहावटको कसूरमा अनुसन्धान र तहकिकात गरी उच्च अदालतमा मुद्दा दायर गर्ने कानूनी व्यवस्था रहेको। |
| ८. | सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ | - निर्णय गर्दा आधार र कारण खुलाउनुपर्ने (दफा १७)।<br>- स्वार्थ बाझिएमा निर्णय गर्न नहुने(दफा १८)।<br>- नेपाल सरकारले सरकारी कार्यालयको काम कारबाहीलाई छिटो छरितो र मितव्ययी रूपमा सञ्चालन गर्न वा कार्य सम्पादन गर्न निर्देशिका वा दिग्दर्शन बनाई लागु गर्न सक्ने (दफा ४५) समेतको कानूनी व्यवस्था रहेको। |

| | | |
|---|---|---|
| ९. | सङ्गठित अपराध निवारण ऐन, २०७० | - अपराधिक लाभ (एक्सटर्सन) लिन नहुनेः कसैले नियतपूर्वक कुनै व्यक्तिलाई निजको वा अरु कसैको जीउ ज्यान वा सम्पत्तिमा कुनै क्षति पुऱ्याउने, डर त्रासमा पारी निजबाट बेइमानीपूर्वक आफ्नो वा अरू कसैको लागि नगदी वा जिन्सी वा अन्य कुनै लाभ उठाएमा वा त्यस्तो लाभ उठाउने नियतले कुनै काम गरे गराएमा वा निजलाई कुनै काम गर्नबाट रोकेमा अपराधिक लाभ लिएको मानिने कानूनी व्यवस्था रहेको (दफा ८)।<br>- अपराधिक लाभ (एक्सटर्सन) लिएमा सजायको व्यवस्था भएको (दफा ९)। |
| १०. | पारस्परिक कानूनी सहायता ऐन, २०७० तथा देवानी संहिता, २०७४ | - नेपाल र विदेशी राज्यबीच द्विपक्षीय सन्धिमा भएका पारस्परिक कानूनी सहायता आदानप्रदान गर्न सकिने व्यवस्था रहेको। |
| ११. | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ | - बजेट तर्जुमा, निकासा तथा खर्च ,आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन, आन्तरिक नियन्त्रण तथा लेखा परीक्षण गर्ने कानूनी व्यवस्था समावेश भएको। |
| १२. | न्याय परिषद् ऐन, २०७३ | - न्यायाधीशले भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण समेतका कसूर गरेमा खराव आचरण वा आचार संहिताको गम्भीर उल्ङ्घन गरेको मानिने र जिल्ला अदालत र उच्च अदालतका न्यायधीशको हकमा संविधानको धारा १४२ र धारा १४९ बमोजिम हुने र सर्वोच्च अदालतका न्यायधीशको हकमा धारा १३१ बमोजिम हुने व्यवस्था गरिएको (दफा-११ र दफा १४)। |
| १३. | सपुदर्गी ऐन, २०७० | - भ्रष्टाचारलाई राजनीतिक प्रकृतिको कसूर नमानिने कानूनी व्यवस्था गरिएको (दफा ६)।<br>- फरार अभियुक्त वा कसूरदारलाई सुपुर्दगी गर्दा त्यस्तो अभियुक्त वा कसूरदारलाई नेपालमा पक्राउ गर्दाका बखत नियन्त्रणमा लिएको अवस्थामा कसूरसँग सम्बन्धित सम्पत्ति र सोबाट आर्जित अन्य सम्पत्ति नेपाल सरकारले माग गर्ने राज्यलाई फिर्ता गर्न सक्ने कानूनी व्यवस्था गरिएको (दफा २२)। |

| | | |
|---|---|---|
| १४. | कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० | - कसूरजन्य कार्यबाट प्राप्त गरेको सम्पत्ति र सोबाट बढेबढाएको सम्पत्ती रोक्का, नियन्त्रण तथा जफत गर्ने कानूनी व्यवस्था गरिएको (दफा ४ र दफा ११ समेत)। |
| १५. | सम्पत्ति शुद्धीकरण (मनिलाउन्डरिङ) निवारण ऐन, २०६४ | - दुई वा सो भन्दा बढी सम्वद्ध कसूरमा अनुसन्धान गर्न लेखी पठाउने वा संयुक्त अनुसन्धान टोली गठन गर्न सक्ने कानूनी व्यवस्था रहेको (१४क.)।<br>- सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य गरी नेपाल सरकार वा सार्वजनिक संस्थालाई हानि नोक्सानी पुऱ्याएकोमा त्यस्तो हानि नोक्सानी सम्बन्धित व्यक्तिबाट भरिभराउ गर्न वा आयोगले उपयुक्त ठानेको अन्य उपयुक्त कारबाही गर्नका लागि सम्बन्धित निकाय वा अधिकारीलाई लेखी पठाउने कानूनी व्यवस्था रहेको (अऐन .आ.दु अ., २०४८ को दफा १२क.)।<br>- उल्लिखित कानूनी व्यवस्थाबाट भ्रष्टाचार र सम्पत्ति शुद्धीकरणको कसूरमा एकैसाथ अनुसन्धान भई कारबाही गर्न सकिने अवस्था विद्यमान रहेको। |

### १.३.३. नीतिगत व्यवस्था

नेपालको संविधानको धारा ५१ मा राज्यका नीतिहरू सम्बन्धी व्यवस्था रहेको र राजनीतिक तथा शासन व्यवस्था सम्बन्धी नीति अन्तर्गत" सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने "तथा न्याय र दण्ड व्यवस्था सम्बन्धी नीति अन्तर्गत "राजनीतिक, प्रशासनिक, न्यायिक, सामाजिक लगायत सवै क्षेत्रको भ्रष्टाचार र अनियमितता नियन्त्रणका लागि प्रभावकारी उपाय अवलम्बन गर्ने" नीति रहेको छ।

### १.३.४ संस्थागत व्यवस्था

मुलुकमा भ्रष्टाचार निवारणको लागि संवैधानिक निकायको रूपमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग तथा नेपालको संविधान र प्रचलित कानून बमोजिम विशेस अदालग लगायतका अन्य न्यायिक तथा अर्धन्यायिक निकायहरूको व्यवस्था गरी भ्रष्टाचारको कसूर सम्बन्धी निगरानी, छानबिन, अनुसन्धान, तहकिकात र अभियोजन गरी न्याय निरूपणको कार्य सम्पादन हुँदै आएको अवस्था छ। भ्रष्टाचार निवारणका लागि जिम्मेवार रहेका निकाय तथा तिनीहरूको कार्यक्षेत्र देहायबमोजिम छन्:-

| क्र.सं. | निकायको नाम | कार्यक्षेत्र |
|---|---|---|

| | | |
|---|---|---|
| १. | अख्तियार दुरूपयोग अनुसन्धान आयोग | - भ्रष्टाचार सम्बन्धी कसूरको छानबिन ,अनुसन्धान, तहकिकात र मुद्दा दायर गर्ने। |
| २. | राष्ट्रिय सतर्कता केन्द्र | - भ्रष्टाचार हुन सक्ने स्थान वा काममा नियमित निगरानी राख्ने, छड्के जाँच र अन्वेषण गर्ने,<br>- भ्रष्टाचार नियन्त्रण सम्बन्धमा अपनाउनु पर्ने नीति, रणनीति र तत् सम्बन्धी कानूनमा कुनै सुधार गर्नुपर्ने भएमा नेपाल सरकारलाई आवश्यक सुझाव दिने।<br>- भ्रष्टाचार नियन्त्रणका लागि निगरानी, अनुगमन र भ्रष्टाचार नियन्त्रणका प्रवर्द्धनात्मक कार्य गर्ने। |
| ३. | विशेष अदालत | - भ्रष्टाचार मुद्दाको सुरु कारबाही किनारा गर्ने। |
| ४. | सर्वोच्च अदालत | - भ्रष्टाचार सम्बन्धी मुद्दाको पुनरावेदन सुन्ने र मुद्दाको अन्तिम किनारा गर्ने। |
| ५. | संसदीय समितिहरू | - भ्रष्टाचार सम्बन्धी निगरानी, जाँचवुझ गर्ने। |
| ६. | महालेखा परीक्षकको कार्यालय | - सार्वजनिक निकायले गरेको खर्चको सम्बन्धमा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा लेखा परीक्षण गर्ने। |
| ७. | न्याय परिषद् | - न्यायाधीशबाट भएका भ्रष्टाचार सम्बन्धी कसूरको जाँचवुझ र छानबिन गरी आवश्यकतानुसार मुद्दा दायर गर्ने। |
| ८. | महान्यायाधिवक्ताको कार्यालय र विशेष सरकारी वकिलको कार्यालय | - नेपाल सरकारको तर्फबाट भ्रष्टाचार मुद्दामा वहस, पैरवी र प्रतिरक्षा गर्ने। सम्पत्ति शुद्धीकरण र राजस्व चुहावट, छली एवं हिनामिना, सहकारी र कम्पनीको रकम हिनामिना, क्रिप्टो करेन्सी, हुण्डी समेतका वित्तीय अपराधका मुद्दाहरूको अभियोजन वहस, पैरवी र प्रतिरक्षा समेत गर्ने। |
| ९. | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग | - सम्पत्ति शुद्धीकरण, आतङ्कवाद गतिविधिमा वित्तीय लगानी सम्बन्धी कसूरमा अनुसन्धान, अभियोजन र मुद्दा दायर गर्ने। |
| १०. | राजस्व अनुसन्धान विभाग | - राजस्व चुहावट तथा छली सम्बन्धी कसूरमा अनुसन्धान, छानबिन गरी मुद्दा दायर गर्ने। |
| ११. | नेपाल प्रहरी | - सम्पत्ति शुद्धीकरण, सङ्गठित अपराध, सहकारी र कम्पनीको रकम हिनामिना, क्रिप्टो करेन्सी, हुण्डी समेतका वित्तीय अपराधको कसूरमा अनुसन्धान, तहकिकात गर्ने। |
| १२. | वित्तीय जानकारी एकाई (नेपाल राष्ट्र बैक) | - सम्पत्ति शुद्धीकरण, आतङ्कवादी गतिविधिमा वित्तीय लगानी सम्बन्धी शंकास्पद कारोवार, सो सम्बन्धी सम्वद्ध सूचना प्राप्त गर्ने, विश्लेषण गर्ने तथा विश्लेषणको निष्कर्ष सम्प्रेषण गर्ने समेतका कार्यहरू स्वायत्त र स्वतन्त्र निकायको रूपमा सम्पादन गर्ने। |

| | | | |
|---|---|---|---|
| १३. | कसूरजन्य सम्पत्ति व्यवस्थापन विभाग | - | अपराधको अनुसन्धान तथा तहकिकातको सिलसिलामा रोक्का राखिएकोनियन्त्रणमा लिईएको सम्पत्ति वा साधन सुरक्षित राख्ने ,, व्यवस्थापन गर्ने, अदालतको आदेश वा फैसला बमोजिम जफत भएको सम्पत्ति वा साधन प्राप्त गर्ने र कानून बमोजिम लिलाम बिक्री गर्ने। |

## १.३.५ भ्रष्टाचार निवारण सम्वन्धी समन्वय तथा सम्पर्क विन्दुको स्थापना

भ्रष्टाचारको रोकथाम तथा नियन्त्रणको प्रमुख जिम्मेवारी नेपाल सरकारमा निहित रहेको छ। नेपाल पक्ष भएको भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्र संघीय महासन्धिले सिर्जना गरेको दायित्त्वहरूको परिपालना गर्न र संयुक्त राष्ट्र संघ लगायत अन्तर्राष्ट्रिय संघसंस्थासँग सम्बन्ध कायम गर्ने जिम्मेवारीसमेत नेपाल सरकारमा रहेको छ। यी दुवै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जिम्मेवारी पूरा गर्ने सम्बन्धमा भ्रष्टाचारको रोकथाम तथा नियन्त्रणको जिम्मेवारी अन्तर्गत यस रणनीतिक कार्ययोजनाको कार्यान्वयनको मुलुकभित्र हुने सहजीकरण, समन्वय र अनुगमन गर्न शासकीय सुधार महाशाखालाई सम्पर्क विन्दु तोकिएको छ भने भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्र संघीय महासन्धिको दायित्त्व पूरा गर्न र संयुक्त राष्ट्रसंघ लगायत अन्तर्राष्ट्रिय संघसंस्था, निकायसँगको सम्बन्ध कायम गर्न मानव अधिकार तथा अन्तराष्ट्रिय सन्धिसम्झौता महाशाखालाई सम्पर्क बिन्दु तोकिएको छ। उपरोक्त दायित्त्वहरू पूरा गर्न ती दुवै महाशाखाका जिम्मेवारीहरू देहाय बमोजिम रहेका छनः-

**(क) शासकीय सुधार महाशाखा**

(क) भ्रष्टाचार निवारण सम्वन्धी कानून कार्यान्वयन गर्ने निकाय र सम्बद्ध निजी संस्था बीच सहयोग अभिवृद्धिका लागि आवश्यक समन्वय गर्ने।

(ख) अनुचित कार्यको अनुसन्धान तथा कारबाहीका सम्बन्धमा राष्ट्रिय सतर्कता केन्द्रलाई प्रधामन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट आवश्यक सहजीकरण गर्ने।

(ग) संवैधानिक निकाय बाहेकका नियामक निकायबाट भ्रष्टाचार निवारणका सम्बन्धमा भए गरेका क्रियाकलापहरूको प्रगति विवरण प्राप्त गर्ने, अनुगमन एवं मूल्याङ्कन गर्ने।

(घ) भ्रष्टाचार निवारण सम्बन्धी नेपाल सरकारको तर्फबाट संसदीय समितिहरूमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट पठाउने पर्ने लिखित जवाफ तयार गर्ने।

(ङ) अख्तियार दुरूपयोग अनुसन्धान आयोगसँगको समन्वयमा गर्नुपर्ने क्रियाकलापहरूको सम्पर्क बिन्दूको रूपमा कार्य गर्ने।

(च) मानव अधिकार तथा अन्तर्राष्ट्रिय सन्धि सम्झौता महाशाखासँगको समन्वयमा भ्रष्टाचार विरुद्धको दोस्रो राष्ट्रिय रणनीति तथा कार्ययोजनाको कार्यान्वयनको अवस्थाको अनुगमन गर्ने।

(छ) अख्तियार दुरूपयोग अनुसन्धान आयोग, महालेखापरीक्षकको कार्यालय र लोकसेवा आयोगका वार्षिक प्रतिवेदनमा औंल्याइएका सुझावहरू कार्यान्वयन गर्ने गराउने।

(ज) संवैधानिक निकायका पदाधिकारीहरू, राष्ट्रपतिबाट मनोनित तथा नियुक्त पदाधिकारीहरू, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्बाट नियुक्त पदाधिकारीहरू र राष्ट्रिय योजना आयोगका सदस्यहरूको सम्पत्ति विवरण सङ्कलन तथा अभिलेख व्यवस्थापन गर्ने।

(झ) सङ्घीय संसद्को सुशासन र राज्य व्यवस्था समितिबाट भएका निर्णय तथा निर्देशन कार्यान्वयन गर्ने।

(ञ) भ्रष्टाचारजन्य तथा अनियमितता सम्बन्धमा प्रधामन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्राप्त उजुरी फछ्र्यौट गर्ने।

(ट) सदाचार प्रवर्द्धन तथा भ्रष्टाचार नियन्त्रणसम्बन्धी नेपाल सरकारको वार्षिक, मध्यकालीन र दीर्घकालीन नीति तथा रणनीति तर्जुमा, परिमार्जन र विश्लेषण गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्ने।

(ठ) सदाचार प्रवर्द्धन तथा भ्रष्टाचार निगरानी गर्न आवश्यक नीति तथा रणनीति तर्जुमा, परिमार्जन र विश्लेषण कार्यमा नेतृत्व गर्ने।

**(ख) मानव अधिकार तथा अन्तराष्ट्रिय सन्धि सम्झौता महाशाखा**

(क) भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धिद्वारा सिर्जित दायित्व पूरा गर्न महासन्धिको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक समन्वय र सहजीकरण गर्ने।

(ख) शासकीय सुधार महाशाखासँगको समन्वयमा भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धिको कार्यान्वयन अवस्थाको अनुगमन गर्ने।

(ग) भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय महासन्धिसँग सम्बन्धित कागजपत्र एकीकृत र सुरक्षित राख्ने तथा राख्न लगाउने।

(घ) भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय महासन्धिसँग सम्बन्धित अन्तर्राष्ट्रिय संघसंस्थाहरूसँग परराष्ट्र मन्त्रालयमार्फत सहयोग आदान प्रदान गर्ने।

(ङ) भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय महासन्धिसँग सम्बन्धित संयुक्त राष्ट्रसंघसमक्ष पेस गर्नु पर्ने आवश्यक प्रतिवेदन तयार गरी परराष्ट्र मन्त्रालय मार्फत सम्बन्धित निकायमा पेश गर्ने गराउने।

(च) भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय महासन्धिद्वारा सिर्जित दायित्व कार्यान्वयनमा सघाउ पुर्याउने।

(छ) भ्रष्टाचार विरुद्वको अन्तराष्ट्रिय महासन्धिको कार्यान्वयनको अनुगमन निरीक्षण गर्न आउने प्रतिनिधिहरूसँग भेटघाट गर्ने, वार्ता गर्ने तथा प्राप्त सुझाव कार्यान्वयनको लागि पहल गर्ने।

(ज) भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय महासन्धिसम्बन्धी तोकिए बमोजिमका अन्य आवश्यक कार्य गर्ने।

त्यसै गरी नेपाल सरकारका सबै मन्त्रालय/निकायहरूमा भ्रष्टाचार विरुद्धको गुनासो सुन्ने सम्पर्क व्यक्ति तोकिएको छ। कुनै पनि कार्यालयमा भ्रष्टाचार, ढिलासुस्सति, मोलमोलाहिजा भएमा तुरुन्त खबर गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा हेलो सरकार र मन्त्रालय तथा निकायहरूमा गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिएको छ।

# परिच्छेद- २

# भ्रष्टाचार विरुद्धको राष्ट्रिय रणनीति

## २.१ पृष्ठभूमि

मुलुकमा पारदर्शी, उत्तरदायी, जनमुखी एवम् कानूनसम्मत शासन प्रणालीको स्थापना गरी जनतालाई प्रदान गर्ने सेवा, सुविधा सहज र सरल तरिकाले उपलब्ध गराउनु जनउत्तरदायी सरकारको प्रमुख दायित्व हो। राज्य संयन्त्रबाट हुने ढिलासुस्ती, हैरानी, दुःख कष्ट र सास्ती विद्यमान रहेसम्म सरकारी संयन्त्रको मनोवृत्तिमा परिवर्तन भएको र सुशासन कायम भएको जनताले महसुस गर्दैनन्। सेवाग्राहीले राज्य संयन्त्रबाट असल व्यवहारको अनुभूती गर्न विगतको समय भन्दा आज छिटो, सहज र कम लागतमा सेवा प्राप्त गरेको हुनुपर्छ। जनताको मनमा सरकारको कामकारबाही एवं कार्यशैलीप्रति विश्वास र भरोसा हुने स्थिति निर्माण गर्नु लोकतान्त्रिक राज्यको प्रमुख दायित्व हो। सरकारी कार्यप्रणालीमा जनअपेक्षा अनुरूपको सुधार गर्दै जनतामा प्रवाह हुने सार्वजनिक वस्तु र सेवा उचित समय, लागत र गुणस्तरमा हुने तथा सबै तह र स्वरूपका भ्रष्टाचार, अनियमितता एवं विसँगतीजन्य क्रियाकलापलाई नियन्त्रण गरी जनतामा सुशासन र सार्थक परिवर्तनको अनुभूति दिलाई सदाचार, नैतिकवान एवम् सुसंस्कृत नेपाली समाजको निर्माण गर्न भ्रष्टाचार विरुद्धको रणनीति आवश्यक भएको छ। यसै प्रयोजनका लागि भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धिको कार्यान्वयनसम्बन्धी पहिलो राष्ट्रिय रणनीति तथा कार्ययोजना,२०६९ जारी भई कार्यान्वयनमा आएको थियो।

भ्रष्टाचार विरुद्धको पहिलो रणनीति तथा कार्ययोजनाको कार्यान्वयन गर्ने सन्दर्भमा भ्रष्टाचारको रोकथाम तथा नियन्त्रणका लागि संस्थागत सुधार , भ्रष्टाचार निवारणसँग सम्बन्धित कानून निर्माण र विद्यमान कानूनमा समेत संशोधन गरिएको थियो। यसबाट भ्रष्टाचारजन्य क्रियाकलापहरू नियन्त्रण भै भष्टाचार नियन्त्रण सूचकाङ्क र भ्रष्टाचार न्यूनीकरण अनुभूति सूचकाङ्कमा सुधार आउने अपेक्षा गरिएको थियो। तथापि परिवर्तित समय र सन्दर्भ अनुरूप २०७२ साल असोज ३ गते जारी भएको नेपालको संविधान, सो अनुरूपको संघीय शासन व्यवस्था, शासकीय संरचना र तत् पश्चात् निर्माण भएका नयाँ कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन र थप नयाँ कानून निर्माणबाट भ्रष्टाचारजन्य क्रियाकलाप नियन्त्रणलाई निरन्तरता दिनुपर्ने आवश्यकता छ। विश्वमा तिव्र गतिमा विकसित भैरहेका नविनतम प्रविधिसंगै भ्रष्टाचार रोकथाम तथा नियन्त्रणमा थपिएको चुनौती समेतलाई मध्यनजर गर्दै भ्रष्टाचार नियन्त्रणसँग सम्बन्धित निकायहरूको क्षमता विकास, थप संस्थागत एवं संरचानगत सुधार र नयाँ कानूनी व्यवस्थाको माध्यमबाट भ्रष्टाचारजन्य क्रियाकलाप नियन्त्रण गर्न समय सापेक्ष नयाँ राष्ट्रिय रणनीति तथा कार्ययोजनाको तर्जुमा गरी

कार्यान्वयन गर्न आवश्यक भएको हुँदा भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धिको कार्यान्वयनका लागि नेपाल सरकारले "भ्रष्टाचार विरुद्धको दोस्रो राष्ट्रिय रणनीतिक योजना (२०८२/८३-२०८७/८८)" तर्जुमा गरी लागू गरेको छ। यो रणनीतिक योजना तर्जुमाको क्रममा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सम्बन्धित संवैधानिक तथा सरकारी निकायहरू, निजी क्षेत्र, नागरिक समाज र सुशासनको क्षेत्रमा काम गर्ने गैरसरकारी संस्थाहरूसँग विभिन्न चरणमा समन्वय, अन्तरक्रिया तथा छलफल गरेको थियो। त्यसै गरी सबै प्रदेश सरकारबाट रणनीतिक योजनाको मस्यौदामा सुझाव लिएको थियो।

## २.२ दीर्घकालीन सोच (Vision)

सदाचारितामा आधारित भ्रष्टाचारमुक्त र समृद्ध राष्ट्र निर्माण।

## २.३ रणनीतिको उद्देश्य (Objective)

१. भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धिको कार्यान्वयन गर्नु।
२. भ्रष्टाचार विरुद्धको राष्ट्रिय रणनीति, कार्यनीति तथा कार्ययोजना पहिचान गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्नु।
३. भ्रष्टाचार नियन्त्रणमा संलग्न सरोकारवाला निकायको पहिचान, जिम्मेवारी, क्षमता विकास, समन्वय, सहजीकरण, पर्याप्त स्रोत साधनको उपलव्धता र अनुगमन तथा मूल्याङ्कनको व्यवस्था गर्नु।
४. जुनसुकै स्वरूपमा हुने भ्रष्टाचारजन्य क्रियाकलापको नियन्त्रण गरी नैतिकवान, सदाचारयुक्त, सुसंस्कृत र समृद्ध मुलुक निर्माण गर्नु।

## २.४ रणनीतिक स्तम्भहरू (Strategic Pillars)

**रणनीतिक स्तम्भ १:** कानुनी, नीतिगत तथा संस्थागत सुशासन सुदृढीकरण।

**रणनीतिक स्तम्भ २:** नवीनतम प्रविधिको उपयोग तथा नागरिक सशक्तीकरणको माध्यमबाट नागरिक कर्तव्य बोध, जवाफदेहिता र पारदर्शितालाई प्रोत्साहन गर्दै सदाचारयुक्त समाजको निर्माण।

**रणनीतिक स्तम्भ ३:** सबै क्षेत्रमा हुने भ्रष्टाचारजन्य कार्यलाई अपराधीकरण गर्ने र राज्यलाई हानि नोक्सानी भएको वा अनुचित लाभ लिए दिएकोमा बाहेक दुष्कृतिजन्य कार्य सच्चाउन अवसर प्रदान गर्ने गरी नीतिगत तथा कानूनी व्यवस्थामा सुधार।

**रणनीतिक स्तम्भ ४:** भ्रष्टाचार निवारण सम्बन्धी कानूनको प्रभावकारी कार्यान्वयनका लागि अनुसन्धान, अभियोजन र प्रतिरक्षा गर्न विशिष्टीकृत, सक्षम र दीगो जनशक्ति विकास।

**रणनीतिक स्तम्भ ५:** भ्रष्टाचार निवारणको लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा समन्वय, सहकार्य र पारस्परिकता कायम गर्दै भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय महासन्धि लगायतका कानूनी व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयन।

## २.५ कार्यनीतिहरू

**रणनीतिक स्तम्भ १: कानुनी, नीतिगत तथा संस्थागत सुशासन सुदृढीकरण।**

<u>**कार्यनीतिहरू:**</u>

कार्यनीति १ भ्रष्टाचार नियन्त्रण र सदाचार प्रवर्द्धनका लागि भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसङ्घीय :१.महासन्धि )UNCAC) अनुरूप विद्यमान कानुनी तथा नीतिगत व्यवस्थाको समग्र समीक्षा गर्दै आवश्यक नयाँ कानून तर्जुमा तथा प्रचलित कानून संशोधन गर्ने।

कार्यनीति १सदाचार प्रवर्द्धन :२., पारदर्शिता र जवाफदेहिता सहितको नैतिक सङ्गठनका लागि व्यावसायिक आचार संहिता लागू गर्दै सार्वजनिक सेवाको समुचित व्यवस्थापन र सार्वजनिक सेवाको प्रभावकारिता अभिवृद्धि गर्ने।

कार्यनीति १भ्रष्टाचार निवारणका लागि तीनवटै तह अन्तरगतका निकायहरूको संस्थागत सुदृढीकरण गर्ने। :३.

कार्यनीति १भ्रष्टाचार निवारण सम्बद्ध कानूनहरूमा संशोधन एवम् परिमार्जन गरी सोको प्रभावकारी कार्यान्वयन गर्ने। :४.

कार्यनीति १न्यायिक क्षेत् :५.रमा हुने भ्रष्टाचारजन्य कार्य र न्यायमा मनसायपूर्वक अवरोध पुऱ्याउने कार्यलाई निरुत्साहित गर्दै न्यायपालिकाको निष्ठा अभिवृद्धि गर्ने।

कार्यनीति १राजनीतिक वित्त व्यवस्थापन तथा राजनीतिक दलका क्रियाकलापमा पारदर्शिता कायम गर्ने :६.।

कार्यनीति १.७: कसुरजन्य सम्पत्ति व्यवस्थापन प्रभावकारी बनाउने।

कार्यनीति १.८: संवैधानिक निकाय लागयतका संवैधानिक नियुक्ति तथा अन्य राजनीतिक नियुक्तिलाई पारदर्शी, योग्यतामा आधारित, उत्तरदायी र व्यवस्थित गर्ने।

कार्यनीति १.९: भ्रष्टाचारजन्य कसुरसँग सम्बन्धित सूचनादाता, सुराकी, साक्षी, विशेषज्ञ र पीडितको सुरक्षाको सुनिश्चितता गर्ने।

कार्यनीति १.१०: भ्रष्टाचारको संभाव्य क्षेत्रको पहिचान गरी उक्त क्षेत्रको क्रियाकलापमा निगरानी तथा अनुगमन एवम् मूल्याङ्कनको व्यवस्था गर्ने।

**रणनीतिक स्तम्भ २: नवीनतम प्रविधिको उपयोग तथा नागरिक सशक्तिकरणको माध्यमबाट नागरिक कर्तव्य वोध, जवाफदेहिता र पारदर्शितालाई प्रोत्साहन गर्दै सदाचारयुक्त समाजको निर्माण।**

<u>कार्यनीतिहरू</u>

कार्यनीति २.१: भ्रष्टाचारको कसूरको अनुसन्धानमा प्रमाण सङ्कलन गर्न, कसूर स्थापित गर्न र प्रमाणलाई कानूनतः ग्रहणयोग्य बनाउन नवीनतम प्रविधिको उपयोग गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्ने।

कार्यनीतिः २.२: सार्वजनिक सेवालाई छरितो, पारदर्शी, जवाफदेही र पहुँचयोग्य बनाउन डिजिटल प्रविधिको प्रभावकारी उपयोग गर्ने।

कार्यनीतिः २.३: भ्रष्टाचार सम्बन्धी कसुरको अनुसन्धान तथा तहकिकातमा नविनतम प्रविधिको उपयोग गर्ने।

कार्यनीतिः २.४: नवीनतम प्रविधिको उपयोगका लागि संस्थागत सुदृढीकरण गर्ने।

कार्यनीति २.५: राष्ट्रिय अन्तर्राष्ट्रिय सहकार्यको माध्यमबाट क्रिप्टो करेन्सी लगायतका भर्चुअल करेन्सी सम्बन्धी कसूर नियन्त्रण गर्ने।

कार्यनीतिः २.६: भ्रष्टाचार नियन्त्रणका लागि सबै क्षेत्रको संलग्नतामा प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गर्ने।

**रणनीतिक स्तम्भ ३: सबै क्षेत्रमा हुने भ्रष्टाचारजन्य कार्यलाई अपराधीकरण गर्ने र राज्यलाई हानि नोक्सानी भएको वा अनुचित लाभ लिए दिएकोमा बाहेक दुष्कृतिजन्य कार्य सच्चाउन अवसर प्रदान गर्ने गरी नीतिगत तथा कानूनी व्यवस्थामा सुधार।**

<u>कार्यनीतिहरू</u>

कार्यनीति ३.१: सहकारी क्षेत्र र पब्लिक वा प्राइभेट कम्पनी वा अन्य कुनै निजी सङ्घ, संस्थामा हुने भ्रष्टाचार निवारण गर्न आवश्यक व्यवस्था गर्ने।

कार्यनीति ३.२: निजी क्षेत्रका हरेक क्रियाकलापमा सुशासन प्रत्याभूत गर्ने।

कार्यनीति ३.३: भ्रष्टाचार सम्बन्धी उजुरीमा अनुसन्धान गर्दा दुष्कृतिजन्य कार्यलाई सुधार गर्न मौका दिने नीति अवलम्बन गर्ने।

**रणनीतिक स्तम्भ ४ः भ्रष्टाचार निवारण सम्बन्धी कानूनको प्रभावकारी कार्यान्वयनका लागि अनुसन्धान, अभियोजन र प्रतिरक्षा गर्न विशिष्टीकृत, सक्षम र दीगो जनशक्ति विकास।**

<u>कार्यनीतिहरू</u>

कार्यनीति ४.१ः भ्रष्टाचारजन्य कसूरको अनुसन्धान, अभियोजन र न्यायिक निरूपणमा संलग्न निकायको संस्थागत सुदृढीकरण गर्ने।

कार्यनीति ४.२ः भ्रष्टाचारसम्बन्धी कसुरको अनुसन्धान, अभियोजन र प्रतिरक्षा प्रणाली सुदृढ गर्ने।

**रणनीतिक स्तम्भ ५ः भ्रष्टाचार निवारणको लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा समन्वय, सहकार्य र पारस्परिकता कायम गर्दै भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय महासन्धि लगायतका कानूनी व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयन।**

<u>कार्यनीतिहरू</u>

कार्यनीति ५.१ः भ्रष्टाचारसँग सम्बन्धित देवानी, फौजदारी र प्रशासकीय विषयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा समन्वय, सहयोग र सहकार्य प्रवर्द्धन गर्न आवश्यक व्यवस्था मिलाउने।

कार्यनीति ५.२ः भ्रष्टाचारजन्य कसूरहरूसँग सम्बन्धित अनुसन्धान, अभियोजन र न्यायिक कारबाहीमा आपसी पारस्परिक कानूनी सहायता आदानप्रदान गर्न द्विपक्षीय सम्झौता लगायतका आवश्यक व्यवस्था गर्ने।

कार्यनीति ५.३ः कसुरजन्य सम्पत्ति व्यवस्थापन तथा फैसला कार्यान्वयनलाई प्रभावकारी बनाउने।

कार्यनीति ५.४ः भ्रष्टाचार निवारणका सम्बन्धमा निगरानी बढाई र अन्तरनिकाय समन्वय तथा सहकार्य प्रभावकारी बनाउने।

माथि उल्लिखित रणनीतिक स्तम्भ र कार्यनीति अन्तर्गतका क्रियाकलापहरूको विस्तृत चर्चा परिच्छेद-४ मा गरिएको छ।

# परिच्छेद-३

# भ्रष्टाचार विरुद्धको राष्ट्रिय रणनीतिक योजनाको कार्यान्वयन

## ३.१ कार्यान्वयन ढाँचा

प्रस्तुत रणनीतिको कार्यनीति तथा कार्ययोजनामामा उल्लिखित क्रियाकलापहरू सङ्घ, प्रदेश तथा स्थानीय तहका सरकारी निकाय, नागरिक समाज, निजी क्षेत्रको सहकार्य, समन्वय, सहयोग र सहभागितामा सम्पन्न हुने गरी व्यवस्था गरिएको छ। यो रणनीतिक योजना कार्यान्वयनको प्रमुख जिम्मेवारी नेपाल सरकारका मन्त्रालय र सो अन्तर्गतका विभाग, संवैधानिक निकाय, प्रदेश मन्त्रालय, स्थानीय तह, सर्वोच्च अदालत, न्याय परिषद्, महान्यायाधिवक्ताको कार्यालय र नेपाल चार्टड एकाउन्टेण्ट संस्था, नीजि क्षेत्रका छाता संस्थाहरू लगायत कार्ययोजनामा उल्लिखित जिम्मेवार निकाय र सहयोगी निकायको हुनेछ। कार्ययोजना कार्यान्वयनका लागि आवश्यक स्रोत साधन तत् तत् निकायको वार्षिक बजेट तथा कार्यक्रममा समावेश गर्नु पर्नेछ। कार्ययोजनामा उल्लिखित क्रियाकलाप कार्यान्वयन गर्न वजेट अभाव भएमा अर्थ/ आर्थिक मामिला मन्त्रालयमा थप बजेट माग गर्नु पर्नेछ र ती मन्त्रालयले पनि प्राथमिकतादिई थप वजेट निकासा दिनु पर्नेछ। तिनै तहका सम्बन्धित जिम्मेवार निकायबाट विषयवस्तुको आवश्यकता र प्राथमिकताको आधारमा स्रोत साधनको कुशल विनियोजन एवं परिचालन गर्ने व्यवस्था गर्नुपर्नेछ। तीनवटै तहले नीति, योजना, बजेट तथा कार्यक्रम तर्जुमा गर्दा प्रस्तुत रणनीतिक योजनालाई मार्गदर्शकको रूपमा लिनुपर्नेछ।

## ३.२ कार्ययोजनामा समावेश गरिएका विषय

भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धि कार्यान्वयन सम्बन्धी रणनीति तथा कार्ययोजना, २०६९ को सम्बन्धमा प्रदेशगत रूपमा गरिएको समीक्षा कार्यक्रमबाट प्राप्त सुझाव, भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धि कार्यान्वयन अवस्थाको वारेमा गरिएको समकक्षी पुनरावलोककन (peer review) बाट प्राप्त सुझाव, भ्रष्टाचार निवारणको लागि अनुसन्धान, अभियोजन तथा न्याय सम्पादन कार्यमा संलग्न निकायको सुझाव तथा संवैधानिक एवं कानूनी व्यवस्था समेतका आधारमा भ्रष्टाचार रोकथाम तथा नियन्त्रणका लागि उपयुक्त कार्यको अवलम्वन् गर्न, भ्रष्टाचार सम्बन्धी कार्यलाई दण्डित गर्न तथा भ्रष्टाचार निवारणका लागि विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समन्वय र सहकार्यात्मक व्यवस्थाको माध्यमबाट भ्रष्टाचार नियन्त्रण गरी सदाचारयुक्त समृद्ध राष्ट्र निर्माणका लागि यस रणनीतिक योजनामा निरोधात्मक, प्रवर्द्धनात्मक, दण्डात्मक तथा समन्वय एवं सहकार्यका विषयलाई समावेश गरिएको छ।

## ३.३ कार्ययोजनामा समावेश क्रियाकलापहरू

भ्रष्टाचार निवारणका लागि भ्रष्टाचार विरुद्ध लड्न, भ्रष्टाचार रोकथाम गर्न, नियन्त्रण गर्न तथा सबै क्षेत्रको समन्वय र सहकार्यमा समाजबाट भ्रष्टाचारलाई निर्मूल पार्दै सदाचारयुक्त समाजको सिर्जना गर्न यस कार्ययोजनामा देहायका क्रियाकलापहरू समावेश गरिएकोछः -

(क) नीति, ऐन, नियमावली, कार्यविधि निर्देशिका ,मापदण्ड तर्जुमा, संशोधन र कार्यान्वयनका क्रियाकलापहरू।

(ख) संस्थागत वा संरचनात्मक सुधार र दक्ष जनशक्ति निर्माणका क्रियाकलापहरू।

(ग) भ्रष्टाचार निवारण सम्बन्धमा नवीनतम प्रविधिको उपयोग, जनचेतना विस्तारका क्रियाकलापहरू।

(घ) भ्रष्टाचारजन्य क्रियाकलापलाई अपराधीकरण गर्ने उपचारात्मक तथा दण्डात्मक क्रियाकलापहरू।

(ङ) भ्रष्टाचार निवारणका सम्बन्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समन्वय एवं सहकार्यका क्रियाकलापहरू।

(च) सदाचार प्रवर्द्धनका लागि निजी क्षेत्रको भूमिकासम्बन्धी क्रियाकलापहरू।

(छ) भ्रष्टाचार निवारणका सम्बन्धमा पैरवी र जनसहभागिता वा ,नागरिक शिक्षा ,सचेतना कार्यक्रम ,सहकार्यका क्रियाकलापहरू।

## ३.४. जिम्मेवार निकायको भूमिका

यस रणनीतिक योजनाले लिएका उद्देश्य हासिल गर्न जिम्मेवार निकायको भूमिका देहाय बमोजिम रहेको छः

(क) सदाचार प्रवर्द्धन तथा भ्रष्टाचार निवारण सम्बन्धी क्रियाकलाप कार्यान्वयन गर्न मुख्य जिम्वेवारी लिने,

(ख) नीति, कानून, आचारसंहिता, मापदण्ड तर्जुमा र परिमार्जन गर्नुपर्ने भएमा मुख्य दायित्व लिने,

(ग) आवश्यक स्रोत, साधन, जनशक्ति उपलब्ध गराउने,

(घ) दुई वा दुई भन्दा बढी निकायको संलग्नता रहने भएमा ती निकाय बीच समन्वय गर्ने,

(ङ) कार्य योजना कार्यान्वयनको प्रतिवेदनका लागि सम्पर्क व्यक्ति तोक्ने,

(च) कार्यान्वयनका क्रममा बाधा अड्काउ देखिएमा बाधा अडकाउ फुकाउने।

## ३.५ सहयोगी निकायको भूमिका

राष्ट्रिय रणनीतिमा उल्लिखित कार्ययोजना कार्यान्वयनका लागि मुख्य जिम्मेवार निकायले समन्वय वा सहयोगको अपेक्षा गरेको अवस्थामा सहयोगी निकायले त्यस्तो जिम्मेवार निकायलाई तोकिएको क्रियाकलाप कार्यान्वयन गर्न सघाउ पुऱ्याउने गरी देहाय बमोजिमको भूमिका निर्वाह गर्नेछः-

(क) भ्रष्टाचार निवारणसँग सम्बन्धित क्रियाकलाप कार्यान्वयन गर्न जिम्मेवार निकायलाई सघाउने, समन्वय र साझेदारी गर्ने,

(ख) जिम्मेवार निकायको माग बमोजिम आवश्यक स्रोत, साधन र विशेषज्ञता उपलब्ध गराउने,

(ग) जिम्मेवार निकाय समक्ष राष्ट्रिय रणनीतिक योजनामा समावेश भएको कुनै क्रियाकलाप कार्यान्वयनका लागि आवश्यकता अनुसार प्रस्ताव माग गर्ने वा अनुरोध गर्ने,

(घ) कार्ययोजना कार्यान्वयनका लागि जिम्मेवार निकायको अपेक्षा अनुरूपका अन्य आवश्यक कार्य गर्ने।

## ३ ६.रणनीतिक योजना कार्यान्वयन संयन्त्र

### १. निर्देशक समितिः

भ्रष्टाचार विरुद्धको राष्ट्रिय रणनीतिमा उल्लिखित कार्ययोजना कार्यान्वयनमा जिम्मेवार निकायहरू, अधिकारप्राप्त अधिकारीहरू तथा अन्य सरोकारवाला निकायहरूबिचको सहकार्य एवं समन्वय गर्ने मुख्य जिम्मेवारी नेपाल सरकारको भएको हुँदा यो रणनीतिक योजना कार्यान्वयनको समग्र नेतृत्व र मार्गदर्शन गर्न देहाय बमोजिमको निर्देशक समितिको व्यवस्था गरिएको छः-

| | | |
|---|---|---|
| (क) | नेपाल सरकारका मुख्य सचिव | -संयोजक |
| (ख) | नेपाल राष्ट्र बैंकको गभर्नर | -सदस्य |
| (ग) | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवहरू (शासकिय मामिला क्षेत्र, कानून तथा मानव अधिकार क्षेत्र) | -सदस्य |
| (घ) | नेपाल सरकारका सचिवहरू (गृह, कानून, न्याय तथा संसदीय व्यवस्था, अर्थ, सञ्चार तथा सूचना प्रविधि, भौतिक पूर्वाधार तथा यातायात, उद्योग, वाणिज्य तथा आपूर्ति, श्रम, रोजगार तथा सामाजिक सुरक्षा, शिक्षा, परराष्ट्र, रक्षा, भुमि व्यवस्था, सहकारी तथा गरिबी निवारण, सङ्घीय मामिला तथा सामान्य प्रशासन) | -सदस्य |
| (ङ) | अख्तियार दुरूपयोग अनुसन्धान आयोगको सचिव | -सदस्य |

| | | |
|---|---|---|
| (च) | राष्ट्रिय सतर्कता केन्द्रका प्रमुख | -सदस्य |
| (छ) | महान्यायाधिवक्ताको कार्यालयले तोकेको नायव महान्यायाधिवक्ता | -सदस्य |
| (ज) | नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष | -सदस्य |
| (झ) | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले मनोनित गरेका भ्रष्टाचार निवारणका क्षेत्रमा संलग्न कम्तीमा एक जना महिला सहित नागरिकसमाजका तीन जना प्रतिनिधि | -सदस्य |
| (ञ) | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका शासकीय सुधार महाशाखा हेर्ने सहसचिव | - सदस्य सचिव |

निर्देशक समितिको वैठक प्रत्येक ४ महिनामा कम्तिमा एकपटक वा आवश्यकता अनुसार वस्नेछ। उक्त वैठकमा संयोजकले कुनै पदाधिकारी, कर्मचारी वा विज्ञलाई आमन्त्रण गर्न सक्नेछ। निर्देशक समितिको प्रकरण "झ" वमोजिम मनोनित हुने सदस्यको पदावधि मनोनयन भएको मितिले ३ वर्ष हुनेछ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको शासकीय सुधार महाशाखाले निर्देशक समितिको सचिवालयको कार्य गर्नेछ।

**निर्देशक समितिको कार्यक्षेत्र**

(क) भ्रष्टाचार विरुद्धको रणनीतक योजना कार्यान्वयनमा जिम्मेवार तिनै तहका सरकारी निकाय, संवैधानिक निकाय तथा न्यायसंपादनमा संलग्न निकाय लगायत सरोकारवालासंग आवश्यक समन्वय, सहकार्य गर्ने।

(ख) रणनीति कार्यान्वयनका लागि आवश्यक कानूनहरूको तर्जुमा तथा संशोधनका लागि सम्वन्धित मन्त्रालय तथा निकाय समक्ष सिफारिश गर्ने।

(ग) रणनीति कार्यान्वयनमा जिम्मेवार तथा सहयोगी निकायको संस्थागत क्षमता विकासका कार्यमा सहयोग र सहजीकरण गर्ने।

(घ) रणनीति कार्यान्वयन लागि कार्यक्रम तर्जुमा तथा वजेट विनियोजनका लागि सम्वन्धित निकायलाई आवश्यक मार्गदर्शन र सहजीकरण गर्ने

(ङ) भ्रष्टाचार नियन्त्रणका असल अभ्यासहरू पहिचान गरी लागू गर्ने, गराउने।

(च) रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि सरोकारवालाहरूवीच राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा सहयोग आदान प्रदान गर्ने।

(छ) रणनीति कार्यान्वयको आकस्मिक वा आवधिक अनुगमन गर्ने। रणनीति कार्यान्वयनका सम्बन्धमा समिक्षा गरी वार्षिक प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्ने।

(ज) भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धिको पूर्ण कार्यान्वयनका लागि थप अध्ययन, अनुसन्धान गर्ने गराउने।

(झ) सुशासन र सदाचारिता प्रवर्द्धनमा उल्लेख्य कार्य गर्ने व्यक्ति तथा संस्थाहरूलाई प्रोत्साहन र पुरस्कृत गर्ने।

(ञ) रणनीतिक योजना कार्यान्वयनका लागि कार्यसंपादन समिति, प्रदेश कार्यान्वयन समिति र स्थानीय तह कार्यान्वयन समितिलाई आवश्यक निर्देशन तथा सहयोग गर्ने।

## २. कार्य सम्पादन समिति

भ्रष्टाचार निवारणको लागि संस्थागत, कानूनी र नीतिगत सुधार गर्दै भ्रष्टाचार विरुद्धको राष्ट्रिय रणनीति कार्यान्वयनमा आवश्यक सहयोग र समन्वय गर्न देहाय बमोजिमको कार्य सम्पादन समितिको व्यवस्था गरिएको छः-

| | | |
|---|---|---|
| (क) | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका सचिव (शासकीय मामिला क्षेत्र) | -संयोजक |
| (ख) | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका मानव अधिकार तथा अन्तर्राष्ट्रिय सन्धि सम्झौता महाशाखा हेर्ने सहसचिव | -सदस्य |
| (ग) | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको शासकीय सुधार क्षेत्र हेर्ने सहसचिव | -सदस्य |
| (घ) | अर्थ मन्त्रालयका सहसचिव | -सदस्य |
| (ङ) | गृह मन्त्रालयका सहसचिव | -सदस्य |
| (च) | रक्षा मन्त्रालयका सहसचिव | -सदस्य |
| (छ) | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सहसचिव | -सदस्य |
| (ज) | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सहसचिव | -सदस्य |
| (झ) | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव | -सदस्य |
| (ञ) | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सहसचिव | -सदस्य |
| (ट) | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सहसचिव | -सदस्य |

| | | |
|---|---|---|
| (ठ) | सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिव | -सदस्य |
| (ड) | परराष्ट्र मन्त्रालयका सहसचिव | -सदस्य |
| (ढ) | भुमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सहसचिव | -सदस्य |
| (ण) | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सहसचिव | -सदस्य |
| (त) | अख्तियार दुरूपयोग अनुसन्धान आयोगको सहसचिव | -सदस्य |
| (थ) | महान्यायाधिवक्ता कार्यालयका सहन्यायाधिवक्ता | -सदस्य |
| (द) | राष्ट्रिय सतर्कता केन्द्रको सहसचिव | -सदस्य |
| (ध) | सार्वजनिक खरिद अनुगमन कार्यालयको सहसचिव | -सदस्य |
| (न) | नेपाल राष्ट्र बैंक, वित्तिय जानकारी इकाइका प्रमुख | -सदस्य |
| (ऩ) | नेपाल नगरपालिका सङ्घ र गाउँपालिका राष्ट्रिय महासङ्घका प्रतिनिधि एक/एक जना | -सदस्य |
| (प) | उद्योग वाणिज्य महासङ्घका उपाध्यक्ष | -सदस्य |
| (फ) | प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको सुशासन शाखा हेर्ने उपसचिव | -सदस्य सचिव |

कार्य संपादन समितिको वैठक प्रत्येक ३ महिनामा कम्तिमा एकपटक वा आवश्यकता अनुसार वस्नेछ। उक्त वैठकमा संयोजकले कुनै पदाधिकारी, कर्मचारी वा सम्वन्धित क्षेत्रका विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

## कार्यसम्पादन समितिको कार्यक्षेत्र

(क) रणनीतिक योजना कार्यान्वयन गर्न तर्जुमा वा संशोधन गर्नुपर्ने कानून, नीति तथा कार्यविधिको पहिचान गरी निर्देशक समिति समक्ष सिफारिस गर्ने,

(ख) रणनीतिक योजना कार्यान्वयनको लागि संघीय निकाय, प्रदेश तथा स्थानीय तहसँग सहकार्य तथा समन्वय गर्ने,

(ग) रणनीतिक योजना कार्यान्वयनका सम्बन्धमा सरोकारवालाहरूलाई अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गर्ने गराउने,

(घ) भ्रष्टाचार नियन्त्रणका असल अभ्यासहरू पहिचान गरी निर्देशक समित समक्ष पेश गर्ने,

(ङ) रणनीति कार्यान्वयनका लागि आवश्यक पर्ने श्रोत, साधन, वजेट, जनशक्ति आदिका सम्वन्धमा निर्देशक समिति समक्ष सिफारिस गर्ने।

(च) रणनीति कार्यान्वयनको चौमासिक समीक्षा गरी निर्देशक समिति समक्ष पेश गर्ने,

(छ) भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धिको पूर्ण कार्यान्वयनका लागि आवश्यक अध्ययन, अनुसन्धान गरी निर्देशक समिति समक्ष पेश गर्ने।

(ज) निर्देशक समितिले तोकेका अन्य कार्यहरू गर्ने।

## १. प्रदेश कार्यान्वयन समिति

भ्रष्टाचार विरुद्धको राष्ट्रिय रणनीतिक योजना अन्तर्गतको कार्यनीति र कार्ययोजनाको प्रदेश स्तरमा प्रभावकारी रूपमा कार्यान्वयन गरी भ्रष्टाचार नियन्त्रण गर्न प्रत्येक प्रदेशमा देहाय बमोजिमको प्रदेश कार्यान्वयन समितिको व्यवस्था गरिएको छः -

| | |
|---|---|
| (क) प्रदेश सरकारका प्रमुख सचिव | -संयोजक |
| (ख) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रदेश सचिव (कानून) | -सदस्य |
| (ग) प्रदेश सचिव (आन्तरिक मामिला हेर्ने मन्त्रालय) | -सदस्य |
| (घ) अख्तियार दुरूपयोग अनुसन्धान आयोगका सम्बन्धित प्रादेशिक कार्यालयको प्रमुख | -सदस्य |
| (ङ) मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले मनोनित गरेको प्रदेशस्तरमा क्रियाशिल नागरिक समाज र पत्रकार महासंघका १/१ जना प्रतिनिधि | -सदस्य |
| (च) सम्बन्धित प्रदेशको उद्योग वाणिज्य संघको प्रमुख वा प्रतिनिधि | -सदस्य |
| (छ) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रदेश सचिव (प्रशासन | -सदस्य सचिव |

प्रदेश कार्यान्वयन समितिको वैठक प्रत्येक ४ महिनामा कम्तिमा एकपटक वा आवश्यकता अनुसार वस्नेछ। उक्त वैठकमा संयोजकले कुनै पदाधिकारी वा कर्मचारिलाई आमन्त्रण गर्न सक्नेछ। समितिको प्रकरण “ङ” वमोजिम मनोनित हुने सदस्यको पदावधि मनोनयन भएको मितिले ३ वर्ष हुनेछ।

**प्रदेश कार्यान्वयन समितिको कार्यक्षेत्र**

(क) प्रदेशका जिम्मेवारीमा रहेका रणनीतिक योजनामा समावेश भएका क्रियाकलाप कार्यान्वयन गर्न सरोकारवालाहरूसंग आवश्यक समन्वय र सहकार्य गर्ने।

(ख) रणनीतिक योजना कार्यान्वयन गर्न आवश्यक पर्ने प्रदेश कानून तर्जुमा तथा संशोधनका लागि सम्वन्धित निकायमा सिफारिस गर्ने।

(ग) रणनीतिक योजना कार्यान्वयन गर्न प्रदेशका मौजुदा नीति, कार्यनीति तथा कार्ययोजनाहरूमा आवश्यक संशोधन वा परिमार्जन गर्न आवश्यक निर्देशन तथा सहजीकरण गर्ने।

(घ) रणनीति कार्यान्वयनमा प्रदेशका जिम्मेवार तथा सहयोगी निकायको संस्थागत क्षमता विकासका कार्यमा सहयोग र सहजीकरण गर्ने।

(ङ) रणनीति कार्यान्वयन लागि कार्यक्रम तर्जुमा तथा वजेट विनियोजनका लागि सम्वन्धित निकायलाई आवश्यक मार्गदर्शन र सहजीकरण गर्ने

(च) भ्रष्टाचार नियन्त्रणका असल अभ्यासहरू पहिचान गरी लागू गर्ने, गराउने।

(छ) रणनीतिक योजना कार्यान्वयको नियमित अनुगमन गर्ने। प्रदेशतहमा रणनीति कार्यान्वयनसंग सम्वन्धित चौमासिक र वार्षिक समीक्षा गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समक्ष प्रतिवेदन पेश गर्ने।

(ज) सदाचार प्रवर्द्धनका लागि सामुदायिक संस्थाहरू, शैक्षिक तथा प्राज्ञिक संस्थाहरू, निजी क्षेत्रका प्रतिष्ठानहरू, जनप्रतिनिधिहरू, सञ्चार माध्यम, नागरिक समाज, गैर सरकारी संस्थाहरू लगायत सबै निकायहरूको समन्वयमा कार्यक्रम सञ्चालन, क्षमता विकास र असल अभ्यास प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्ने।

(झ) प्रदेश अन्तर्गत सुशासन र सदाचारिता प्रवर्द्धनमा उल्लेख्य कार्य गर्ने व्यक्ति तथा संस्थाहरूलाई प्रोत्साहन र पुरस्कृत गर्ने।

(ञ) निर्देशक समितिले तोकेका अन्य कार्य गर्ने।

## २. स्थानीय तह कार्यान्वयन समितिः

भ्रष्टाचार विरुद्धको राष्ट्रिय रणनीति अन्तर्गतको कार्यनीति र कार्ययोजनाको स्थानीय तहमा प्रभावकारी रूपमा कार्यान्वयन गरी भ्रष्टाचार नियन्त्रण गर्न प्रत्येक स्थानीय तहमा देहाय बमोजिमको स्थानीय तह कार्यान्वयन समितिको व्यवस्था गरिएकोछः-

| | | |
|---|---|---|
| (क) | नगरपालिकाको प्रमुख वा गाउँपालिकाको अध्यक्ष | -संयोजक |
| (ख) | नगरपालिकाको उप प्रमुख वा गाउँपालिकाको उपाध्यक्ष | -सदस्य |
| (ग) | सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| (घ) | नगर/गाउँकार्यपालिकाले तोकेको एक जना महिला सहित दुई जना कार्यपालिका सदस्य | -सदस्य |
| (ङ) | सम्बन्धित स्थानीय तहको प्रमुखले मनोनित गरेको स्थानीय तहमा क्रियाशिल नागरिक समाज र पत्रकार महासंघका १/१ जना प्रतिनिधि | -सदस्य |
| (च) | जिल्ला उद्योग, वाणिज्य महासंघले तोकेको एक जना स्थानीय प्रतिनिधि | -सदस्य |
| (छ) | सम्बन्धित स्थानीय तहको प्रशासन महाशाखा/शाखा प्रमुख | -सदस्य सचिव |

स्थानीय कार्यान्वयन समितिको वैठक प्रत्येक ४ महिनामा कम्तिमा एकपटक वा आवश्यकता अनुसार वस्नेछ। उक्त वैठकमा संयोजकले कुनै पदाधिकारी वा कर्मचारिलाई आमन्त्रण गर्न सक्नेछ। समितिको प्रकरण “ङ” वमोजिम मनोनित हुने सदस्यको पदावधि मनोनयन भएको मितिले ३ वर्ष हुनेछ।

**स्थानीय तह कार्यान्वयन समितिको कार्यक्षेत्र**

(क) स्थानीय तहको जिम्मेवारीमा रहेका रणनीतिक योजनामा समावेश भएका क्रियाकलाप कार्यान्वयन गर्न सरोकारवालाहरूसंग आवश्यक समन्वय र सहकार्य गर्ने।

(ख) रणनीतिक योजना कार्यान्वयन गर्न आवश्यक पर्ने स्थानीय कानून तर्जुमा तथा संशोधनका लागि सिफारिस गर्ने।

(ग) रणनीतिक योजना कार्यान्वयनका लागि स्थानीय तहका मौजुदा नीति, कार्यनीति तथा कार्ययोजनाहरूमा आवश्यक संशोधन वा परिमार्जन गर्न सिफारिस गर्ने।

(घ) रणनीति कार्यान्वयनमा स्थानीय तहका कर्मचारी तथा सरोकारवालाहरूको क्षमता विकास कार्यक्रम संचालन गर्ने।

(ङ) रणनीति कार्यान्वयन गर्न आवश्यक पर्ने कार्यक्रम तर्जुमा तथा वजेट विनियोजन गर्ने।

(च)भ्रष्टाचार नियन्त्रणका असल अभ्यासहरू पहिचान गरी लागू गर्ने, गराउने।

(छ) स्थानीय तहमा रणनीति कार्यान्वयनका सम्वन्धमा नियमित अनुगमन गर्ने। साथै कार्यान्वयनको चौमासिक र वार्षिक समिक्षा गरी सोको प्रतिवेदन सम्बन्धित मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समक्ष पेश गर्ने।

(ज)सदाचारयुक्त समाज निर्माणका लागि आधारभूत तहको शिक्षा अन्तर्गत स्थानीय पाठ्यक्रम तर्जुमा, सदाचार प्रवर्द्धनका लागि स्थानीय क्लब, सामुदायिक संस्थाहरू, निजी क्षेत्रका प्रतिष्ठानहरू, जनप्रतिनिधिहरू, सञ्चार माध्यम, नागरिक समाज, गैर सरकारी संस्थाहरू लगायत सबै निकायहरूको समन्वयमा कार्यक्रम सञ्चालन, क्षमता विकास र असल अभ्यास प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्ने।

(झ)स्थानीयतहभित्र सुशासन र सदाचारिता प्रवर्द्धनमा उल्लेख्य कार्य गर्ने व्यक्ति तथा संस्थाहरूलाई प्रोत्साहन र पुरस्कृत गर्ने।

(ञ)निर्देशक समितिले तोकेका अन्य कार्य गर्ने।

## ३.७ अनुगमन गर्ने निकायको भूमिका

अनुगमनको कार्य भ्रष्टाचार विरुद्धको रणनीतिक कार्ययोजना कार्यान्वयनको अभिन्न अङ्ग हो। कार्ययोजना बमोजिमका क्रियाकलापको सफल कार्यान्वयन गर्न गराउन अनुगमन गर्ने निकायको आवश्यकता हुन्छ। कार्ययोजनामा तोकिएका क्रियाकलाप पहिचान गरी व्यावहारिक रूपमा प्रभावकारी कार्यान्वयन गर्न, कार्ययोजनाका क्रियाकलाप समयमै कार्यान्वयन हुन सके नसकेको जानकारी लिन, कार्यान्वयनमा देखिएका समस्या पहिचान गर्न, क्रियाकलाप कार्यान्वयनको लागि साधन स्रोत उपलब्धताको जाँच गर्न र क्रियाकलाप कार्यान्वयनमा भएको प्रगतिको मूल्याङ्कन गरी आवश्यक निर्णय वा निर्देशन वा सिफारिस गर्न क्रियाकलापको प्रकृति अनुसार देहायका निकायले आ आफ्नो कार्यक्षेत्र र जिम्मेवारी-अनुरूप निरन्तरअनुगमन गर्नेछन्। अनुगमनको कार्यमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले मुख्य भूमिका खेल्नेछ। यस कार्ययोजनामा समावेश भएका क्रियाकलापहरूको अनुगमन वार्षिक/निरन्तर गरिनेछ भने समग्र रणनीतिक योजनाको आवधिक मूल्याङ्कन दुई वर्ष पुगेपछि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालले गर्नेछ।

अनुगमन गर्ने निकायले अनुगमनवाट प्राप्त सुझावहरू आफूसंग सम्बन्धित भएमा आफैंले कार्यान्वयन गर्नेछन् र अन्य निकायसंग सम्वन्धित क्रियाकलापको हकमा जिम्मेवार निकाय तथा सहयोगी निकायमा पठाउनेछन्।

(क) सङ्घीय संसद, संसदीय समितिहरू
(ख) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मन्त्रालयहरू/आयोग/कार्यालयहरू
(ग) अख्तियार दुरूपयोग अनुसन्धान आयोग
(घ) प्रदेश सभा
(ङ) मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, प्रदेश सरकारमा मन्त्रालयहरू
(च) स्थानीय तहको नगर/गाउँ सभा तथा नगर/गाउँ कार्यपालिका
(छ) सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ बमोजिमका समितिहरू
(ज) राष्ट्रिय सतर्कता केन्द्र
(झ) सार्वजनिक खरिद अनुगमन कार्यालय
(ञ) नेपाल प्रहरी
(ट) नेपाल राष्ट्र बैंक
(ठ) वित्तिय पारदर्शिता इकाइ
(ड) जिल्ला प्रशासन कार्यालय
(ढ) निजी संस्थाका नियमनकारी निकाय, नेपाल चार्टर्ड एकाउण्टेण्ट संस्था
(ण) नीजि क्षेत्रका छाता संगठनहरू
(त) कार्ययोजनामा उल्लिखित अन्य निकायहरू।

## ३.८ भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धिका प्रावधान र रणनीतिक योजनाबीचको सम्बन्ध

नेपाल सन् २०११ फेब्रुअरी २३ देखि नै भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धिको पक्ष राष्ट्र भएको हो। भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धि, २००३ मा मुख्यतः भ्रष्टाचार निवारणका उपायहरू, अपराधीकरण र कानून कार्यान्वयन, अन्तर्राष्ट्रिय सहयोग तथा समन्वय, सम्पत्ति फिर्ता, प्राविधिक सहायता र सूचना आदान प्रदान लगायतका व्यवस्थाहरू रहेका र महासन्धिका अधिकांश प्रावधानहरूलाई नेपालका प्रचलित कानून, नीतिगत एवं संस्थागत व्यवस्थाले सम्बोधन गरिरहेका भए तापनि विश्वमा नवीनतम प्रविधिको विकाससँगै भ्रष्टाचारको स्वरूप र भ्रष्टाचारबाट आर्जित सम्पत्तिको स्थानान्तरणमा नयाँ नयाँ चुनौती र आयामहरू देखा परिरहेको सन्दर्भमा महासन्धिका व्यवस्था अनुरूप समय सापेक्ष नयाँ कानूनहरू निर्माण गर्नुपर्ने र कतिपय प्रचलित कानून एवं संस्थागत व्यवस्थालाई थप संशोधन, परिमार्जन वा सुधार गर्दै अगाडि बढ्नुपर्ने आवश्यकता छ।

नेपालले भ्रष्टाचार विरुद्धमा अवलम्बन गर्ने राष्ट्रिय रणनीति, कार्यनीति र कार्ययोजना नै भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धिका प्रावधानको प्रभावकारी रूपमा कार्यान्वयन गर्ने प्रतिवद्धतायुक्त दस्तावेज भएकोले भ्रष्टाचार निवारण गरी सदाचारमा आधारित समृद्ध राष्ट्र निर्माणको परिकल्पना साकार पार्न प्रस्तुत रणनीतिक योजना तर्जुमा गरिएको छ।

भ्रष्टाचार विरुद्धको राष्ट्रिय रणनीतिक योजना र सो अनुरूप गर्नुपर्ने क्रियाकलापको प्रभावकारी कार्यान्वयन गरी परिणाममुखी बनाउन आवश्यक नीतिगत तथा कानूनी व्यवस्था, सदाचार प्रवर्द्धनका लागि विभिन्न निकायको भूमिका, भ्रष्टाचार नियन्त्रणमा निरोधात्मक एवं दण्डात्मक उपाय अवलम्बन गर्न जिम्मेवार निकायहरूको संस्थागत क्षमता सुदृढीकरण र पर्याप्त स्रोत, साधन तथा दक्ष जनशक्तिको आवश्यकता पर्दछ। यसका लागि एकातर्फ मुलुकको विद्यमान आर्थिक अवस्था, स्रोत, साधन र दक्ष जनशक्तिको अपर्याप्तताको कारण रणनीतिक योजना कार्यान्वयनमा कठिनाई एवं वाधा उत्पन्न हुन सक्ने र अर्को तर्फ मुलुकका राजनीतिक दलहरूलको भ्रटाचार निवारणप्रतिको दृष्टिकोण, सोच एवं प्रतिबद्धताले प्रभाव पार्ने देखिन्छ।

तथापि राज्यमा उपलब्ध स्रोत, साधनको मित्तव्ययी प्रयोग, दक्ष, सक्षम जनशक्तिको परिपूर्ति एवं अभिवृद्धि गर्दै रणनीतिक योजनाको सफल कार्यान्वयनको लागि आवश्यक नीतिगत तथा कानूनी व्यवस्था र संस्थागत सुदृढीकरण गर्न आवश्यक छ। प्रस्तुत रणनीतिक योजनाको सफल कार्यान्वयनबाट नेपालले अन्तर्राष्ट्रिय स्तरमा भ्रष्टाचार विरुद्ध संयुक्त राष्ट्रसङ्घीय महासन्धि प्रतिको दायित्व पुरा गरेको ठहरिने र राष्ट्रिय रूपमा सदाचारमा आधारित भ्रष्टाचारमुक्त विकसित राष्ट्र निर्माण गर्नमा योगदान गर्नेछ।

## ३.९ महासन्धिको व्यवस्था अनुरूप रणनीतिक योजना कार्यान्वयनको लागि गर्नुपर्ने प्रमुख कानूनी तथा संस्थागत सुधारः

भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धिका प्रावधानहरू कार्यान्वयन गर्न नेपालले यस अघि लागू गरेको भ्रष्टाचार विरुद्धको राष्ट्रिय रणनीति तथा कार्ययोजना, २०६९ मा विभिन्न विधमान कानूनहरूमा संशोधन तथा नयाँ कानूनहरूको निर्माण गर्ने र संस्थागत क्षमता सुदृढीकरणका क्रियाकलाप सम्पन्न गर्ने विषय उल्लेख गरेको थियो। उक्त कार्ययोजनामा सुधार गर्नुपर्ने भनी उल्लेखित कानूनहरू मध्ये केही कानूनहरू विस्थापित भई नयाँ कानूनहरू निर्माण भएका, केही कानूनहरू संशोधन भएका र कतिपय कानूनहरू हालसम्म पनि यथावत रहेको अवस्था छ।

उक्त कार्ययोजना लागू भए पश्चात् निर्माण वा संशोधन भएका निर्वाचन र राजनैतिक दल सम्बन्धी कानूनहरूमा चन्दा, आर्थिक सहायता, फजुल खर्च नियन्त्रण सम्बन्धी स्पष्ट व्यवस्था नभएको, न्यायपरिषद् ऐन, २०७३ मा न्यायाधीशहरूको गैर कानूनी सम्पत्ति आर्जन, घूस रकम लेनदेन लगायत अन्य भ्रष्टाचारको कसूरको अनुसन्धान, छानबिन, मुद्दा दायर गर्ने र फैसला गर्ने कुनै स्पष्ट कानूनी व्यवस्था र संरचना नतोकिएको, राष्ट्र बैंक

ऐन, २०५८ र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ मा क्रिप्टो करेन्सी सम्बन्धी कसूरको कुनै स्पष्ट परिभाषा र व्यवस्था नभएकोले ती कानूनहरूमा समेत महासन्धिको भावना अनुरूप आवश्यक संशोधन गर्नुपर्ने देखिन्छ।

अघिल्लो कार्ययोजना लागू भएपश्चात् संशोधन भएका कानूनहरू महासन्धिका प्रावधान अनुरूप हुने गरी पुनः संशोधन गर्नुपर्ने अवस्था रहेको र अघिल्लो कार्ययोजना बमोजिमका नयाँ कानून निर्माण तथा संरचनागत सुदृढीकरणका बाँकी कार्यहरू सम्पन्न गर्नुपर्ने अवस्था समेतलाई मध्यनजर गर्दै सार्वजनिक र निजी क्षेत्रमा हुने भ्रष्टाचारजन्य क्रियाकलापको जोखिम, नवीनतम प्रविधिको उपयोग एवं उपायहरूबाट भ्रष्टाचार नियन्त्रण, भ्रष्टाचार नियन्त्रणमा संलग्न जनशक्तिको क्षमता विकास तथा अभियोजन प्रकृया र अन्तर्राष्ट्रिय समन्वय एवं सहकार्यको माध्यमबाट भ्रष्टाचार नियन्त्रणका लागि पाँचवटा रणनीतिक स्तम्भमा विभाजन गरी भ्रष्टाचार निवारणका कार्यनीतिहरू र क्रियाकलापहरू सहितको प्रस्तुत भ्रष्टाचार विरुद्धको दोस्रो राष्ट्रिय रणनीतिक योजना निर्माण गरिएको छ। भ्रष्टाचार विरुद्धका पाँचवटा रणनीतिक स्तम्भ र सो अन्तर्गतका कार्यनीतिभित्र समावेश गरिएका क्रियाकलापहरूको कार्ययोजना कार्यान्वयनको लागि देहाय बमोजिमको कानूनी तथा संस्थागत सुधार गर्नुपर्ने देखिएको छः

### ३.९.१ निर्माण गर्नुपर्ने नीति, मापदण्ड र दिग्दर्शनहरू तथा गर्नुपर्ने सन्धी सम्झौता

(क) सरकारी बजेट, खर्च, आयोजनाको स्थिति, सरकारी तलव भत्ता लगायतको तथ्याङ्क एवं सूचना खुला रूपमा एकै पोर्टलमा राख्ने गरी खुला डेटा नीति तर्जुमा गर्ने।

(ख) पारस्परिक कानूनी सहायता, कसूरजन्य सम्पत्ति खोज, अनुसन्धान, सम्पत्ति जफत र फिर्ता सम्बन्धी व्यवस्थाहरू समेट्ने गरी अन्तर्राष्ट्रिय सन्धि सम्झौता गर्ने सम्बन्धी कार्य गर्ने।

(ग) अभियोजन सम्बन्धी निर्देशिका, मापदण्ड वा दिग्दर्शन, निकायगत आचार संहिता लागू गर्ने ।

### ३.९.२ संशोधन गर्नुपर्ने ऐनहरुः

(क) **अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८:** नीतिगत भ्रष्टाचार, नेपाल स्थित विदेशी सङ्घ संस्थाका पदाधिकारीको भ्रष्टाचारजन्य कार्य समेत अनुसन्धानमा समेट्ने।

(ख) **विशेष अदालत ऐन, २०५९:** भ्रष्टाचार निवारण ऐन, २०५९ तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐनसँग तादात्म्य हुने।

**(ग) निर्वाचन सम्बन्धी कानूनहरूः** राजनैतिक दल सम्बन्धी ऐन, २०७३; स्थानीय तह निर्वाचन ऐन, २०७३; निर्वाचन आयोग ऐन, २०७३ र निर्वाचन (कसूर र सजाय) ऐन २०७३: चन्दा, आर्थिक सहायता, फजुल खर्च नियन्त्रण गर्ने गरी।

(घ) **न्यायपरिषद् ऐन, २०७३:** न्यायाधीशहरूको गैर कानूनी सम्पत्ति आर्जन, घुस रकम लेनदेन लगायत अन्य भ्रष्टाचारको कसूरको अनुसन्धान, छानविन, मुद्दा दायर गर्ने र फैसला गर्ने स्पष्ट कानूनी व्यवस्था र संरचना तोक्ने गरी।

(ङ) **महाभियोग ऐन (कार्यविधि नियमित गर्ने), २०५९:** महाअभियोगको प्रस्ताव दर्ता भएपछि निलम्वन हुने र दुई महिनाभित्र महाअभियोगको कारबाही टुङ्गो लगाउनु पर्ने र महाअभियोगको प्रस्ताव पारित भएमा भ्रष्टाचारजन्य कसूरमा समेत अनुसन्धान गर्न सिफारिस गर्न सक्ने गरी आवश्यक कानूनी व्यवस्था गर्ने।

(च) **सैनिक ऐन, २०६३**: भ्रष्टाचार निवारण ऐन, २०५९ सँग तादाम्य हुने गरी।

(छ) **प्रमाण ऐन, २०३१:** डिजिटल प्रमाणलाई पूर्ण प्राथमिक प्रमाणको रूपमा ग्रहण गर्ने।

(ज) **मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को लिखत पारित सम्बन्धी व्यवस्थाः** घर जग्गा खरिद बिक्रीमा वैंक स्टेटमेण्ट र सो को भौचर वा A/C Payee चेक समेत पेश नगरी घर जग्गाको लिखत पारित गर्न गराउन नपाउने प्रावधान समेट्ने।

(झ) **सार्वजनिक खरिद ऐन, २०६३** :उपभोक्ता समिति मार्फत् हुने कार्यलाई व्यवस्थित, पारदर्शी तथा उत्तरदायी बनाउने।

(ञ) **राष्ट्र वैंक ऐन, २०५८:** क्रिप्टो करेन्सी सम्बन्धी कसूर समेतमा स्पष्टता हुने व्यवस्था गर्ने।

(ट) **वैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३**: निजी क्षेत्रमा हुने अनियमितता समेतलाई भ्रष्टाचारजन्य कसूर कायम गर्ने र क्रिप्टो करेन्सी कसूरलाई समेत स्पष्ट गर्ने गरी संशोधन गर्ने वा क्रिप्टो सम्पत्ति सम्बन्धी समर्पित नयाँ कानून निर्माण गर्ने।

(ठ) **निजी क्षेत्रसँग सम्बन्धित प्रचलित कानूनहरू**

साझेदारी ऐन, २०२०; संस्था दर्ता ऐन, २०३४; प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४; निर्माण व्यवसाय ऐन, २०५५; नेपाल चार्टर्ड एकाउण्टेण्टस् ऐन, २०५३; दूरसञ्चार ऐन, २०५३; नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३; बीमा ऐन, २०७९; सहकारी ऐन, २०७४: घुस लेनदेन, अनुदान दुरूपयोग, आम्दानी खर्चको हिसाव हेरफेर गर्ने वा अभिलेख नजनाउने, नभएको खर्च देखाउने, गलत लिखत प्रयोग गर्ने वा स्रेष्ता नष्ट गर्ने, लेखापरीक्षणका स्थापित मापदण्डको उल्लङ्घन गर्ने, कर राजस्व छल्ने कार्य समेतलाई भ्रष्टाचारजन्य कसूर कायम गरी दण्डनीय बनाउने।

### ३.९.३ निर्माण गर्नुपर्ने नयाँ ऐनहरू

(क) **निजामती सेवा ऐनः** नियुक्ति, सरुवा, पदस्थापना, बढुवा, क्षमता विकास जस्ता कर्मचारी व्यवस्थापन लगायतका विषयलाई थप पारदर्शी, अनुमानयोग्य र स्वचालित हुने व्यवस्था गर्ने।

(ख) **सम्पत्ति विवरण सार्वजनिक गर्ने सम्बन्धी ऐनः-** जोखिमका आधारमा राष्ट्रसेवक लगायत सवै सार्वजनिक पदाधिकारीहरूको सम्पत्ति विवरण, सम्पत्तिको स्रोत

सहितको सम्पत्ति इतिहास खुल्ला राख्ने, सम्पत्ति विवरण हरेक वर्ष अध्यावधिक गर्नुपर्ने र गलत विवरण पेश गर्ने सार्वजनिक पदाधिकारीलाई सजाय गर्ने वाध्यकारी कानूनी व्यवस्था समेट्ने।

(ग) **स्वार्थको द्धन्द सम्बन्धी ऐनः** विभिन्न कानूनमा छरिएर रहेका व्यवस्थालाई एकीकृत गरी स्वार्थको द्धन्द सम्वन्धी कानून निर्माण गर्ने।

(घ) **सुराकीको संरक्षण सम्बन्धी ऐनः** विभिन्न कानूनमा छरिएर रहेका जाहेरवाला, साक्षी र सुराकीको संरक्षण सम्बन्धी व्यवस्थालाई एकीकृत गर्ने।

(ङ) **राष्ट्रिय सतर्कता सम्बन्धी ऐनः** अनुचित कार्यको अनुसन्धान तथा कारबाही गर्ने अधिकार दिने।

(च) **विद्युतीय कारोवार सम्बन्धी ऐनः** डिजिटल प्रमाणको प्रकृति, प्रमाणित गर्ने निकाय र अधिकारी स्पष्टता गर्ने।

(छ) **कम्पनी ऐनः** पूंजी वृद्धि, शेयर खरिद बिक्री समेतका अभिलेख राख्ने कार्य वैंक स्टेटमेण्टका आधारमा मात्र गर्ने।

(ज) **गैरसरकारी तथा निजी क्षेत्रमा हुने भ्रष्टाचारजन्य कार्य नियन्त्रण सम्बन्धी ऐनः** गैर सरकारी तथा निजी क्षेत्रमा हुने भ्रष्टाचारजन्य कार्यको परिभाषा, निजीक्षेत्रबाट हुने भ्रष्टाचारको कसूर र सजाय, अनुसन्धान, तहकिकात, अभियोजन र मुद्दा हेर्ने निकाय समेत तोक्ने।

## ३.९.४ संस्थागत सुधार

नेपालमा भ्रष्टाचार नियन्त्रण, अनुसन्धान, अभियोजन, सम्पत्ति व्यवस्थापन तथा फैसला कार्यान्वयनलाई प्रभावकारी बनाउन सम्बन्धित संस्थाहरूको संरचनागत सुधार अत्यावश्यक छ। निम्न संस्थाहरूलाई प्रविधिमैत्री, साधन स्रोत सम्पन्न र सक्षम बनाउने उद्देश्यले प्रस्तावित सुधारका केही उपायहरू यसप्रकार प्रस्तुत गरिएको छः

१. **विशेष अदालतः** विशेष अदालतलाई भ्रष्टाचारसम्बन्धी मुद्दाको छिटो, निष्पक्ष र प्रभावकारी फैसला गर्ने सक्षम न्यायिक निकायका रूपमा विकास गर्न सुविधा सम्पन्न भवन, आधुनिक अदालत कक्ष, विद्युतीय मुद्दा व्यवस्थापन प्रणाली (e-Court), भर्चुअल सुनुवाइ, डिजिटल अभिलेख प्रणाली र साइबर सुरक्षा जस्ता पूर्वाधारको विकास गर्नुपर्छ। न्यायाधीश, कर्मचारी र प्राविधिक जनशक्तिको क्षमता अभिवृद्धि गर्दै सूचना प्रविधि विज्ञ, डिजिटल प्रमाण विश्लेषक तथा अदालत प्रशासन विशेषज्ञको व्यवस्था गर्न आवश्यक छ।

२. **अख्तियार दुरूपयोग अनुसन्धान आयोगः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई पूर्ण रूपमा प्रविधिमैत्री र विशिष्टीकृत अनुसन्धान निकायका रूपमा विकास गर्न स्वतन्त्र खालको प्रविधि एकाई स्थापना गर्नुपर्छ, जहाँ प्रविधि विश्लेषक, डेटा वैज्ञानिक र डिजिटल फरेन्सिक विशेषज्ञ रहनेछन्। जोखिम विश्लेषण प्रणाली, स्वचालित उजुरी व्यवस्थापन, डिजिटल प्रमाण सङ्कलन तथा विश्लेषण क्षमतामा लगानी आवश्यक छ।

३. **महालेखापरीक्षकको कार्यालयः** महालेखापरीक्षकको कार्यालयमा कार्यसम्पादन लेखापरीक्षणलाई प्रविधिमैत्री बनाउन स्वतन्त्र प्रविधि एकाई स्थापना गरी प्रविधि विश्लेषक र डिजिटल फरेन्सिक विशेषज्ञ समावेश गर्नुपर्छ। ठूला तथ्याङ्क (Big Data) विश्लेषण, जोखिममा आधारित लेखापरीक्षण र रियल टाइम निगरानी प्रणाली विकास गर्नुपर्छ। महालेखापरीक्षक कार्यालयबाट हुने लेखापरीक्षणमा सङ्लग्न कर्मचारीहरूलाई उच्च निष्ठायुक्त बनाउनु आवश्यक छ।

४. **महान्यायाधिवक्ताको कार्यालयः** महान्यायाधिवक्ताको कार्यालयलाई प्रभावकारी अभियोजन निकाय बनाउन अभियोजकहरूको विषयगत र प्रविधिगत क्षमता अभिवृद्धि गर्नुपर्छ। डिजिटल केस ट्र्याकिङ, प्रमाण व्यवस्थापन प्रणाली, अनुसन्धान निकायसँग डेटा साझेदारी संयन्त्र र अभियोजन सहकार्य सुदृढ गर्न आवश्यक छ।

५. **कसूरजन्य सम्पत्ति व्यवस्थापन विभागः** कसूरजन्य सम्पत्ति व्यवस्थापन विभागलाई साधन स्रोत सम्पन्न र प्रविधिमैत्री बनाउँदै जफत, जाँच, व्यवस्थापन र बिक्री प्रक्रिया पारदर्शी बनाउन डिजिटल सम्पत्ति व्यवस्थापन प्रणाली लागू गर्नुपर्छ। सम्पत्ति मूल्याङ्कन, संरक्षण र उपयोगका लागि विशिष्टीकृत जनशक्ति विकास गर्न आवश्यक छ।

६. **सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग र राजस्व अनुसन्धान विभागः** यी विभागहरूलाई पुनःसंरचना गरी स्वतन्त्र, पेशागत र विशिष्टीकृत अनुसन्धान निकायका रूपमा स्थापित गर्नुपर्छ। प्रविधिमा आधारित वित्तीय अनुसन्धान, अन्तर निकाय सूचना साझेदारी र अन्तर्राष्ट्रिय सहकार्य सुदृढ गर्दै जनशक्तिको क्षमता अभिवृद्धि गर्नुपर्छ।

७. **फैसला कार्यान्वयन निर्देशनालयः** फैसला कार्यान्वयन निर्देशनालयलाई प्रविधिमैत्री बनाउँदै फैसला अनुगमन, जफत तथा असुली कार्यलाई स्वचालित प्रणालीमार्फत प्रभावकारी बनाउनुपर्छ। पर्याप्त साधन स्रोत, जनशक्ति र डिजिटल ट्र्याकिङ प्रणालीको विकास र कसूरजन्य सम्पत्ति व्यवस्थापन विभागसँगको प्रभावकारी समन्वय आवश्यक छ।

८. **वित्तीय जानकारी इकाईः** वित्तीय जानकारी इकाईको Strategic Analysis र Operational Analysis क्षमतामा विस्तार गर्दै जोखिम विश्लेषण, संकास्पद कारोबार पहिचान र अन्तर्राष्ट्रिय सूचना आदान प्रदान सुदृढ गर्नुपर्छ। डेटा विश्लेषक, वित्तीय अनुसन्धानकर्ता र प्रविधि विशेषज्ञको क्षमता अभिवृद्धि अपरिहार्य छ।

९. **सार्वजनिक खरिद अनुगमन कार्यालयः** सार्वजनिक खरिद अनुगमन कार्यालयलाई सरकारी तथा सार्वजनिक खरिद प्रक्रिया पूर्ण रूपमा अनलाइन, पारदर्शी र प्रतिस्पर्धी बनाउन e-Procurement प्रणाली सुदृढ गर्नुपर्छ। विभिन्न प्रकृतिका खरिद कार्यहरू एउटै सार्वजनिक खरिद ऐनले समेट्ने कठिन हुने हुँदा खरिदको प्रकृति अनुसारका विशेष व्यवस्था एवं सार्वजनिक बिक्रीका प्रावधानहरू समेत राख्नु पर्दछ। जोखिम सूचक प्रणाली, खुला डेटा पोर्टल र नागरिक निगरानी संयन्त्र विकास गरी भ्रष्टाचार जोखिम न्यूनीकरण गर्न आवश्यक छ।

# परिच्छेद-४
# कार्ययोजना

## ४.१ रणनीति, कार्यनीति र क्रियाकलापहरू

यस रणनीतिक योजनामा माथि उल्लेख भए बमोजिम ५ वटा रणनीतिक स्तम्भहरू र सो अन्तर्गत २५ वटा कार्यनीतिहरू रहेका छन्। साथै, २५ वटा कार्यनीतिहरू अन्तर्गत जम्मा १२९ क्रियाकलापहरू समेटिएको विस्तृत कार्ययोजना तपशिलमा प्रस्तुत गरिएको छ।

**रणनीतिक स्तम्भ १ः कानुनी, नीतिगत तथा संस्थागत सुशासन सुदृढीकरण** अन्तर्गत विभिन्न १० कार्यनीतिहरूमा जम्मा ४६ क्रियाकलापहरू समावेश छन्।

**रणनीतिक स्तम्भ २ः नवीनतम प्रविधिको उपयोग तथा नागरिक सशक्तिकरणको माध्यमबाट नागरिक कर्तव्य वोध, जवाफदेहिता र पारदर्शितालाई प्रोत्साहन गर्दै सदाचारयुक्त समाजको निर्माण** अन्तर्गत छ वटा कार्यनीतिहरूमा ३८ क्रियाकलापहरू समावेश गरिएका छन्।

**रणनीतिक स्तम्भ ३ः सबै क्षेत्रमा हुने भ्रष्टाचारजन्य कार्यलाई अपराधीकरण गर्ने र राज्यलाई हानि नोक्सानी भएको वा अनुचित लाभ लिए दिएकोमा बाहेक दुष्कृतिजन्य कार्य सच्चाउन अवसर प्रदान गर्ने गरी नीतिगत तथा कानूनी व्यवस्थामा सुधार** अन्तर्गत तीनवटा कार्यनीतिमा २२ क्रियाकलापहरू समावेश छन्।

**रणनीतिक स्तम्भ ४ः भ्रष्टाचार निवारण सम्बन्धी कानूनको प्रभावकारी कार्यान्वयनका लागि अनुसन्धान, अभियोजन र प्रतिरक्षा गर्न विशिष्टीकृत, सक्षम र दिगो जनशक्तिको विकास** अन्तर्गत दुईवटा कार्यनीतिले ८ वटा क्रियाकलापहरू समेटेका छन्।

**रणनीतिक स्तम्भ ५: भ्रष्टाचार निवारणको लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा समन्वय, सहकार्य र पारस्परिकता कायम गर्दै भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय महासन्धि लगायतका कानूनी व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयन** अन्तर्गत **चारवटा** कार्यनीति समावेश गरिएको छ। यी कार्यनीतिले १५ वटा क्रियाकलापहरू समेटेका छन्।

## ४.२ कार्ययोजनाको विस्तृत तालिका

**रणनीतिक स्तम्भ १: कानुनी, नीतिगत तथा संस्थागत सुशासन सुदृढीकरण।**

**कार्यनीति १.१: भ्रष्टाचार नियन्त्रण र सदाचार प्रवर्द्धनका लागि भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धि (UNCAC) अनुरूप विद्यमान कानुनी तथा नीतिगत व्यवस्थाको समग्र समीक्षा गर्दै आवश्यक नयाँ कानून तर्जुमा तथा प्रचलित कानून संशोधन गर्ने।**

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | अनुगमन गर्ने निकाय | उपलब्धि सूचक | जोखिम तथा सीमा | भ्रष्टाचार विरुद्धको सं.रा.सं.महासन्धिको सम्बन्धित धारा |
|---|---|---|---|---|---|---|---|---|
| १.१.१ | भ्रष्टाचार रोकथाम तथा सार्वजनिक क्षेत्रको सदाचार कायम गर्न विद्यमान कानुनी र नीतिगत व्यवस्थाको समग्र समीक्षा गरी UNCAC मापदण्डअनुसार नयाँ कानून तर्जुमा, संशोधन र कार्यान्वयन सुनिश्चित गर्ने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कानून, न्याय तथा संसदीय मामिलामन्त्रालय र राष्ट्रिय सतर्कता केन्द्र | १ वर्ष | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | UNCAC अनुरूप कानुन तर्जुमा/संशोधन भएको हुने। | कानुन निर्माणमा ढिलाइ, अन्तरनिकाय समन्वय कमजोर। | ५, ७, ८, ९, १०, १३ |
| १.१.२ | सबै सार्वजनिक निकायमा आचारसंहिता प्रभावकारी रूपमा लागू गरी नैतिक आचरण, पेशागत मर्यादा र जिम्मेवारीबोध संस्थागत गर्ने तथा उल्लङ्घनमा निष्पक्ष कारबाही प्रणाली सुदृढीकरण गर्ने। | राष्ट्रिय सतर्कता केन्द्र | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ वर्ष | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | आचारसंहिता लागू र उल्लङ्घनमा कारबाही भएको हुने। | औपचारिकतामा सीमित हुने जोखिम। | ५, ७, ८, ९, १०, १३ |
| १.१.३ | स्वार्थको द्वन्द्वको पहिचान, घोषणा र व्यवस्थापनका लागि स्पष्ट मापदण्ड, प्रणाली र अनुगमन संयन्त्र विकास तथा कार्यान्वयन गरी निर्णय प्रक्रियामा निष्पक्षता सुनिश्चित गर्ने। | सम्बन्धित मन्त्रालय/निकाय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय सतर्कता केन्द्र | १–२ वर्ष | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | स्वार्थको द्वन्द्वको घोषणा तथा व्यवस्थापन प्रणाली लागू भएको हुने। | राजनीतिक दबाब, परिपालना कमजोर। | ५, ७, ८ |

**कार्यनीति १.२: सदाचार प्रवर्द्धन, पारदर्शिता र जवाफदेहिता सहितको नैतिक सङ्गठनका लागि व्यावसायिक आचार संहिता लागू गर्दै सार्वजनिक सेवाको समुचित व्यवस्थापन र सार्वजनिक सेवाको प्रभावकारिता अभिवृद्धि गर्ने।**

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | अनुगमन गर्ने निकाय | उपलब्धि सूचक | जोखिम तथा सीमा | भ्रष्टाचार विरुद्धको सं.रा.सं.अभिसन्धिको सम्बन्धित धारा |
|---|---|---|---|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १.२.१ | राष्ट्रिय सदाचार नीति तर्जुमा गरी कार्यान्वयन गर्ने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | तीनै तहका सरकार, राष्ट्रिय सतर्कता केन्द्र | ६ महिना भित्र | सङ्घीय संसद, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | राष्ट्रिय सदाचार नीति तर्जुमा भई कार्यान्वयन भएको हुने। | कार्यान्वयन र अनुगमनको दायरा धेरै फराकिलो र अस्पष्ट हुन सक्ने। | ५, ७, ८ |
| १.२.२ | सबै सार्वजनिक निकायले आ-आफ्नो क्षेत्रमा सेवा प्रवाह सरलीकृत गर्न कार्यालय सञ्चालन कार्यविधि वा निर्देशिका (SOP) निर्माण गर्ने। | सबै सार्वजनिक निकाय | तीन तहका सरकार | १ वर्ष | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सबै निकायको सेवा प्रवाह सरलीकृत सम्बन्धी SOP तर्जुमा भई कार्यान्वयनमा आएको हुने। | निकायगत क्षमता र मानकीकरणको अभाव एवं अनुपालनमा कमजोर हुन सक्ने। | ५, ९, १०, १३ |
| १.२.३ | सबै तहका निकायको क्षेत्रगत सेवा प्रवाहका लागि कार्यालय सञ्चालन निर्देशिका वा कार्यविधिको नमूना तयार गरी एकरूपता कायम गर्ने। | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ६-१२ महिना | प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सबै तहका निकायका लागि कार्यालय सञ्चालन निर्देशिका कार्यविधिको/ नमूना तर्जुमा भई लागू भएको हुने। | निकायगत विविधता र कार्यक्षेत्र फरकपनका कारण नमूना तर्जुमामा कठिनाइ तथा अपनत्व र पालना कमजोर हुनसक्ने। | ५, ९,१०,१३ |
| १.२.४ | सार्वजनिक पदाधिकारीमा सत्यनिष्ठा (Integrity), इमान्दारिता र उत्तरदायित्व अभिवृद्धिका लागि क्षेत्रगत रूपमा मापनयोग्य सूचकसहितको व्यावसायिक आचारसंहिता तयार गरी लागू गर्ने | तीनै तहका सरकारहरू, राष्ट्रिय सतर्कता केन्द्र | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ वर्षभित्र र निरन्तर | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | व्यावसायिक आचारसंहिता तयार गरी लागू भएको हुने। | आचारसंहिता औपचारिकतामा सीमित रहने, तथा उल्लङ्घनमा प्रभावकारी कारबाही नहुने। | ५, ७, ८ |
| १.२.५ | नैतिक संगठनका आधारभूत पक्षको मूल्याङ्कन तेस्रो पक्षबाट गराई सरकारी निकायलाई पुरस्कृत गर्ने प्रणाली निर्माण गर्ने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय | राष्ट्रिय सतर्कता केन्द्र, तेस्रो पक्ष मूल्याङ्कन संस्था | १ वर्ष | प्रधानमन्त्री तथा मन्त्रिपरिषद् | नैतिक संगठन मूल्याङ्कन तथा पुरस्कार प्रणाली लागू भएको हुने। | मूल्याङ्कन निष्पक्ष नहुन सक्ने। | ५, ७, ८ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | कार्यालय, प्रदेश सरकार र स्थानीय तहहरू | | | |
| १.२.६ | जोखिमका आधारमा सार्वजनिक पदमा रहेका पदाधिकारीको सम्पत्ति विवरण सार्वजनिक गर्ने गरी सम्पत्ति विवरण सम्बन्धी कानूनमा पुनरावलोकन गर्ने एवं गलत विवरण पेश गर्ने सार्वजनिक पदाधिकारीलाई सजाय गर्ने गरी कानूनी व्यवस्था गर्ने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, अख्तियार दुरूपयोग अनुसन्धान आयोग | १ वर्ष | संसदीय समिति | सम्पत्ति विवरण सार्वजनिक गर्ने सम्बन्धी कानूनमा पुनरावलोकन भएको हुने। | गोपनीयता तथा मौलिक हक सम्बन्धी कानूनी विवाद, राजनीतिक तथा प्रशासनिक प्रतिरोध हुन सक्ने। | ५, ७, ८, ९, १०, २०, ५०, ५२ |
| १.२.७ | सार्वजनिक सेवा प्रवाहमा विचौलियाको भूमिका नियन्त्रण र सहज सेवा प्रवाहको लागि पूर्ण अनलाइन प्रणालीको व्यवस्था गर्ने। | सम्बद्ध मन्त्रालयहरू | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | २ वर्ष | तीन तहको सरकार | सार्वजनिक सेवा प्रवाह गर्ने निकाय विचौलियाविहीन भएको हुने। | प्राविधिक पूर्वाधार र डिजिटल साक्षरताको कमी, प्रणाली अवरुद्ध हुने जोखिम, तथा साइबर सुरक्षा चुनौती। | ५, ९, १० |
| १.२.८ | निजामती सेवाका कर्मचारीको सरुवामा चक्रीय प्रणाली अवलम्बन गर्ने गरी कानूनी व्यवस्था गर्ने र सो अनुरूपको सफ्टवेयरको निर्माण गरी कार्यान्वयन गर्ने। | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | सम्बन्धित मन्त्रालयहरू र सूचना प्रविधि विभाग | १ वर्ष | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | स्वचालित चक्रिय प्रणाली अनुरूप सरुवा सुनिश्चित भएको हुने । | राजनीतिक तथा प्रशासनिक हस्तक्षेप, सफ्टवेयर कार्यान्वयनमा प्राविधिक समस्या, तथा संस्थागत प्रतिरोध। | ५, ९, १० |
| १.२.९ | स्वजागरण अभियान व्यक्तिगत तहदेखि राष्ट्रिय तहहरूसम्म सञ्चालन गरी पूर्वीय दर्शनबमोजिमका सत्यनिष्ठाका मानवीय मूल्यमान्यताबाट सबै नागरिकलाई स्वनियमनयुक्त बनाउने। | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय/ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, राष्ट्रिय सतर्कता केन्द्र | प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, राष्ट्रिय सतर्कता केन्द्र, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, नागरिक समाज संस्था | निरन्तर वार्षिक) कार्ययोजना अनुसार( | प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, प्रदेश सरकार र स्थानीय तहहरू | व्यक्तिगतदेखि राष्ट्रिय तहसम्म स्वजागरण तथा सदाचार प्रवर्द्धनसम्बन्धी अभियान सञ्चालन भएको र पाठ्यक्रममा समावेश गरी पठनपाठन र अभ्यास भएको हुने। | व्यवहारगत परिवर्तन तथा दीर्घकालीन प्रभाव मापन गर्न कठिन हुन सक्ने। | ५, १३ |
| १.२.१० | खुला सरकारको भावना र अभ्यासको लागि जनताको सूचनाको अधिकार र सरकारी तथ्याङ्कमा पहुँच सुनिश्चित गर्ने। | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | राष्ट्रिय सूचना आयोग, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, सबै मन्त्रालय तथा | २ वर्षिभित्र र निरन्तर | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय सूचना आयोग | Open Data Portal सञ्चालनमा आएको हुने, सार्वजनिक निकायमध्ये कम्तीमा ८०% ले नियमित रूपमा सूचना र तथ्याङ्क सार्वजनिक गरेको हुने, | सरकारी निकायहरूमा गोपनीयता र पारदर्शिताबीच सन्तुलन गर्न कठिनाई, साइबर सुरक्षा जोखिम र डेटा दुरुपयोगको सम्भावना । | १०, १३ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | सार्वजनिक निकाय, राष्ट्रिय तथ्याङ्क कार्यालय, नेपाल दूरसञ्चार प्राधिकरण | | | सूचना माग निवेदनको समयमै फछर्योट दर वृद्धि भएको हुने, Open Government Index मा सुधार भएको हुने। | | |
| **कार्यनीति १.३: भ्रष्टाचार निवारणका लागि तीनवटै तह अन्तरगतका निकायहरूको संस्थागत सुदृढीकरण गर्ने।** | | | | | | | | |
| **क्र.सं.** | **क्रियाकलाप** | **जिम्मेवार निकाय** | **सहयोगी निकाय** | **समयावधि** | **अनुगमन गर्ने निकाय** | **उपलब्धि सूचक** | **जोखिम तथा सीमा** | **भ्रष्टाचार विरुद्धको सं.रा.सं.अभिसन्धिको सम्बन्धित धारा** |
| १.३.१ | अनुचित कार्यको अनुसन्धान तथा कारबाही गर्ने अधिकार सहित राष्ट्रिय सतर्कता केन्द्रलाई अधिकार सम्पन्न र प्रभावकारी बनाउन छुट्टै कानून निर्माण गरी संस्थागत सुदृढीकरण गर्ने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | अख्तियार दुरूपयोग अनुसन्धान आयोग, कानून न्याय तथा संसदीय मामिला मन्त्रालय, अर्थ मन्त्रालय र राष्ट्रिय सतर्कता केन्द्र | १ वर्ष | संसदीय समिति | राष्ट्रिय सतर्कता सम्बन्धी छुट्टै कानून निर्माण भई कार्यान्वयन भएको हुने। | अधिकारक्षेत्र दोहोरोपनको जोखिम, संस्थागत प्रतिरोध, तथा आवश्यक जनशक्ति र स्रोतको अभाव हुन सक्ने। | ५, ३६, ३७, ३८ |
| १.३.२ | प्रदेश तथा स्थानीय सरकारको सदाचारिता मापन सूचक (Integrity Assessment Index) तयार गरी कार्यान्वयन गर्ने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | राष्ट्रिय सतर्कता केन्द्र, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश तथा स्थानीय तह | १वर्ष २– | प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश तथा स्थानीय तह | प्रदेश तथा स्थानीय तहका लागि सदाचारिता निष्ठा मापन सूचक (Integrity Assessment Index) तर्जुमा भई लागू भएको र आवधिक मूल्याङ्कनलाई प्रोत्साहित गरिएको हुने। | सूचक तर्जुमा तथा मापनमा एकरूपता कायम गर्न कठिनाइ, स्थानीय तहको क्षमता अभाव, तथा प्रोत्साहन (incentive) सुनिश्चित गर्न कठिनाई हुने। | ५, ७, ८ |
| १.३.३ | तीनै तहका सरकारले प्रदान गर्ने व्यक्ति, फर्म तथा संस्थागत अनुदानलाई व्यवस्थित गर्न कानूनी व्यवस्था गर्ने। | अर्थ मन्त्रालय | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सम्बन्धित मन्त्रालयहरू | ३ वर्षभित्र तयार गरी निरन्तर | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, प्रदेश सरकार र | व्यक्ति फर्म तथा संस्थागत अनुदानलाई व्यवस्थित गर्न कानून निर्माण भएको र वैयक्तिक पहिचान नम्बरका आधारमा त्यसको ट्र्याकिङ्ग | अनुदान वितरणमा राजनीतिक तथा प्रशासनिक दबाब र वैयक्तिक अनुदान ट्र्याकिङ्ग गर्ने एकीकृत | ५, ९, १० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | संसदीय समिति | गर्ने एकीकृत अनलाइन प्रणाली विकास भएको हुने। | अनलाइन प्रणाली विकास गर्न समय लाग्ने। | |
| १.३.४ | सदाचारिता प्रबर्द्धन गर्ने संस्थासँग सहकार्य गरी स्थानीय तहमा सदाचार क्लब गठन गरी परिचालन गर्ने। | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, राष्ट्रिय सतर्कता केन्द्र, प्रदेश तथा स्थानीय तह, सदाचारिता प्रवर्द्धन गर्ने नागरिक समाज | १–२ वर्ष (निरन्तर विस्तार गर्दै जाने) | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय सतर्कता केन्द्र र प्रदेश सरकार | स्थानीय तहमा सदाचार क्लब गठन भई नियमित रूपमा सचेतनामूलक तथा सदाचार प्रवर्द्धन कार्यक्रम सञ्चालन भएको हुने। | स्थानीय तहको स्वामित्व कमजोर हुनु, तथा दीर्घकालीन सञ्चालन र प्रभावकारिता कायम गर्नमा कठिनाई। | ५, ७, ८,१३ |
| १.३.५ | वित्तीय जानकारी एकाई (Financial Intelligence Unit) को रणनीतिक विश्लेषण (Strategic Analysis) र कार्यसञ्चालन विश्लेषण (Operational Analysis) गर्ने क्षमता अभिवृद्धि गर्न संस्थागत सुदृढीकरण गर्ने। | नेपाल राष्ट्र बैंक | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | निरन्तर | अर्थ मन्त्रालय | वित्तीय जानकारी एकाई को संस्थागत सुदृढीकरण भएको हुने। | स्रोत सीमितता, प्राविधिक जनशक्तिको पर्याप्तता, दिगोपना र अन्तरनिकाय समन्वय कमजोर । | ५, ७, ८, ९, १०, १३, २०, ५२ |
| १.३.६ | नैतिक विषयमा गुनासो गर्ने सम्पर्क विन्दुको (Ethics Complaint Unit) रूपमा सर्तकता केन्द्रलाई जिम्मेवारी दिने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | अर्थ मन्त्रालय, कानून न्याय तथा संसदीय मामिला मन्त्रालय | निरन्तर | प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय | नैतिक विषयमा गुनासो सुनेको र कारबाही चलाएको सङ्ख्या देखिने प्रतिवेदन तयार भएको हुने। | गुनासो व्यवस्थापन प्रणाली कमजोर, उजुरीको दुरूपयोगको सम्भावना। | ५, ७, ८ |
| १.३.७ | भ्रष्टाचारको जोखिम पहिचान गर्न आवधिक रूपमा भ्रष्टाचार जोखिम मूल्याङ्कन गर्ने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, राष्ट्रिय सतर्कता केन्द्र | अख्तियार दुरूपयोग अनुसन्धान आयोग | निरन्तर | प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय | आवधिक भ्रष्टाचार जोखिम मूल्याङ्कन प्रतिवेदन तयार भएको हुने। | तथ्यांक अभाव, जोखिम मूल्याङ्कन औपचारिकतामा सीमित हुन सक्ने। | ५, ९, १०, ५० |
| १.३.८ | सदाचार, निष्ठा र नैतिकता प्रवर्द्धनका असल अभ्यास आदान प्रदान गर्न तीनवटै तहमा अन्तरसम्वाद कार्यक्रम सञ्चालन गर्ने। | राष्ट्रिय सतर्कता केन्द्र | अख्तियार दुरूपयोग अनुसन्धान आयोग, सम्बन्धित मन्त्रालय/निकाय | निरन्तर | प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | तीनै तहमा अन्तरसम्वाद कार्यक्रम सञ्चालन भई असल अभ्यास आदानप्रदान भएको हुने। | कार्यक्रमको प्रभाविकारिता मापन प्रणालीको विकास गर्न कठिनाई। | ५, ७, ८ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १.३.९ | नैतिक मापदण्डको अनुपालन नगर्दा क्षति पुग्न गएकोमा त्यसको क्षतिपूर्ति दिने कानुनी र संस्थागत प्रवन्ध गर्ने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय | राष्ट्रिय सतर्कता केन्द्र, प्रदेश तथा स्थानीय तह | निरन्तर | प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय | अनुपालन नहुँदा सिर्जित क्षतिको क्षतिपूर्ति सम्बन्धी कानुनी व्यवस्था भएको हुने। | कानुनी विवाद, कार्यान्वयनमा जटिलता। | ५, ७, ८ |
| १.३.१० | नागरिक सहभागिता, सार्वजनिक सुनुवाइ, सूचना खुलासा र सामाजिक निगरानीलाई संस्थागत रूपमा निरन्तर प्रवर्द्धन गरी राज्य-नागरिक विश्वास अभिवृद्धि गर्ने। | सम्बन्धित मन्त्रालय/निकाय | अख्तियार दुरूपयोग अनुसन्धान आयोग | निरन्तर | प्रधानमन्त्री तथा मन्त्रिपरिद्को कार्यालय, संसदीय समिति | सरकारप्रतिको विश्वास अनुभूति सूचकाङ्कमा सुधार भएको हुने। | नागरिक विश्वास अनुभूति सूचकाङ्क (Citizen Trust in Government Index) को विकास गर्न | ५, ९, १०, १३ |
| १.३.११ | भ्रष्टाचार अनुसन्धान, अभियोजन र न्यायिक प्रक्रिया सुदृढीकरणका लागि सम्बन्धित निकायको संस्थागत, प्राविधिक र मानव स्रोत क्षमता अभिवृद्धि गर्ने। | अख्तियार दुरूपयोग अनुसन्धान आयोग, महान्यायाधिवक्ताको कार्यालय, उच्च/सर्वोच्च अदालत | भ्रष्टाचार अनुसन्धान, अभियोजन प्रकृयामा संलग्न सबै निकायहरू | ३–५ वर्ष | संसदीय समितिहरू, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय | भ्रष्टाचार अनुसन्धान, अभियोजन र न्यायिक प्रक्रिया थप प्रभावकारी भएको हुने। | कठिनाई। | ५, ९, १०, ११, १३, ३६, ३७, ३८ |
| **कार्यनीति १.४: भ्रष्टाचार निवारण सम्बद्ध कानूनहरूमा संशोधन एवम् परिमार्जन गरी सोको प्रभावकारी कार्यान्वयन गर्ने।** | | | | | | | | |
| **क्र.सं.** | **क्रियाकलाप** | **जिम्मेवार निकाय** | **सहयोगी निकाय** | **समयावधि** | **अनुगमन गर्ने निकाय** | **उपलब्धि सूचक** | **जोखिम तथा सीमा** | **भ्रष्टाचार विरुद्धको सं.रा.सं.अभिसन्धिको सम्बन्धित धारा** |
| १.४.१ | अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन तथा सम्बद्ध नियमावलीमा संशोधन गरी आय गणना सूत्र र मापदण्ड तय गर्ने। | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, अख्तियार दुरूपयोग अनुसन्धान आयोग | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ वर्ष | संसदीय समिति | ऐन तथा नियमावलीमा संशोधन भई आय गणना सूत्र र मापदण्ड तय भएको हुने | प्राविधिक कठिनाई हुन सक्ने। | ५, ७, ८, २०, ३६, ३७, ३८, ५२ |
| १.४.२ | नेपालस्थित विदेशी नियोगका सार्वजनिक पदाधिकारी वा अन्तर्राष्ट्रिय संस्थाका पदाधिकारीका सम्बन्धमा समेत भ्रष्टाचार वा सम्पत्ति शुद्धीकरणमा संलग्न भएको प्रमाण भएमा कूटनीतिक कर्मचारीको हकमा persona non grata गरी देश निकाला गर्ने र गैरकूटनीतक कर्मचारीको हकमा अनुसन्धान, छानबिन गरी मुद्दा दायर गर्ने गरी क्षेत्रीय तथा द्विपक्षीय संयन्त्रलाई सुदृढ गर्ने। | परराष्ट्र मन्त्रालय, गृह मन्त्रालय कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अख्तियार दुरूपयोग अनुसन्धान आयोग। | १ वर्ष | सङ्घीय संसद, संसदीय समिति | कूटनीतिक कर्मचारीको हकमा persona non grata गरी देश निकाला र गैरकूटनीतक कर्मचारीको हकमा अनुसन्धान, छानबिन गरी मुद्दा दायर गर्ने गरी क्षेत्रीय तथा द्विपक्षीय संयन्त्र सुदृढ भएको हुने। | कूटनीतिक मामिला भएकाले कार्यान्वयन गर्न कठिन हुन सक्ने एवं द्विपक्षीय एवं वहुपक्षीय संयन्त्र बनाउन समय लाग्ने। | ५, ३६, ३७, ३८, ४३, ४४, ४६, ४८, ४९ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १.४.३ | भ्रष्टाचारजन्य कसूरहरूमा भ्रष्टाचार निवारण ऐनका प्रावधानहरूसँग तादात्म्य कायम गर्ने गरी प्रचलित सैनिक ऐन संशोधन गर्ने। | रक्षा मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, नेपाली सेना | १ वर्ष | सङ्घीय संसद, संसदीय समिति | सैनिक ऐनमा संशोधन भएको हुने। | संशोधित ऐन कार्यान्वयनको प्रभावकारिता। | ५, ७, ८, ३० |
| **कार्यनीति १.५: न्यायिक क्षेत्रमा हुने भ्रष्टाचारजन्य कार्य र न्यायमा मनसायपूर्वक अवरोध पुर्‍याउने कार्यलाई निरुत्साहित गर्दै न्यायपालिकाको निष्ठा अभिवृद्धि गर्ने।** | | | | | | | | |
| **क्र.सं.** | **क्रियाकलाप** | **जिम्मेवार निकाय** | **सहयोगी निकाय** | **समयावधि** | **अनुगमन गर्ने निकाय** | **उपलब्धि सूचक** | **जोखिम तथा सीमा** | **भ्रष्टाचार विरुद्धको सं.रा.सं.अभिसन्धिको सम्बन्धित धारा** |
| १.५.१ | भ्रष्टाचारजन्य कसूरमा भ्रष्टाचार निवारण ऐनका प्रावधानहरूसँग तादात्म्य कायम गर्ने र न्याय परिषद्को पुर्नसंरचना गरी न्यायाधीशको गैर कानूनी सम्पत्ति आर्जन लगायतको अन्य भ्रष्टाचारजन्य कसूरको अनुसन्धान गरी मुद्दा दायर गर्ने र मुद्दा हेर्ने छुट्टै स्वतन्त्र निकायको व्यवस्था गर्ने। | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, महान्यायाधिवक्ताको कार्यालय | १–२ वर्ष | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सर्वोच्च अदालत, सङ्घीय संसद | भ्रष्टाचारसम्बन्धी कानूनहरू एकरूपता कायम हुने गरी संशोधन/समायोजन भएको हुने। | कानूनी संशोधनमा ढिलाइ, सरोकारवाला निकायबीच सहमतिको अभाव। | ५, ७, ८, ११, २०, ३६, ३७, ३८, ५२ |
| १.५.२ | न्यायापालिकामा निष्पक्षता, तटस्थता र मोलाहिजाको अन्त्य गर्न गरिएका अध्ययन प्रतिवेदन कार्यान्वयन गर्न आवश्यक समन्वय गर्ने। | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, नेपाल बार एसोसिएसन | १ वर्ष | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | भ्रष्टाचार मुद्दामा अभियोजन र न्यायिक अभ्यास एकरूप भएको हुने। | व्याख्यागत विवाद, न्यायिक प्रक्रियामा ढिलाइ। | ५, ११ |
| १.५.३ | न्यायिक आचार संहिता प्रभावकारी कार्यान्वयन गरी उल्लङ्घनका घटना सार्वजनिक गर्न आवश्यक समन्वय गर्ने। | महान्यायाधिवक्ताको कार्यालय, सर्वोच्च अदालत | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, न्याय परिषद् | १–२ वर्ष | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | भ्रष्टाचार मुद्दामा अभियोजनको गुणस्तर र समन्वय सुदृढ भएको हुने। | संस्थागत समन्वय कमजोर, दक्ष अभियोजकको कमी, मुद्दा ढिलाइ। | ५, ७, ८, ११ |
| **कार्यनीति १.६: राजनीतिक वित्त व्यवस्थापन तथा राजनीतिक दलका क्रियाकलापमा पारदर्शिता कायम गर्ने।** | | | | | | | | |

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | अनुगमन गर्ने निकाय | उपलब्धि सूचक | जोखिम तथा सीमा | भ्रष्टाचार विरुद्धको सं.रा.सं.अभिसन्धिको सम्बन्धित धारा |
|---|---|---|---|---|---|---|---|---|
| १.६.१ | राजनीतिक दलसम्बन्धी ऐन र निर्वाचन सम्बन्धी ऐनमा संशोधन गरी राजनीतिक अभियानको लागि चन्दा र आर्थिक सहायता सम्बन्धी स्पष्ट कानूनी व्यवस्था गर्ने। | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, गृह मन्त्रालय | निर्वाचन आयोग, राजनीतिक दलहरू | १ वर्ष | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सङ्घीय संसद | राजनीतिक दलसम्बन्धी ऐन र निर्वाचन सम्बन्धी ऐनमा संशोधन भएको हुने। | राजनीतिक दलको सहमति जुटाउन कठिन हुन सक्ने। | ७(३), १०, १३ |
| १.६.२ | आफ्नो दलको पदीय हैसियतको प्रयोग गरेर नातेदार वा आफू सम्बद्ध राजनीतिक दलमा आवद्ध व्यक्तिलाई अनुचित लाभ पुऱ्याउन निषेध गर्ने गरी स्वार्थको द्वन्द्व सम्बन्धी कानूनी व्यवस्था गर्ने। | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, गृह मन्त्रालय | गृह मन्त्रालय, राजनीतिक दलहरू | १–२ वर्ष | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सङ्घीय संसद | स्वार्थको द्वन्द सम्बन्धी कानून निर्माण भएको हुने। | अनुसन्धानमा ढिलाइ, प्रमाण सङ्कलन जटिलता। | ५, ७, ८ |
| १.६.३ | राजनीतिक दलहरूको वित्तिय व्यवस्था पारदर्शि वनाई निर्वाचनलाई स्वच्छ र समान रुपमा प्रतिस्पर्धा गर्ने वातावरण सिर्जना गर्न राज्यकोषवाट अनुदान उपलब्ध गराउने कार्यलाई कानूनद्धारा व्यवस्थित गर्ने। | गृह मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | अर्थ मन्त्रालय, निर्वाचन आयोग | १ वर्ष | प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, सङ्घीय संसद | निर्वाचन खर्च प्रदान गर्ने सम्बन्धी कानूनी व्यवस्था भएको हुने। | राज्यको श्रोतले धान्न र निरन्तरता दिन कठिन हुन सक्ने। | ५, ९, १०, १३ |
| १.६.४ | आचरण उल्लङ्घन हुन नदिन सबै राजनीतिक दलमा सदाचार समिति गठन गर्न प्रोत्साहन गर्ने। | निर्वाचन आयोग, राजनीतिक दलहरू | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | १–२ वर्ष | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सबै राजनीतिक दलले सदाचार समिति गठन गरी ती समितिहरू सक्रिय भएको हुने। | सदाचार समितिहरू दलको नेतृत्वको छायाँ मात्र हुनसक्ने। | ५, ७, ८ |

**कार्यनीति १.७: कसुरजन्य सम्पत्ति व्यवस्थापन प्रभावकारी बनाउने।**

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | अनुगमन गर्ने निकाय | उपलब्धि सूचक | जोखिम तथा सीमा | भ्रष्टाचार विरुद्धको सं.रा.सं.अभिसन्धिको सम्बन्धित धारा |
|---|---|---|---|---|---|---|---|---|
| १.७.१ | भ्रष्टाचारबाट आर्जित सम्पत्ति रोक्का, बरामद वा जफत सम्बन्धमा महासन्धिको व्यवस्था बमोजिम सम्वन्धित कानूनमा व्यवस्था गर्ने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | अख्तियार दुरूपयोग अनुसन्धान आयोग, गृह मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | १–२ वर्ष | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सङ्घीय संसद | सार्वजनिक निकायमा आन्तरिक नियन्त्रण तथा जोखिम व्यवस्थापन प्रणाली संस्थागत भएको हुने। | संस्थागत प्रतिरोध, आवश्यक क्षमता तथा स्रोत अभाव। | ५, ७, ८, २०, ३१, ४३, ४४, ४६, ४८, ४९, ५२, ५३, ५४, ५७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १.७.२ | भ्रष्टाचारजन्य कसूरसँग सम्बन्धित सम्पत्ति रोक्का राख्ने, बरामद गर्ने र जफत गर्ने सम्बन्धमा प्रचलित अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८; भ्रष्ट्राचार निवारण ऐन, २०५९ मा भएका व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्ने र सो सम्बन्धमा आवश्यकतानुसार थप स्पष्ट कानूनी व्यवस्था गर्ने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, | महालेखा परीक्षकको कार्यालय, गृह मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | १ वर्ष | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | आन्तरिक नियन्त्रण तथा जोखिम व्यवस्थापनसम्बन्धी एकीकृत मार्गदर्शन लागू भएको हुने। | अन्तरनिकाय समन्वय कमजोर, कार्यान्वयन औपचारिकतामा सीमित हुन सक्ने। | ५, ७, ८, २०, ३१, ३६, ३७, ३८, ५२, ५३, ५४, ५७ |

**कार्यनीति १.८: संवैधानिक निकाय लागयतका संवैधानिक नियुक्ति तथा अन्य राजनीतिक नियुक्तिलाई पारदर्शी, योग्यतामा आधारित, उत्तरदायी र व्यवस्थित गर्ने।**

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | अनुगमन गर्ने निकाय | उपलब्धि सूचक | जोखिम तथा सीमा | भ्रष्टाचार विरुद्धको सं.रा.सं.अभिसन्धिको सम्बन्धित धारा |
|---|---|---|---|---|---|---|---|---|
| १.८.१ | संवैधानिक नियुक्तिलाई थप व्यवस्थित तथा पारदर्शी बनाउन तथा नियुक्त व्यक्तिको इमान्दारिता (Integrity), निष्पक्षता (Impartiality) र नैतिकता (Ethical conduct) जाँच गर्न प्रोबिटी परीक्षण (Probity Test) लगायतका आवश्यक व्यवस्था गर्ने। | सैवैधानिक परिषद् , लोक सेवा आयोग, प्रदेश लोक सेवा आयोग | संसदीय समितिहरू, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, महान्यायाधिवक्ताको कार्यालय | १–२ वर्ष | संसदीय सुनुवाई समिति | प्रोबिटी परीक्षण (Probity test) बाट निष्ठावान र निष्पक्ष पदाधिकारी नियुक्त भएको कार्यसम्पादनबाट देखिने। | विषयगत जाँच भएकोले मापन सूचक यकिन गर्न र परीक्षण वस्तुनिष्ठ बनाउन कठिन हुन सक्ने। | ५, ७, ८ |
| १.८.२ | संवैधानिक निकायका पदाधिकारीहरू र सर्वोच्च अदालतका न्यायाधीशहरूलाई महाअभियोगको प्रस्ताव दर्ता भएको दुई महिनाभित्र महाअभियोगको कारबाही टुङ्गो लगाउनु पर्ने र महाअभियोगको प्रस्ताव पारित भएमा महाअभियोग साथसाथै भ्रष्टाचारजन्य कसूरमा अनुसन्धान गर्न सिफारिस गर्ने गरी आवश्यक कानूनी व्यवस्था गर्ने। | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | संघीय संसद् सचिवालय, संवैधानिक परिषद्, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, महान्यायाधिवक्ताको कार्यालय | १ वर्ष | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | महाअभियोगसम्बन्धी कानूनकार्यविधिमा/ समयसीमाको स्पष्ट व्यवस्था र कार्यान्वयन, महाअभियोग पारित भएमा भ्रष्टाचारजन्य कसूरमा अनुसन्धान गर्ने कानूनी प्रावधान लागू भएको हुने। | महाअभियोग प्रक्रियामा राजनीतिक प्रभाव, न्यायिक स्वतन्त्रतासम्बन्धी संवैधानिक विवाद हुन सक्ने। | ५, ११, ३०, ३६, ३७ |
| १.८.३ | सार्वजनिक निकायमा गरिने सबै राजनीतिक नियुक्तिका मापदण्डमा विषयक्षेत्रगत रूपमा एकरूपता कायम गरी पूर्ण रूपले योग्यतामा आधारित (merit-based) बनाउन मापदण्ड तयार गरी कार्यान्वयन गर्ने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | १ वर्ष र कार्यान्वयनमा निरन्तर | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | विषयक्षेत्रगत रूपमा एकरूप योग्यतामा आधारित नियुक्ति मापदण्ड स्वीकृत र नियुक्ति प्रक्रियामा योग्यता, अनुभव र निष्पक्ष मूल्याङ्कनका स्पष्ट सूचक लागू भएको हुने। साथै मापदण्ड विपरीत नियुक्तिको संख्या क्रमशः घटेको हुने। | राजनीतिक हस्तक्षेप र प्रतिरोध, मापदण्डलाई औपचारिकतामा सीमित गर्ने प्रवृत्ति, विषयक्षेत्रगत विशेषज्ञता मापनका सूचकहरू निर्धारण गर्न जटिलता। | ५, ७(१), ८ |

**कार्यनीति १.९: भ्रष्टाचारजन्य कसुरसँग सम्बन्धित सूचनादाता, सुराकी, साक्षी, विशेषज्ञ र पीडितको सुरक्षाको सुनिश्चितता गर्ने।**

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहजीकरण गर्ने निकाय | समयावधि | अनुगमन गर्ने निकाय | उपलब्धि सूचक | जोखिम तथा सीमा | भ्रष्टाचार विरुद्धको सं.रा.सं.अभिसन्धिको सम्बन्धित धारा |
|---|---|---|---|---|---|---|---|---|
| १.९.१ | जाहेरवाला, साक्षी र सुराकीको संरक्षण सम्बन्धी एकीकृत कानून निर्माण गर्ने। | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | अख्तियार दुरूपयोग अनुसन्धान आयोग, महान्यायाधिवक्ताको कार्यालय। | १ वर्ष | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | जाहेरवाला, साक्षी, सुराकीको संरक्षण सम्बन्धी एकीकृत कानून निर्माण भएको हुने। | - | ५, ३३, ३७ |
| १.९.२ | सुराकी, साक्षी, जाहेरवाला तथा अनुसन्धानमा सघाउने अभियुक्तको संरक्षण सम्बन्धी कानूनको कार्यान्वयन प्रभावकारी बनाउने। | अख्तियार दुरूपयोग अनुसन्धान आयोग, महान्यायाधिवक्ताको कार्यालय | प्रहरी प्रधान कार्यालय | निरन्तर | गृह मन्त्रालय | कानूनको प्रभावकारी कार्यान्वयन भएको हुने। | अभियुक्तको संरक्षणमा अनुचित दवाव आउन सक्ने । | ३२, ३३, ३६, ३७ |
| **कार्यनीति १.१०: भ्रष्टाचारको संभाव्य क्षेत्रको पहिचान गरी उक्त क्षेत्रको क्रियाकलापमा निगरानी तथा अनुगमन एवम् मूल्याङ्कनको व्यवस्था गर्ने।** | | | | | | | | |
| **क्र.सं.** | **क्रियाकलाप** | **जिम्मेवार निकाय** | **सहयोगी निकाय** | **समयावधि** | **अनुगमन गर्ने निकाय** | **उपलब्धि सूचक** | **जोखिम तथा सीमा** | **भ्रष्टाचार विरुद्धको सं.रा.सं.अभिसन्धिको सम्बन्धित धारा** |
| १.१०.१ | भ्रष्टाचारको संभाव्य क्षेत्र, निकाय तथा पदको पहिचान गरी सोकोआधारमा निगरानी, नियन्त्रण र अनुगमन (Risk mapping and mitigating strategy) गर्ने। | राष्ट्रिय सतर्कता केन्द्र | अख्तियार दुरूपयोग अनुसन्धान आयोग, तीनै तहका सरकार | निरन्तर | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | पहिचान, निगरानी र अनुगमन भएको हुने। | राष्ट्रिय सतर्कता केन्द्रको सीमित क्षमता। | ५, ६, ७, ९, १० |
| १.१०.२ | आचार संहिता निर्माण नभएका सार्वजनिक निकायमा यथाशीघ्र आचार संहिता निर्माण गर्ने। | सम्बन्धित सबै सार्वजनिक निकाय | राष्ट्रिय सतर्कता केन्द्र, अख्तियार दुरूपयोग अनुसन्धान आयोग | १ वर्ष | तिनै तहका सरकार | सबै सार्वजनिक निकायमा आचार संहिता निर्माण भएको हुने। | - | ५, ७, ८ |
| १.१०.३ | आचार संहिताको कार्यान्वयनलाई बाध्यकारी बनाई उल्लङ्घन भएमा विभागीय कारबाही हुने व्यवस्थाको सुनिश्चितता गर्ने। | तिनै तहका सरकार | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय सतर्कता केन्द्र, | १ वर्ष | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र स्थानीय तहहरू | आचार संहिता कार्यान्वयन नभएमा विभागीय कारबाही भएको हुने। | आचार संहिता परिपालनामा उदासिनता हुन सक्ने। | ५, ७, ८ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १.१०.४ | जोखिममा आधारित अनुसन्धान पद्धतिलाई सम्पत्ति शुद्धीकरण निवारण प्रणालीको सशक्त आधारस्तम्भका रूपमा अवलम्बन गर्ने। | अर्थ मन्त्रालय,सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग | नेपाल राष्ट्र बैंक, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, नेपाल प्रहरी, राजस्व अनुसन्धान विभाग | १ वर्ष २– (ढाँचा विकास गरी निरन्तर कार्यान्वयन) | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | (क) जोखिममा आधारित अनुसन्धान म्यानुअल/ कार्यविधि स्वीकृत र लागू भएको; (ख) उच्च जोखिम केसहरूमा अनुसन्धान प्राथमिकता बढेको; (ग) STR/CTR बाट सुरु भएका अनुसन्धानको अनुपात वृद्धि भएको; (घ) आरोप पुष्ट (conviction) तथा सम्पत्ति जफतको दरमा सुधार भएको हुने। | प्रारम्भिक जोखिम वर्गीकरण र जोखिममा आधारित पद्धति पूर्ण स्वचालित वा वस्तुनिष्ठ बनाउन कठिन, प्राविधिक तथा विश्लेषणात्मक क्षमता, गुणस्तरीय डाटामा सीमित पहुँच, अन्तरनिकाय सूचना आदानप्रदान कमजोर। | १४, ३१, ३६, ५८ |
| १.१०.५ | भ्रष्टाचारमा संलग्न कानूनी व्यक्तिको अपराधिक, देवानी र प्रशासनिक दायित्व स्थापित गरी खासगरी फौजदारी दायित्व हुने गरी आवश्यक कानूनी व्यवस्था गर्ने। | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | अख्तियार दुरूपयोग अनुसन्धान आयोग, महान्यायाधिवक्ताको कार्यालय, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, नेपाल राष्ट्र बैंक, सम्बन्धित नियामक निकायहरू | १–२ वर्ष (कानून संशोधन/नयाँ कानून तर्जुमा र लागू) | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | (क) कानूनी व्यक्तिको अपराधिक/देवानी/प्रशासनिक दायित्वसम्बन्धी स्पष्ट कानूनी प्रावधान लागू भएको; (ख) भ्रष्टाचार मुद्दामा कानूनी व्यक्तिविरुद्ध अभियोग दर्ताको संख्या वृद्धि भएको; (ग) जरिवाना, जफत र प्रतिबन्ध (debarment) जस्ता दण्ड प्रयोग भएको; (घ) कसूर प्रमाणित तथा सम्पत्ति जफतको दरमा सुधार भएको हुने। | "corporate criminal liability" प्रति कानूनी विवाद, प्रमाण सङ्कलन तथा जिम्मेवारी निर्धारण जटिल, तथा कार्यान्वयनमा नियामक निकायको क्षमता अभाव। | १४, २६, ३०, ३१ |

**रणनीतिक स्तम्भ २: नवीनतम प्रविधिको उपयोग तथा नागरिक सशक्तिकरणको माध्यमबाट नागरिक कर्तव्य वोध, जवाफदेहिता र पारदर्शितालाई प्रोत्साहन गर्दै सदाचारयुक्त समाजको निर्माण।**

**कार्यनीति २.१: भ्रष्टाचारको कसूरको अनुसन्धानमा प्रमाण सङ्कलन गर्न, कसूर स्थापित गर्न र प्रमाणलाई कानूनतः ग्रहणयोग्य बनाउन नवीनतम प्रविधिको उपयोग गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्ने।**

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | अनुगमन गर्ने निकाय | उपलब्धि सूचक | जोखिम तथा सीमा | भ्रष्टाचार विरुद्धको सं.रा.सं.अभिसन्धिको सम्बन्धित धारा |
|---|---|---|---|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २.१.१ | भ्रष्टाचारको कसूरको अनुसन्धानमा नवीनतम डिजिटल प्रविधिबाट प्रमाण सङ्कलन गर्न सक्ने, प्राप्त डिजिटल प्रमाणलाई पूर्ण प्राथमिक प्रमाणको रूपमा ग्रहण गर्ने गरी प्रमाण ऐन, २०३१ मा आवश्यक संशोधन गर्ने। | कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय | अख्तियार दुरूपयोग अनुसन्धान आयोग, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग | १ वर्ष | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | डिजिटल प्रमाणलाई पूर्ण प्राथमिक प्रमाणको रूपमा ग्रहण गर्ने गरी प्रमाण ऐन, २०३१ मा संशोधन भएको हुने। | डिजिटल प्रविधि बुझेको जनशक्तिको अभाव। | ३१, ३६, ३७, ४६, ४८, ५० |
| २.१.२ | डिजिटल प्रमाणको प्रकृति, प्रमाणित गर्ने निकाय र अधिकारी स्पष्टता गर्ने गरी विद्युतीय कारोवारका सम्बन्धमा नयाँ सूचना प्रविधि ऐन निर्माण गर्ने। | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | अख्तियार दुरूपयोग अनुसन्धान आयोग, प्रमाणीकरण नियन्त्रकको कार्यालय | १ वर्ष | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | नयाँ सूचना प्रविधि ऐन निर्माण भएको हुने। | डिजिटल डाटाको प्रमाणीकरण गर्ने जनशक्ति र संस्थागत क्षमताको अभाव। | ३१, ३७, ४६, ४८, ५० |
| २.१.३ | भ्रष्टाचार निवारणका प्रत्येक क्रियाकलापमा कृत्रिम बुद्धिमत्ताको उपयोग सम्बन्धी कानूनी प्रावधान सुनिश्चित गर्ने। | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | सम्बन्धित विभाग, नियामक निकाय तथा अन्य सरोकारवाला संस्थाहरू | १–२ वर्ष (निरन्तर) | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय / राष्ट्रिय सतर्कता केन्द्र | भ्रष्टाचार निवारणका क्रियाकलापमा कृत्रिम बुद्धिमत्ताको उपयोग भएको हुने। | कृत्रिम बुद्धिमता सम्बन्धी ज्ञानयुक्त जनशक्ति र संस्थागत क्षमताको अभाव, प्रविधिगत जोखिम। | ५, ६, ७, ९, १०, ३६ |
| **कार्यनीतिः २.२: सार्वजनिक सेवालाई छरितो, पारदर्शी, जवाफदेही र पहुँचयोग्य बनाउन डिजिटल प्रविधिको प्रभावकारी उपयोग गर्ने।** | | | | | | | | |
| **क्र.सं.** | **क्रियाकलाप** | **जिम्मेवार निकाय** | **सहयोगी निकाय** | **समयावधि** | **अनुगमन गर्ने निकाय** | **उपलब्धि सूचक** | **जोखिम तथा सीमा** | **भ्रष्टाचार विरुद्धको सं.रा.सं.अभिसन्धिको सम्बन्धित धारा** |
| २.२.१ | सरकारी बजेट प्रणाली तथा सार्वजनिक खरिद प्रक्रियालाई पूर्ण रूपमा डिजिटल गर्नुका साथै बजेट जवाफदेहिता, पारदर्शिता र खुला बजेट प्रणाली अवलम्बन गर्ने। | अर्थ मन्त्रालय र प्रदेश सरकार तथा स्थानीय तहहरू | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | २ वर्ष | संघीय संसद, प्रदेश सभा,नगर/गाउँ सभा, राष्ट्रिय योजना आयोग | बजेट र सार्वजनिक खरिदमा डिजिटल प्रणाली लागु भएको हुने, बजेट पारदर्शिताका सबै उपाय अवलम्बन भएको हुने | प्राविधिक जनशक्ति र संस्थागत क्षमताको कमी, बजेट लुकाउने प्रवृत्ति । | ५, ७, ९, १० |
| २.२.२ | सार्वजनिक सेवामा पारदर्शिता सुनिश्चित गर्न ठेक्का प्रक्रिया, जग्गा रजिष्ट्रेसन प्रक्रिया, शेयर खरिद बिक्री, कर सङ्कलन लगायतका क्षेत्रमा ब्लकचेन मार्फत् कारोबारको निगरानीको प्रबन्ध मिलाउने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक | आन्तरिक राजस्व विभाग, महालेखा नियन्त्रक कार्यालय, सार्वजनिक खरिद अनुगमन कार्यालय, अख्तियार दुरूपयोग अनुसन्धान आयोग | १ वर्ष | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ठेक्का प्रक्रिया, जग्गा रजिष्ट्रेसन, शेयर खरिद बिक्री र कर सङ्कलन जस्ता क्षेत्रमा ब्लकचेन प्रयोग भएको हुने। | प्राविधिक क्षमता र दक्ष जनशक्तिको अभाव; डाटा गोपनीयता तथा साइबर सुरक्षा सम्बन्धी जोखिम; प्रणाली एकीकरण र उच्च लागत। | ५, ९, १०, १२, १४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २.२.३ | नागरिक र सञ्चार माध्यमलाई निगरानी गर्न सहज हुने गरी सरकारी आय व्यय, आयोजना कार्यान्वयनको स्थिति, सरकारी तलब भत्ता लगायतका सरकारी तथ्याङ्क, विवरण र सूचना आम नागरिकको पहुँचका लागि एकै पोर्टलमा राख्ने व्यवस्था गर्ने। | अर्थ मन्त्रालय र प्रदेश सरकार | सूचना प्रविधि मन्त्रालय, सम्बन्धित मन्त्रालयहरू | २ वर्ष र निरन्तर | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सरकारी वजेट, खर्च, आयोजनाको स्थिति, सरकारी तलव भत्ता लगायतको तथ्याङ्क एवं सूचना सवै खुला रूपमा एकै पोर्टलमा राखिएको हुने। | संवेदनशील सूचनाको दुरूपयोगको जोखिम; तथ्याङ्क अद्यावधिक नहुनु वा गलत व्याख्या हुने सम्भावना; प्रणाली सञ्चालन र अन्तरनिकाय समन्वयमा चुनौती। | ५, ९, १० |
| २.२.४ | राजस्व, भन्सार लगायतका क्षेत्रमा संकास्पद वित्तीय लेनदेन पहिचान गर्न जोखिम सङ्केत प्रणाली (Risk Flagging System) सञ्चालन गरी स्वचालित निगरानीको व्यवस्था गर्ने। | अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, आन्तरिक राजस्व विभाग, दुरसञ्चार संस्थान, सार्वजनिक खरिद अनुगमन कार्यालय। | २ वर्ष र निरन्तर | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | जोखिम सङ्केत प्रणाली स्थापना गरी स्वचालित निगरानीको व्यवस्था संचालन भएको हुने। | डेटा गुणस्तर, कानूनी स्पष्टता, प्राविधिक सुरक्षा र संस्थागत स्वतन्त्रतता सम्बन्धी चुनौती। | १४, ५२, ५८ |
| २.२.५ | भ्रष्टाचारको जोखिम रहेका सबै सरकारी कार्यालय तथा निकायहरूमा सिसिटिभि (CCTV) को अनिवार्य व्यवस्था गरी यसको आधारमा कार्यालय प्रमुखले आवधिक रूपमा नियमन गर्ने। | सम्बन्धित मन्त्रालय वा संवैधानिक निकाय | सम्बन्धित विभाग, नियामक निकाय तथा अन्य सरोकारवाला निकाय | १–२ वर्ष जडान (निरन्तर) | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय / राष्ट्रिय सतर्कता केन्द्र | जोखिम रहेका निकायमा सिसिटिभि जडान भएको हुने। | लागत तथा सिसिटिभि नेटवर्किङ्को समस्या हुन सक्ने। | ७, १० |
| २.२.६ | नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट हुने सबै प्रकारको भुक्तानी विद्युतीय भुक्तानी प्रणाली (Electronic Fund Transfer- EFT मार्फत गर्ने।) | अर्थ मन्त्रालय, सम्वन्धित सबै मन्त्रालय/ निकाय, प्रदेश सरकार, स्थानीय तह | महालेखा नियन्त्रकको कार्यालय, नेपाल राष्ट्र वैंक | निरन्तर | महालेखा नियन्त्रकको कार्यालय | तिनै तहबाट हुने भुक्तानी Electronic Fund Transfer- EFT मार्फत भएको हुने। | कमजोर डिटिजल तथा बैंकिङ् पुर्वाधार, साइबर आक्रमण, वा प्रणाली दुरूपयोग हुने तथा, बैंक खाता वा डिजिटल पहुँच नहुंदा वन्चितीकरण हुने सम्भावना। | ५, ९, १० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २.२.७ | राष्ट्रसेवक कर्मचारी र सार्वजनिक पद धारण गरेका पदाधिकारीको ट्रान्सपरेन्सी प्रोफाइल तयार गर्ने। | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय / संवैधानिक निकाय | सम्बन्धित मन्त्रालय, नियामक निकाय तथा अन्य सरोकारवाला संस्था | १ वर्षमा प्रोफाइलको ढाँचा तयार गरी निरन्तर | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय / राष्ट्रिय सतर्कता केन्द्र | सम्बन्धित नीति, प्रणाली वा संरचना कार्यान्वयनमा आएको हुने | व्यक्तिगत डेटा सुरक्षा, तथ्याङ्क अद्यावधिक नहुँने तथा राजनीतिक वा प्रशासनिक दुरूपयोगको जोखिम | ७, ८, १० |
| **कार्यनीतिः २.३: भ्रष्टाचार सम्बन्धी कसुरको अनुसन्धान तथा तहकिकातमा नवीनतम प्रविधिको उपयोग गर्ने।** | | | | | | | | |
| **क्र.सं.** | **क्रियाकलाप** | **जिम्मेवार निकाय** | **सहयोगी निकाय** | **समयावधि** | **अनुगमन गर्ने निकाय** | **उपलब्धि सूचक** | **जोखिम तथा सीमा** | **भ्रष्टाचार विरुद्धको सं.रा.सं.अभिसन्धिको सम्बन्धित धारा** |
| २.३.१ | भ्रष्टाचारसम्बन्धी सूचना तथा पूर्व सूचना दिने कृत्रिम बौद्धिकता (Artificial Intelligence) लगायतका प्रविधि तथा सफ्टवेयर निर्माण गरी कार्यान्वयन गर्ने। | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, अख्तियार दुरूपयोग अनुसन्धान आयोग | अर्थ मन्त्रालय, राष्ट्रिय सतर्कता केन्द्र | २ वर्ष भित्र निर्माण (निरन्तर) | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कृतिम बौद्धिकता लगायतका बहुप्रयोगकर्ता संस्थागत सफ्टवेयर निर्माण भई कार्यान्वयन भएको हुने। | डेटा पक्षपात (bias) का कारण गलत पूर्वानुमान; गोपनीयता तथा डेटा सुरक्षा जोखिम; प्रणालीमा अत्यधिक निर्भरता। | ५ १०, ६१ |
| २.३.२ | भ्रष्टाचारजन्य कसूरको अनुसन्धानमा कृत्रिम बुद्धिमत्ता (Artificial Intelligence) वा अनियमितता डिटेक्सनको समेत सहयोगमा अनुसन्धान शुरु गर्ने गरी स्वचालित अनुसन्धान प्रक्रिया (Suo moto Investigation) को प्रभावकारी रूपमा अवलम्बन गर्ने गरी कानूनी व्यवस्था गर्ने। | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | गृह मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, अख्तियार दुरूपयोग अनुसन्धान आयोग | १ वर्ष | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कानूनी व्यवस्था गरी स्वचालित अनुसन्धान प्रक्रियाको प्रभावकारी रूपमा अवलम्बन भएको हुने। | गलत संकेतका आधारमा अनुसन्धान सुरु हुने जोखिम; प्रक्रियागत न्याय (due process) मा प्रश्न उठ्न सक्ने। | ४८, ४९, ५० |
| २.३.३ | अख्तियार दुरूपयोग अनुसन्धान आयोग र महालेखापरीक्षकको कार्यालयमा प्रविधि विश्लेषक, डिजिटल फोरेन्सिक | अख्तियार दुरूपयोग अनुसन्धान आयोग, महालेखापरीक्षकको कार्यालय | गृह मन्त्रालय, अर्थ मन्त्रालय | २ वर्ष | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | दुवै निकायमा प्रविधि विश्लेषक, डिजिटल फोरेन्सिक विशेषज्ञ सहितको स्वतन्त्र प्रविधि एकाईको स्थापना भएको हुने। | दक्ष जनशक्ति अभाव; संस्थागत स्वतन्त्रता कमजोर हुने जोखिम; स्रोत– | ३६, ३८, ६० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | विशेषज्ञ सहितको स्वतन्त्र प्रविधि एकाईको स्थापना गर्ने। | | | | | | साधन दिगोपनाको चुनौती। | |
| २.३.४ | भ्रष्टाचारको गुनासो सहज रूपमा अनलाईन वा मोवाईलबाट दर्ता गर्न सकिने प्लेट फर्म निर्माण गर्ने र उजुरीको ट्र्याकिङ्ग प्रणाली सहित जवाफदेहिताको सुनिश्चित गर्ने। | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | अख्तियार दुरूपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र, सूचना प्रविधि विभाग, प्रदेश सरकार र स्थानीय तह | १ वर्ष (निरन्तर) | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | अनलाइन वा मोवाइलबाट उजुरी दर्ता गर्न सकिने प्लेट फर्म निर्माण र उजुरीको ट्याकिङ्ग प्रणाली सहित जवाफदेहिता सुनिश्चित भएको हुने। | झुट्टा वा दुर्भावनायुक्त उजुरीको जोखिम; उजुरीकर्ताको सुरक्षा चुनौती। | १०, १३, ३३ |
| **कार्यनीतिः २.४: नवीनतम प्रविधिको उपयोगका लागि संस्थागत सुदृढीकरण गर्ने।** | | | | | | | | |
| **क्र.सं.** | **क्रियाकलाप** | **जिम्मेवार निकाय** | **सहयोगी निकाय** | **समयावधि** | **अनुगमन गर्ने निकाय** | **उपलब्धि सूचक** | **जोखिम तथा सीमा** | **भ्रष्टाचार विरुद्धको सं.रा.सं.अभिसन्धिको सम्बन्धित धारा** |
| २.४.१ | सार्वजनिक खरिद, बजेट, लेखा र राजस्व प्रशासन प्रणालीमा पारदर्शिता, प्रतिस्पर्धा र मूल्य–लाभ सुनिश्चित गर्न डिजिटल र जोखिममा आधारित नियन्त्रण संयन्त्र विकास तथा कार्यान्वयन गर्ने। | सम्बन्धित मन्त्रालय/निकाय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, राष्ट्रिय सतर्कता केन्द्र | निरन्तर (०–५ वर्ष) | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सम्बन्धित नीति, प्रणाली वा संरचना कार्यान्वयनमा आएको हुने। | प्राविधिक क्षमताको कमी, डिजिटल दुरूपयोगको जोखिम। | ५, ९, १० |
| २.४.२ | स्थानीय तह सम्मका कार्यालयहरूमा उच्च गतिको इन्टरनेट पहुँचको व्यवस्था गर्ने। | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | सूचना प्रविधि विभाग, दुरसञ्चार संस्थान | २ वर्ष | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | नेपालका सवै स्थानमा इन्टरनेटको व्यवस्था भएको हुने। | दुर्गम क्षेत्रमा पूर्वाधार चुनौती; उच्च सञ्चालन तथा मर्मत लागत; एवं असमान पहुँचको जोखिम। | १०, १३ |
| २.४.३ | सरकारी कर्मचारी, वैंक कर्मचारी, प्रविधि विज्ञ, प्रहरी समेतलाई डिजिटल साक्षरता लगायतको प्रविधि प्रयोगमा क्षमता अभिवृद्धि गर्ने। | सम्वन्धित मन्त्रालयहरू | सूचना प्रविधि विभाग, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, नेपाल राष्ट्र वैंक, प्रहरी तालिम केन्द्र | निरन्तर | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | तालिम मार्फत क्षमता अभिवृद्धि भएको हुने। | तालिम प्राप्त जनशक्ति स्थानान्तरण हुने जोखिम। | ७, ६० |
| २.४.४ | अख्तियार दुरूपयोग अनुसन्धान आयोग, प्रहरी कार्यालय, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, सूचना प्रविधि विभाग र न्यायपालिकाबिच सूचनाको द्रुत आदान | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | अख्तियार दुरूपयोग अनुसन्धान आयोग, गृह मन्त्रालय, सूचना प्रविधि विभाग | १ वर्ष (निरन्तर) | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रभावकारी सूचना तथा समन्वय संयन्त्रको स्थापना भएको हुने। | सूचना गोपनीयता र अधिकार क्षेत्र विवाद; संस्थागत समन्वय कमजोर | ३६, ३८, ४८, ४९ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | प्रदान र समन्वय कायम गर्ने गरी प्रभावकारी सूचना तथा समन्वय संयन्त्रको स्थापना गर्ने। | | | | | | हुने; प्रविधि मापदण्ड असंगत हुन सक्ने। | |
| **कार्यनीति २.५: राष्ट्रिय अन्तर्राष्ट्रिय सहकार्यको माध्यमबाट क्रिप्टो करेन्सी लगायतका भर्चुअल करेन्सी सम्बन्धी कसूर नियन्त्रण गर्ने।** | | | | | | | | |
| **क्र.सं.** | **क्रियाकलाप** | **जिम्मेवार निकाय** | **सहयोगी निकाय** | **समयावधि** | **अनुगमन गर्ने निकाय** | **उपलब्धि सूचक** | **जोखिम तथा सीमा** | **भ्रष्टाचार विरुद्धको सं.रा.सं.अभिसन्धिको सम्बन्धित धारा** |
| २.५.१ | क्रिप्टो सम्पत्ति, टोकन वा NFT (Non Fungible Token) सम्बन्धमा नीतिगत स्पष्टता गर्ने, सीमापार कारोबार अनुगमन सम्बन्धी रूपरेखा निर्माण र Block Chain Surveillance Tool प्रयोग गर्ने गरी ब्लकचेन निगरानी प्रणाली स्थापना गर्ने। | अर्थ मन्त्रालय | नेपाल राष्ट्र बैंक, राजस्व अनुसन्धान विभाग, नेपाल प्रहरी | २ वर्ष | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | क्रिप्टो सम्पत्ति, टोकन वा NFT सम्बन्धमा नीतिगत स्पष्टता र सिमापार कारोवार अनुमगन फ्रेमवर्क र ब्लकचेन निगरानी प्रणाली स्थापना भएको हुने। | सीमापार प्रविधि भएकाले पूर्ण नियन्त्रण कठिन; प्राविधिक जटिलता र उच्च लागत; गोपनीयता तथा कानूनी विवादको जोखिम। | १४, ५२, ५४, ६० |
| २.५.२ | क्रिप्टो सम्बन्धी परिभाषा गर्ने, भ्रष्टाचारजन्य क्रियाकलापबाट आर्जित सम्पत्ति आङ्ककवादी गतिवधिमा प्रयोग गर्नबाट रोक्न र क्रिप्टो कारोवारलाई नियन्त्रण गर्न ब्लक चेन, स्मार्ट कन्ट्याक्ट, मिक्सिङ टुल्सहरू प्रयोग गर्ने, Crypto Traffic Detection System (नेपालबाट एक्सचेन्जमा प्रत्यक्ष पहुँच रोक्न), Financial Fraud Analytics System (क्रिप्टो खरिद बिक्री मा प्रयोग हुने बैंक खाताहरू पहिचान गर्न) र Unified KYC Data Infrastructure , Biometric and Document Verification , Risk based Scoring समेतका माध्यमबाट फर्जि खाताबाट हुने क्रिप्टो कारोवार रोक्ने गरी नेपाल राष्ट्र बैंक ऐन, २०५८ मा संशोधन गर्ने वा आवश्यक नयाँ कानूनको निर्माण गर्ने। | अर्थ मन्त्रालय | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, नेपाल राष्ट्र बैंक, नेपाल प्रहरी | १ वर्ष | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | क्रिप्टो सम्बन्धी स्पष्ट व्यवस्था हुने गरी नेपाल राष्ट्र बैंक ऐनमा संशोधन भएको हुने वा सो सम्बन्धी छुट्टै क्रिप्टो सम्पत्ति सम्बन्धी नयाँ कानून निर्माण भएको हुने। | अत्यधिक कडाइले वैध नवप्रवर्तन प्रभावित हुन सक्ने; प्रविधि छिटो परिवर्तन हुँदा कानून अप्रासंगिक हुने जोखिम; कार्यान्वयन क्षमताको जोखिम। | १४, २३, ३१, ५२ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २.५.३ | क्रिप्टो कारोवार नियन्त्रणलाई प्रभावकारी बनाउन अख्तियार दुरूपयोग अनुसन्धान आयोग, नेपाल राष्ट्र बैंक, नेपाल दूरसञ्चार प्राधिकरण, संचार तथा सूचना प्रविधि मन्त्रालय, साईवर व्यूरो तथा अन्तर्राष्ट्रिय संस्थाहरू INTERPOL, FATF (Financial Action Task Force), Block Chain Analysis Firms बीचमा सहकार्य तथा समन्वय गर्ने। | अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक | अख्तियार दुरूपयोग अनुसन्धान आयोग, नेपाल प्रहरी | १ वर्ष र निरन्तर | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय। | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ संस्था बीच संस्थागत सहकार्य र समन्वय भएको हुने। | संस्थागत अधिकार क्षेत्र विवाद; अन्तर्राष्ट्रिय सहकार्य ढिलो वा सीमित हुने जोखिम; सूचना साझेदारीमा गोपनीयता चुनौती। | ३६, ३८, ४८, ४९, ६० |
| **कार्यनीति: २.६: भ्रष्टाचार नियन्त्रणका लागि सबै क्षेत्रको संलग्नतामा प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गर्ने।** | | | | | | | | |
| **क्र.सं.** | **क्रियाकलाप** | **जिम्मेवार निकाय** | **सहयोगी निकाय** | **समयावधि** | **अनुगमन गर्ने निकाय** | **उपलब्धि सूचक** | **जोखिम तथा सीमा** | **भ्रष्टाचार विरुद्धको सं.रा.सं.अभिसन्धिको सम्बन्धित धारा** |
| २.६.१ | नागरिक समाज, गैरसरकारी तथा सामुदायिक संस्थाहरू र निजी क्षेत्रको सक्रिय सहभागितामा भ्रष्टाचार विरुद्धको सचेतनामूलक कार्यक्रम सङ्घ, प्रदेश र स्थानीय तहमा सञ्चालन गर्ने। | राष्ट्रिय सतर्कता केन्द्र, नागरिक समाज, गैरसरकारी तथा सामुदायिक संस्थाहरू र निजी क्षेत्रका छाता सङ्गठनहरू | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, रेडियो नेपाल, नेपाल टेलिभिजन लगायतका सञ्चार माध्यम, नागरिक समाज, प्रदेश र स्थानीय तह | निरन्तर | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | वार्षिक रूपमा आयोजना गरीएका सचेतनामूलक कार्यक्रमको सङ्ख्या। | कार्यक्रम औपचारिकतामा सीमित हुन सक्ने; दिगोपनाको चुनौती। | ५, १३ |
| २.६.२ | नागरिक समाज तथा सञ्चार माध्यमबाट भ्रष्टाचार नियन्त्रणका क्षेत्रमा गरिएका उत्कृष्ठ अभ्यासहरूलाई प्रोत्साहन गर्ने गरी आफ्ना क्रियाकलापहरू सञ्चालन गर्ने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | राष्ट्रिय सतर्कता केन्द्र, सम्बन्धित विभाग, नियामक निकाय तथा अन्य सरोकारवाला संस्था | १-२ वर्ष (निरन्तर) | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय / राष्ट्रिय सतर्कता केन्द्र | भ्रष्टाचार नियन्त्रणमा सक्रिय नागरिक समाजका प्रतिनिधि र पत्रकारहरू सम्मानीत/पुरस्कृत भएका हुने। | स्पष्ट मापदण्ड नहुँदा पक्षपात हुने जोखिम। | १०, १३ |
| २.६.३ | विश्वविद्यालय एवं विद्यालयस्तरको पाठ्यक्रममा "भ्रष्टाचार समाज विरुद्धको अपराध" भन्ने विषयलाई समावेश गरी भ्रष्टाचार विरुद्ध सामाजिक सचेतना जगाउने। | शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय | अख्तियार दुरूपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र, पाठ्यक्रम विकास केन्द्र | निरन्तर | राष्ट्रिय सतर्कता केन्द्र | विद्यालयस्तरको पाठ्यक्रममा भ्रष्टाचार समाज विरुद्धको अपराध भन्ने विषय समावेश भएको हुने। | पाठ्यक्रम अद्यावधिक ढिलो हुने। | १३ |
| २.६.४ | शैक्षिक तथा प्रशासनिक क्षेत्रमा नैतिकता तथा आचरण सम्बन्धी सिद्धान्तको | शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, | सम्बन्धित विभाग, नियामक निकाय तथा | निरन्तर | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को | शैक्षिक तथा प्रशासनिक संस्थाहरू नैतिकवान भएको हुने। | नैतिकताको मापन अस्पष्ट हुने र | ७, ८ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | अध्ययन/अद्यापन गरी नैतिकवान संस्थाको रूपमा विकास गर्ने। | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, र संवैधानिक निकाय | अन्य सरोकारवाला संस्था | | कार्यालय / राष्ट्रिय सतर्कता केन्द्र | | मूल्याङ्कन संयन्त्र कमजोर। | |
| २.६.५ | भ्रष्टाचार विरुद्धको जनचेतना अभिवृद्धिका लागि सूचना, शिक्षा तथा सञ्चार (Information, Education Communication) सामाग्रीको तयारी र वितरण गर्ने। | तीनै तहका सरकार, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र | शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह | निरन्तर | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सूचना शिक्षा तथा सञ्चार सामाग्रीको तयारी र वितरण भएको हुने। | सन्देश लक्षित समूहसम्म नपुग्ने; सामग्री दोहोरिने; स्रोतको अपव्यय हुन सक्ने। | १०, १३ |
| २.६.६ | कालो बजारी, मिलेमतो, कृत्रिम अभाव तथा अनैतिक लेनदेनलाई पूर्ण रूपमा निरुत्साहित गर्न निजिक्षेत्रको छाता संगठनहरूलाई क्रियाशील गराउने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | सम्बन्धित मन्त्रालय वा संवैधानिक निकाय सम्बन्धित विभाग, नियामक निकाय तथा अन्य सरोकारवाला संस्था | १–२ वर्ष (निरन्तर प्रकृतिका हकमा निरन्तर) | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय / राष्ट्रिय सतर्कता केन्द्र | निजिक्षेत्रको छाता संगठनहरू सक्रिय भै कालो बजारी, मिलेमतो, कृत्रिम अभाव तथा अनैतिक लेनदेनलाई नियन्त्रण भएको हुने। | निजी क्षेत्रको प्रतिरोध; स्वनियमन कमजोर; स्वार्थको द्वन्द्व हुन सक्ने। | ५, १२ |
| २.६.७ | भ्रष्टाचार विरुद्ध नागरिक निगरानी संस्था (Citizen Jury) गठन र विस्तार गर्ने। | स्थानीय तह | अख्तियार दुरूपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र, नागरिक समाज | ५ वर्ष | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय / राष्ट्रिय सतर्कता केन्द्र | भ्रष्टाचार विरुद्ध सबै जिल्लामा नागरिक निगरानी संस्था (Citizen Jury) गठन तथा विस्तार भएको हुने। | कानूनी हैसियत अस्पष्ट; दुरूपयोग वा राजनीतिकरण; सामाजिक अवरोध हुन सक्ने। | १३ |
| २.६.८ | व्यक्तिको सम्पत्तिको स्रोतको पहिचान गर्ने र गलत तरिकाबाट आम्दानी गरेको सम्पत्तिको अस्वीकृतिको संस्कृति (Culture of rejection) विकास गर्ने। | सवै सरकारी मन्त्रालय/निकाय वा संवैधानिक निकाय | सम्बन्धित विभाग, नियामक निकाय, नागरिक समाज तथा अन्य सरोकारवाला संस्था | निरन्तर | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय / राष्ट्रिय सतर्कता केन्द्र | समाजमा गलत तरिकाबाट आम्दानी गरेको सम्पत्तिको अस्वीकृतिको संस्कृति विकसित भएको हुने। | सामाजिक प्रतिरोध हुन सक्ने। | ५, १३, ५२ |
| २.६.९ | सत्य, निष्पक्ष र विश्वासनीय स्रोतमा आधारित सूचना सम्प्रेषण गर्न सञ्चार क्षेत्रलाई प्रोत्साहन गर्ने। | संचार तथा सूचना प्रविधि मन्त्रालय | सम्बन्धित मन्त्रालय वा संवैधानिक निकाय, सम्बन्धित विभाग, नियामक निकाय तथा अन्य सरोकारवाला संस्था | निरन्तर | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | संचारमाध्मवाट प्रकाशित प्रसारित सूचना तथ्यपरक र विश्वसनीय भएको हुने। | | १०, १३ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २.६.१० | सदाचार प्रवर्द्धनबाट सुशासन र समृद्धि भन्ने नारा सहित स्वजारण, स्वमूल्याङ्कन र स्वनियमनका कार्यक्रमहरू चलाउने। | संवैधानिक निकाय र सम्बन्धित तीनै तहका सरकार र सार्वजनिक निकायहरू, राष्ट्रिय सतर्कता केन्द्र | प्रधानमन्त्री तथा मन्त्रिपरिपषद्को कार्यालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | १ वर्षमा तालिमका मोड्यूलहरू तयार गरी निरन्तर सञ्चालन गर्ने | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय / राष्ट्रिय सतर्कता केन्द्र | सबै राष्ट्रसेवकहरूले स्वजागरण सम्बन्धी तालिम पाएको हुने। | स्वमूल्याङ्कन औपचारिक हुने; अनुगमन कमजोर; परिणाम मापन कठिन हुने। | ५. ७ |
| २.६.११ | सवै राष्ट्रसेवकहरूलाई चक्र विज्ञान, योग तथा ध्यानको माध्यमबाट सत्यनिष्ठायुक्त र कर्तव्यनिष्ठ बनाउन तालिम सञ्चालन गर्ने। | संवैधानिक निकाय र सम्बन्धित तीनै तहका सरकार र सबै सार्वजनिक निकायहरू, राष्ट्रिय सतर्कता केन्द्र | योग ध्यान सञ्चालन गर्ने संस्थाहरू | वार्षिक कार्यक्रममा राखी निरन्तर सञ्चालन गर्ने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय / राष्ट्रिय सतर्कता केन्द्र | तालिमबाट राष्ट्रसेवकको व्यवहार परिवर्तन भई भ्रष्टाचारका उजुरीहरू घटेको हुने। | व्यक्तिगत विश्वाससँग टकराव; प्रभाव मापन कठिन; संस्थागत प्राथमिकतामा नपर्न सक्ने। | ७, ८ |
| २.६.१२ | वैयक्तिक सत्यनिष्ठा सूचक (Individual Integrity Index) विकास गरी सबै राष्ट्रसेवकको वृत्ति विकाससँग आवद्ध गर्ने गरी सम्बन्धित ऐनमा व्यवस्था गर्ने। | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र अन्य सम्बन्धित निकाय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, लोक सेवा आयोग, राष्ट्रिय सतर्कता केन्द्र | २–३ वर्ष | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | Individual Integrity Index कानुनद्धारा स्थापित भै कर्मचारीको वृत्ति विकाससँग आबद्ध भएको हुने। | मापन सूचकको वस्तुगनिष्ठता सुनिश्चित गर्न कठिन, कर्मचारी प्रतिरोध, गोपनीयताको चिन्ता। | ७, ८ |
| २.६.१३ | विद्यालयमा विद्यार्थीहरूमा वित्तीय साक्षरता, जिम्मेवारी र नैतिक व्यवहार विकास गर्न वित्तीय प्रोत्साहनमा आधारित क्रियाकलापहरू सञ्चालन गर्ने। | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक, स्थानीय तह | निरन्तर | स्थानीय सरकार | पाठ्यक्रम/कार्यक्रम संख्या, सहभागी विद्यार्थी संख्या। | पाठ्यक्रममा राख्न कठिन, कार्यान्वयन असमानता। | १३ |
| २.६.१४ | वित्तीय अपराधप्रति सचेत बनाउन युवाहरूका लागि वित्तीय अपराध साक्षरता कार्यक्रम सञ्चालन गर्ने। | युवा तथा खेलकुद मन्त्रालय, अर्थ मन्त्रालय | नेपाल राष्ट्र बैंक, FIU, गैरसरकारी संस्था | निरन्तर | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कार्यक्रम संख्या, सहभागी युवा संख्या। | युवाको पहुँच सीमित हुन सक्ने | १३, ६० |
| २.६.१५ | युवाहरूका लागि सार्वजनिक सम्पत्तिको पवित्रता र त्यसको संरक्षणप्रतिको जिम्मेवारीबोध गर्ने कार्यक्रम सञ्चालन गर्ने। | युवा तथा खेलकुद मन्त्रालय | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह | निरन्तर | राष्ट्रिय सतर्कता केन्द्र | सचेतना कार्यक्रम संख्या, सहभागी युवा समूह। | व्यवहार परिवर्तन मापन कठिन हुने। | ५, १३ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २.६.१६ | प्रत्येक व्यावसायिक प्रतिष्ठानले व्यावसायिक सत्यनिष्ठा आचारसंहिता (Code of Business Integrity) तर्जुमा गरी लागू गर्ने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | निजी क्षेत्रका छाता संगठनहरू | १–२ वर्ष | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | आचारसंहिता लागू प्रतिष्ठान संख्या। | स्वेच्छिक पालना कमजोर हुन सक्ने | १२ |
| २.६.१७ | व्यवसायिक निष्ठा सुदृढ गर्न फर्म/कम्पनीका छाता संगठनहरूले भ्रष्टाचार विरोधी अनुपालन कार्यक्रम (Anti-corruption Compliance Programmes) सञ्चालन गर्ने। | व्यावसायिक छाता संगठनहरू | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, संवैधानिक र नियामक निकायहरू | निरन्तर | राष्ट्रिय सतर्कता केन्द्र | कार्यक्रम संख्या। | निजी क्षेत्रको सीमित प्रतिबद्धता | १२, २६ |

**रणनीतिक स्तम्भ ३: सबै क्षेत्रमा हुने भ्रष्टाचारजन्य कार्यलाई अपराधीकरण गर्ने र राज्यलाई हानि नोक्सानी भएको वा अनुचित लाभ लिए दिएकोमा बाहेक दुष्कृतिजन्य कार्य सच्चाउन अवसर प्रदान गर्ने गरी नीतिगत तथा कानूनी व्यवस्थामा सुधार।**

**कार्यनीति ३.१: सहकारी क्षेत्र र पब्लिक वा प्राइभेट कम्पनी वा अन्य कुनै निजी सङ्घ, संस्थामा हुने भ्रष्टाचार निवारण गर्न आवश्यक व्यवस्था गर्ने।**

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | अनुगमन गर्ने निकाय | उपलब्धि सूचक | जोखिम तथा सीमा | भ्रष्टाचार विरुद्धको सं.रा.सं.अभिसन्धिको सम्बन्धित धारा |
|---|---|---|---|---|---|---|---|---|
| ३.१.१ | सहकारी क्षेत्र र सार्वजनिक वा निजी कम्पनी वा अन्य कुनै निजी सङ्घ, संस्थामा हुने भ्रष्टाचारको परिभाषा, भ्रष्टाचारजन्य कसूर र सजाय, निजीक्षेत्रको सम्पत्ति हिनामिना वा नोक्सानीको विगो भराउने, अनुसन्धान, तहकिकात एवं अभियोजन गर्ने निकाय तथा मुद्दा हेर्ने निकाय समेत तोक्ने गरी नयाँ भ्रष्टाचार निवारण ऐनको निर्माण गर्ने। | कानून न्याय तथा संसदीय मामिला मन्त्रालय, व्यवस्थापिका संसद | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, अर्थ मन्त्रालय, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, नेपाल राष्ट्र बैंक, सहकारी विभाग, नेपाल प्रहरी | २ वर्ष | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सहकारी क्षेत्र र सार्वजनिक वा निजी कम्पनी वा अन्य कुनै निजी सङ्घ, संस्थामा हुने भ्रष्टाचार निवारणको लागि नयाँ कानूनको निर्माण भएको हुने। | निजी क्षेत्रको प्रतिरोध, अधिकारक्षेत्र सम्बन्धी संवैधानिक विवाद, कार्यान्वयन क्षमताको कमी हुन सक्ने। | १२, २१, २२, २६, ३०, ३६ |
| ३.१.२ | व्यापारिक प्रतिस्पर्धामा घटाउने (Competition manipulation) क्रियाकलाप बाट भ्रष्टाचार हुन सक्ने कार्यलाई दण्डनीय बनाउने। | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सार्वजनिक खरिद अनुगमन कार्यालय, उपभोक्ता अदालत | २ वर्ष भित्र | प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय | सम्बन्धित ऐन/कानून संशोधन वा नयाँ कानूनी प्रावधान, दर्ता तथा कारबाही भएका मुद्दा संख्या। | निजी क्षेत्रको विरोध, प्रमाण सङ्कलनमा जटिलता। | १२, २१ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३.१.३ | जारी हुने नयाँ भ्रष्टाचार निवारण ऐनका प्रावधानहरूसँग तादाम्यताता हुने गरी निजीक्षेत्रसँग सम्वद्ध प्रचलित कानून संशोधन गर्ने। | कानून न्याय तथा संसदीय मामिला मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय व्यवस्थापिका संसद। | सम्बन्धित मन्त्रालय तथा नियमनकारी निकायहरू, अख्तियार दुरूपयोग अनुसन्धान आयोग | ३ वर्ष | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | संस्था दर्ता ऐन, २०३४, कम्पनी ऐन, २०६३, प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४, साझेदारी ऐन, २०२०, सहकारी ऐन, २०७४, बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३, समेतका प्रचलित कानूनहरूमा निजी क्षेत्रको भ्रष्टाचार निवारणका लागि जारी हुने ऐनसँग मेल खाने गरी सुधार र परिमार्जन/ संशोधन भएको हुने। | बहु–कानून संशोधनका कारण ढिलाइ, कानूनी असंगति, संसदबाट समयमै पारित गर्न कठिनाई र नीजि क्षेत्रको विरोध हुन सक्ने। | १२, २१, २२, २६ |
| ३.१.४ | कम्पनी, साझेदारी फर्म, अन्य निजी सङ्घ संस्था तथा सहकारी क्षेत्रमा हुने सबै प्रकारका अनियमितता वा भ्रष्टाचार सम्बन्धी काम कारबाहीलाई निरुत्साहित गर्न मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को घर जग्गा लिखत पारित सम्बन्धी कानूनी व्यवस्था लगायत निजी क्षेत्रसँग सम्बन्धित अन्य ऐन नियमहरूमा समयानुकूल संशोधन/ परिमार्जन गर्ने। | सम्बन्धित मन्त्रालय वा निकाय | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, अर्थ मन्त्रालय, गृह मन्त्रालय, अख्तियार दुरूपयोग अनुसन्धान | २ वर्ष | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय / राष्ट्रिय सतर्कता केन्द्र | सम्बन्धित कानून परिमार्जन भएको हुने। | निजी क्षेत्रको विरोध, कार्यान्वयन जटिलता, अनुगमन कमजोर। | ५, १२, २१, २२, २६ |
| ३.१.५ | निजी क्षेत्रको आर्थिक, वित्तीय वा व्यापारिक क्रियाकलापमा घुस लिने दिने कार्यलाई दण्डनीय बनाउने। | कानून न्याय तथा संसदीय मामिला मन्त्रालय, व्यवस्थापिका संसद | अर्थ मन्त्रालय, उद्योग वाणिज्य महासङ्घ, नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्था, अख्तियार दुरूपयोग अनुसन्धान आयोग | २ वर्ष | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | नयाँ ऐनमा घुस लिने दिने कार्यलाई दण्डनीय तुल्याउने गरी व्यवस्था भएको हुने र निजी क्षेत्रसँग सम्बन्धित हाल प्रचलित कानूनहरूमा | प्रमाण सङ्कलन कठिनाइ, गोप्य लेनदेन, अभियोजन कमजोर | १२, २१, २६ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | समेत सोही अनुकूल संशोधन भएको हुने। | | |
| ३.१.६ | सरकारी वा सार्वजनिक सम्पत्ति हिनामिना वा सार्वजनिक सम्पत्तिमा हानि नोक्सानी पुऱ्याउने गरी निजी क्षेत्रबाट हुने भ्रष्टाचारजन्य कार्य नियन्त्रणका लागि कानुनी व्यवस्था गर्ने। | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, व्यवस्थापिका संसद | अर्थ मन्त्रालय, उद्योग वाणिज्य महासङ्घ, नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्था, अख्तियार दुरूपयोग अनुसन्धान आयोग | २ वर्ष | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सरकारी वा सार्वजनिक हानि नोक्सानी पुऱ्याउने व्यक्ति वा संस्थालाई थप सजाय हुने गरी नयाँ कानूनी व्यवस्था भएको हुने। | दायित्व छुट्याउन कठिनाइ, दीर्घकालीन मुद्दाबाजी। | १२, १४, १५, १६, १७, ५२ |
| ३.१.७ | सहकारी क्षेत्र र सार्वजनिक वा निजी कम्पनी वा अन्य कुनै निजी सङ्घ, संस्थाले आम्दानी र खर्चको विवरण अभिलेखमा हेरफेर गर्ने/ नजनाउने वा नभएको खर्च देखाउने वा गलत लिखत प्रयोग गर्ने वा स्रेस्तालाई मनसायपूर्वक नष्ट गर्ने जस्ता कार्यलाई दण्डनीय बनाउन कानूनी व्यवस्था गर्ने। | कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, व्यवस्थापिका संसद | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, अर्थ मन्त्रालय, सहकारी विभाग, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, नेपाल प्रहरी | २ वर्ष | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | निजी क्षेत्रको भ्रष्टाचार निवारणका लागि निजी क्षेत्रसँग सम्बन्धित हाल प्रचलित कानूनहरूमा संशोधन गरी दण्डनीय व्यवस्था लागु भएको हुने। | लेखा प्रणाली कमजोर, फर्जी कागजात, दक्ष जनशक्ति अभाव। | १२, १४, २१, २२, २६ |
| ३.१.८ | सहकारी क्षेत्रमा हुने अनियमितता नियन्त्रणका लागि प्रचलित कानूनी तथा संस्थागत व्यवस्थालाई थप प्रभावकारी बनाउने। | भूमि व्यवस्था, सहकारी तथा गरीबी निवारण मन्त्रालय | अर्थ मन्त्रालय, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, नेपाल राष्ट्र बैंक, सहकारी विभाग, नेपाल प्रहरी | निरन्तर | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, संसदीय समिति | मौजुदा कानूनी तथा संस्थागत व्यवस्था प्रभावकारी भएको हुने। | फर्जी नाम प्रयोग, डाटा अद्यावधिक नहुनु। | ५, १२, २६ |
| ३.१.९ | व्यापार व्यवसायको वास्तविक हिताधिकारी धनी (Beneficial Owner) को पहिचान गर्ने प्रबन्ध गर्ने। | कम्पनी रजिष्ट्रारको कार्यालय | उद्योग वाणिज्य तथा आपूर्तपि मन्त्रालय, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग तथा नियमनकारी निकायहरू | निरन्तर | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | निजी क्षेत्रको पारदर्शिताका लागि वास्तविक लाभग्राही (Beneficial Owner) को पहिचानको व्यवस्था भएको हुने। | नगद कारोबार लुकाउने प्रयास, अनुगमन कमजोर। | १२, १४, ५२ |
| ३.१.१० | निजी क्षेत्रबाट हुने शेयर खरिद बिक्री लाई नियमित, पारदर्शी र व्यवस्थित तुल्याउन दश लाख रुपैयाँ भन्दा वढी रकमको संस्थागत वा व्यक्तिगत | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, अर्थ मन्त्रालय | कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल राष्ट्र बैंक | ६ महिनाभित्र | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | दश लाख रुपैयाँ भन्दा वढी रकमको संस्थागत वा व्यक्तिगत शेयर खरिद बिक्री समेतको | | १२, १४, २१, ५२ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | शेयर खरिद बिक्री को लगत अभिलेख प्रमाणीकरण गर्दा खरिदकर्ताले बिक्री कर्ताको वैंक खातामा रकम जम्मा गरेको सक्कलै वैंक स्टेटमेण्ट र सो को भौचर वा A/C Payee चेक समेत पेश गराई शेयर लगत अभिलेख राखिदिने गरी कम्पनी निर्देशिका, २०७२ संशोधन गर्ने। | | | | | कारोवारमा अनिवार्य रूपमा A/C Payee चेक वा वैंक स्टेटमेण्ट र भौचर समेत पेश गर्नुपर्ने गरी कम्पनी निर्देशिका संशोधन भएको हुने। | | |
| ३.१.११ | निजी क्षेत्रबाट हुने शेयर खरिद विक्रीलाई नियमित, पारदर्शी र व्यवस्थित तुल्याउन दश लाख रुपैयाँ भन्दा वढी रकमको संस्थागत वा व्यक्तिगत शेयर खरिद बिक्रीको लगत अभिलेख प्रमाणीकरण गर्दा रकम लेनदेन गरेको आधिकारिक प्रमाण पेश नगराई शेयर लगत प्रमाणीकरण गर्ने कर्मचारीलाई निजामती सेवा ऐन बमोजिम विभागीय कारबाही गर्ने र त्यस्तो शेयर लगत वदर हुने गरी कम्पनी निर्देशिका, २०७२ मा संशोधन गर्ने। | उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, अर्थ मन्त्रालय | कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल राष्ट्र बैंक | ३ महिनाभित्र | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | शेयर खरिद बिक्रीमा रकम लेनदेन गरेको प्रमाण नराखी शेयर लगत प्रमाणीकरण गरेमा विभागीय कारबाही हुने र शेयर लगत समेत वदर हुने गरी कम्पनी निर्देशिका २०७२ मा संशोधन भएको हुने। | कानून निर्माणमा ढिलाइ, निजी क्षेत्रको प्रतिरोध, अधिकारक्षेत्र सम्बन्धी संवैधानिक विवाद, कार्यान्वयन क्षमताको कमी। | ५, १२, १४, २१, ५२ |
| ३.१.१२ | कम्पनी ऐनमा व्यवस्था भए बमोजिम निजी क्षेत्रको शेयर खरिद बिक्रीमा रकम लेनदेन गरेको आधिकारिक प्रमाण पेश नगरी नगराई शेयर लगत अभिलेख प्रमाणीकरण गर्ने गराउने शेयरधनी र कर्मचारीलाई भ्रष्टाचारको कसूरमा अनुसन्धान गरी कारबाही गर्ने र त्यस्तो शेयर लगत समेत वदर हुने गरी कानूनी व्यवस्था गर्ने। | उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, व्यवस्थापिका संसद | कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड | २ वर्ष | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | सम्बन्धित विधेयक र ऐनमा निजी क्षेत्रको शेयर खरिद बिक्रीमा रकम लेनदेनको आधिकारिक प्रमाण पेश नगरी नगराई शेयर लगतको अभिलेख प्रमाणीकरण गरे गराएमा भ्रष्टारको कसूरमा अनुसन्धान तथा कारबाही गरी | प्रमाण सङ्कलन कठिन; मिलेमतोको सम्भावना; मुद्दा लामो हुने जोखिम। | १२, १४, २१, २६, ३६, ५२ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | शेयर लगत समेत वदर हुने व्यवस्था सहित कानून निर्माण भएको हुने। | | |
| ३.१.१३ | निजी क्षेत्रबाट दश लाख रुपैयाँ भन्दा वढी रकमको संस्थागत वा व्यक्तिगत घर जग्गा खरिद बिक्री गर्दा खरिदकर्ताले बिक्री कर्ताको वैंक खातामा रकम जम्मा गरेको सक्कलै वैंक स्टेटमेण्ट र सो को भौचर वा A/C Payee चेक समेत पेश नगरी घर जग्गाको लिखत पारित गर्न गराउन नहुने गरी मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को लिखत पारित सम्बन्धी व्यवस्थामा संशोधन गर्ने। | भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | अर्थ मन्त्रालय, कानून न्याय तथा संसदीय मामिला मन्त्रालय, मालपोत कार्यालय, नापी कार्यालय | १ वर्ष | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, | घर जग्गा खरिद बिक्री मा वैंक स्टेटमेण्ट र सो को भौचर वा A/C Payee चेक समेत पेश नगरी घर जग्गाको लिखत पारित गर्न गराउन नहुने गरी मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को लिखत पारित सम्बन्धी व्यवस्थामा आवश्यक संशोधन भएको हुने। | गोप्य/नगद लेनदेन लुकाउने प्रयास, फर्जि कागजात वनाउने सम्भावना। | ५, १२, १४, ५२ |
| ३.१.१४ | मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को लिखत पारित सम्बन्धी संशोधित व्यवस्था बमोजिम खरिदकर्ताले बिक्री कर्ताको वैंक खातामा रकम जम्मा गरेको सक्कलै वैंक स्टेटमेण्ट र सो को भौचर वा A/C Payee चेक समेत पेश नगरी घर जग्गाको लिखत पारित गरे गराएमा विभागीय कारबाही र भ्रष्टाचारमा अनुसन्धान गर्न सक्ने गरी आवश्यक कानूनी व्यवस्था गर्ने। | भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | अर्थ मन्त्रालय, कानून न्याय तथा संसदीय मामिला मन्त्रालय, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग | १ वर्ष | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | मुलुकी देवानी कार्यविधि संहिता २०७४ को लिखत पारित सम्बन्धी व्यवस्थामा संशोधन र अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐनमा समेत आवश्यक संशोधन भएको हुने। | गोप्य लेनदेन लुकाउने प्रयास; कर्मचारी-सेवाग्राही मिलेमतो; अनुसन्धान प्रक्रिया लम्बिनु। | १४, १५, ३६, ५२ |
| **कार्यनीति ३.२: निजी क्षेत्रका हरेक क्रियाकलापमा सुशासन प्रत्याभूत गर्ने।** | | | | | | | | |
| **क्र.सं.** | **क्रियाकलाप** | **जिम्मेवार निकाय** | **सहयोगी निकाय** | **समयावधि** | **अनुगमन गर्ने निकाय** | **उपलब्धि सूचक** | **जोखिम तथा सीमा** | **भ्रष्टाचार विरुद्धको सं.रा.सं.अभिसन्धिको सम्बन्धित धारा** |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३.२.१ | निजी सङ्घ, संस्थाको भ्रष्टाचार समेत समेट्ने गरी निर्माण हुने भ्रष्टाचार निवारण ऐनका प्रावधानहरूसँग तादाम्यता हुने गरी प्रचलित कानून, निर्देशिका वा मापदण्डमा संशोधन/ पुनरावलोकन गर्ने र निजी क्षेत्रको आम्दानी र खर्चको लेखा तथा स्रेस्ता राख्ने तरिका एवं लेखापरीक्षणको मापदण्ड समेत निर्धारण गर्ने। | अर्थ मन्त्रालय, महालेखा परीक्षकको कार्यालय | सम्वन्धित सवै मन्त्रालय तथा निकायहरू, नेपाल चार्टड एकाउन्टेन्ट संस्था | १ वर्ष | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | नयाँ जारी हुने भ्रष्टाचार निवारण ऐनका प्रावधानसँग तादाम्यताता हुने गरी दूरसञ्चार ऐन, २०५३, नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३, बीमा ऐन, २०७९, नेपाल चार्टर्ड एकाउण्टेण्ट ऐन,२०५३, लगायतका कानूनहरूमा आवश्यक संशोधन भएको हुने र निजी क्षेत्रको आम्दानी र खर्चको लेखा र स्रेस्ता राख्ने तरिका र लेखापरीक्षणको मापदण्ड तयार भएको हुने। | बहु–कानून संशोधन ढिलाइ; कानूनी असंगति; निजी क्षेत्रको प्रतिरोध हुन सक्ने। | ५, १२, २१, २६ |
| ३.२.२ | निजी सङ्घ संस्थाको कामकारबाहीमा स्वार्थको द्वन्द्व हुन नदिन र व्यवसाय सम्बन्धी कामकारबाहीको उचित सम्पादन गर्न तथा सम्बद्ध निजी संस्थाको कामकारबाहीमा शुद्धता कायम गर्न आचारसंहिता, निर्देशिका वा मापदण्ड वा कार्यविधिको विकास गर्ने। | सम्वन्धित मन्त्रालय तथा केन्द्रीयस्तरका निकाय, प्रदेश सरकार | सम्वन्धित मन्त्रालय तथा केन्द्रीयस्तरका निकाय, नीजि छाता संगठनाहरू | १ वर्ष | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | निजी क्षेत्रसँग सम्बन्धित प्रचलित कानूनहरूमा आवश्यक संशोधन गरी तिनका काम कारबाहीमा स्वार्थको द्वन्द्व हुन नदिन र व्यवसायमा शुद्धता कायम गर्न आचारसंहिता, मापदण्ड र कार्यविधिको व्यवस्था भएको हुने। | स्वनियमन कमजोर; अनुगमन गर्न कठिनाई। | ५, १२ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३.२.३ | निजी सङ्घ संस्थामा आन्तरिक लेखापरीक्षण तथा नियन्त्रणको व्यवस्थालाई सुदृढ तुल्याई पारदर्शिता अभिवृद्धि गर्ने। | सम्वन्धित मन्त्रालय तथा केन्द्रीयस्तरका निकाय | अर्थ मन्त्रालय, नीजि छाता संगठनाहरू | निरन्तर | नियमनकारी निकाय | निजी संस्थामा आन्तरिक लेखापरीक्षण नियन्त्रणको व्यवस्था सुदृढ भई पारदर्शिताको अभिवृद्धि भएको हुने। | दक्ष जनशक्ति अभाव; आन्तरिक मिलेमतो; लागत वृद्धि। | १२ |
| ३.२.४ | सार्वजनिक खरिद कार्यमा संलग्न निजी क्षेत्रका व्यवसायीको कारोवारको सम्बन्धमा प्रचलित कानून बमोजिम कारोवार गरे नगरेको सम्बन्धमा छानबिन, जाँचवुझ गर्ने। | आन्तरिक राजस्व विभाग, राजस्व अनुसन्धान विभाग, सार्वजनिक खरिद अनुगमन कार्यालय | अर्थ मन्त्रालय, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय | निरन्तर | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सार्वजनिक खरिद सँग संलग्न हुने निजी क्षेत्रका व्यवसायीको कारोवारको सम्बन्धमा प्रचलित नियम कानून अनुसार कारोवार गरे नगरेको सम्बन्धमा छानबिन, जाँचवुझ भएको हुने। | प्रमाण सङ्कलन कठिन; राजनीतिक/व्यावसायिक दबाब हुन सक्ने। | ९, १२, २१ |
| ३.२.५ | निजी क्षेत्रको लेखाको स्रेस्ता र लेखापरीक्षणका स्थापित मापदण्डहरू परिपालना भए नभएको अनुगमन गरी नभएमा सजाय गर्ने कानूनी व्यवस्था गर्ने। | अर्थ मन्त्रालय महालेखा परिक्षकको कार्यालय | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, नेपाल चार्टड एकाउन्टेन्ट संस्था, नेपाल कानून आयोग | २ वर्ष | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | संस्था दर्ता ऐन, २०३४, कम्पनी ऐन, २०६३, प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४, साझेदारी ऐन, २०२०, सहकारी ऐन, २०७४, बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३, बीमा ऐन, २०७९, नेपाल चार्टर्ड एकाउण्टेण्ट ऐन, २०५३, लगायतका ऐनहरूमा आवश्यक संशोधन गरी लेखाको स्रेस्ता र लेखापरीक्षणका स्थापित मापदण्डहरू परिपालना नभएमा | कार्यान्वयन कमजोर; दण्ड चयनात्मक हुन सक्ने। | १२, २६ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | दण्डित गर्ने व्यवस्था भएको हुने। | | |
| ३.२.६ | कानूनतः नियमनकारी निकाय नतोकिएका कम्पनी वा सङ्घ संस्थाको नियमनकारी निकाय तोक्ने व्यवस्था गर्ने। | उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय<br>अर्थ मन्त्रालय | १ वर्ष | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | नयाँ कम्पनी कानून र प्रचलित निजी सङ्घ संस्थासँग सम्बन्धित कानूनहरूमा संशोधन गरी नियमनकारी निकाय तोकिएको हुने। | अधिकारक्षेत्र विवाद; संस्थागत प्रतिरोध हुन सक्ने। | ५, १२ |
| **कार्यनीति ३.३: भ्रष्टाचार सम्बन्धी उजुरीमा अनुसन्धान गर्दा दुष्कृतिजन्य कार्यलाई सुधार गर्न मौका दिने नीति अवलम्बन गर्ने।** | | | | | | | | |
| **क्र.सं.** | **क्रियाकलाप** | **जिम्मेवार निकाय** | **सहजीकरण गर्ने निकाय** | **समयावधि** | **अनुगमन गर्ने निकाय** | **उपलब्धि सूचक** | **जोखिम तथा सीमा** | **भ्रष्टाचार विरुद्धको सं.रा.सं.अभिसन्धिको सम्बन्धित धारा** |
| ३.३.१ | भ्रष्टाचारको कसूरमा अनुसन्धान गर्दा कुनै हानि नोक्सानी वा अनियमितता नभई दुष्कृतिजन्य कार्य भएकोमा एकपटक सच्याउन अवसर दिने गरी कानूनी व्यवस्था गर्ने। | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | अख्तियार दुरूपयोग अनुसन्धान आयोग, महान्यायाधिवक्ताको कार्यालय, राष्ट्रिय सतर्कता केन्द्र | २ वर्ष | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अन्य सम्बन्धित मन्त्रालयहरू | आवश्यक कानून संशोधन र दुष्कृतिजन्य कार्य सच्याउन दिएको संख्या एकिन भएको हुने। | दण्डहीनताको भावना पैदा हुने; गम्भीर–हल्का कसूर छुट्याउन कठिन; चयनात्मक प्रयोगको आरोप लाग्न सकने। | ३०, ३६ |
| ३.३.२ | अनुचित लाभ लिए दिएको नभई लापरवाही वा हेलचक्राईको कारणबाट राज्य वा अन्य कसैलाई भएको हानि नोक्सानी वापतको क्षतिपूर्ति वुझाई तोकिएको समयभित्र दुष्कृतिबाट उत्पन्न दुष्परिणामलाई सच्याई कानून अनुरूप गुणस्तरीय कार्य सच्याउन अवसर दिने गरी कानूनी व्यवस्था गर्ने। | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | अख्तियार दुरूपयोग अनुसन्धान आयोग, महान्यायाधिवक्ताको कार्यालय, महालेखा परीक्षकको कार्यालय, सार्वजनिक खरिद अनुगमन कार्यालय | २ वर्ष | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अन्य सम्बन्धित मन्त्रालयहरू | कानून संशोधन भई क्षतिपूर्ति वुझाई तोकिएको समयभित्र दुष्कृतिबाट उत्पन्न दुष्परिणामलाई सच्याई सम्पन्न भएका गुणस्तरीय कार्यको संख्या एकिन भएको हुने। | क्षति मूल्याङ्कन विवादास्पद हुने; क्षतिपूर्ति असमान रूपमा लागू हुने; मुद्दा प्रक्रियागत रूपमा लम्बिने। | ३०, ३४ |

| |
|---|
| **रणनीतिक स्तम्भ ४: भ्रष्टाचार निवारण सम्बन्धी कानूनको प्रभावकारी कार्यान्वयनका लागि अनुसन्धान, अभियोजन र प्रतिरक्षा गर्न विशिष्टीकृत, सक्षम र दीगो जनशक्ति विकास।** |
| **कार्यनीति ४.१: भ्रष्टाचारजन्य कसूरको अनुसन्धान, अभियोजन र न्यायिक निरूपणमा संलग्न निकायको संस्थागत सुदृढीकरण गर्ने।** |

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | अनुगमन गर्ने निकाय | उपलब्धि सूचक | जोखिम तथा सीमा | भ्रष्टाचार विरुद्धको सं.रा.सं.अभिसन्धिको सम्बन्धित धारा |
|---|---|---|---|---|---|---|---|---|
| ४.१.१ | भ्रष्टाचारजन्य कसूरको अनुसन्धान, तहकिकात, अभियोजन र प्रतिरक्षामा संलग्न हुने कर्मचारीलाई विशिष्टीकृत प्रशिक्षण तालिम र अभिमुखीकरण गर्न गराउन पाठ्यक्रम निर्माण गर्ने। | अख्तियार दुरूपयोग अनुसन्धान आयोग | संघीय तालिम केन्द्रहरू, महान्यायाधिवक्ताको कार्यालय, न्यायसेवा तालिमकेन्द्र | १ वर्ष | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | पाठ्यक्रम निर्माण भएको हुने। | | ३६, ३८ |
| ४.१.२ | भ्रष्टाचारजन्य कसूरको अनुसन्धान, तहकिकात, अभियोजन र प्रतिरक्षामा संलग्न हुने कर्मचारीलाई विशिष्टीकृत प्रशिक्षण, तालिम र अभिमुखीकरण तालिम प्रदान गर्ने। | अख्तियार दुरूपयोग अनुसन्धान आयोग, महान्यायाधिवक्ताको कार्यालय, नेपाल प्रहरी | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, न्यायसेवा तालिमकेन्द्र | निरन्तर | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | विशिष्टीकृत प्रशिक्षण, तालिम र अभिमुखीकरण तालिम प्राप्त जनशक्तिको संख्या यकिन हुने। | तालिमप्राप्त जनशक्तिको स्थायित्वको चुनौति। | ३६, ३८ |
| ४.१.३ | भ्रष्टाचारको कसूरसँग सम्बन्धित मुद्दाको अनुसन्धान, अभियोजन तथा प्रतिरक्षा प्रणालीलाई व्यवस्थित र प्रभावकारी बनाउन अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा विशिष्टीकृत अनुसन्धान एकाइ गठन गर्ने। | अख्तियार दुरूपयोग अनुसन्धान आयोग | महान्यायाधिवक्ताको कार्यालय | १ वर्ष | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | विशिष्टीकृत अनुसन्धान एकाइ गठन भएको हुने। | विशिष्टीकृत अनुसन्धान एकाइमा फरेन्सिक तथा प्राविधिक दक्षता अभाव हुने जोखिम। | ३६, ३८ |
| ४.१.४ | भ्रष्टाचार सम्बन्धमा अनुसन्धान र अभियोजनकारी निकायहरूमा अनुसन्धान र विकास (R&D) एकाई गठन गर्ने | सम्वन्धित अनुसन्धान तथा अभियोजनकारी निकाय | अर्थ मन्त्रालय, नीति अनुसन्धान प्रतिष्ठान | २ वर्ष | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | अनुसन्धान र अभियोजनकारी निकायहरूमा अनुसन्धान र विकास (R&D) एकाइ गठन भएको हुने। | श्रोत साधनको कमी हुने जोखिम। | ३६ |
| **कार्यनीति ४.२: भ्रष्टाचारसम्बन्धी कसुरको अनुसन्धान, अभियोजन र प्रतिरक्षा प्रणाली सुदृढ गर्ने।** | | | | | | | | |
| **क्र.सं.** | **क्रियाकलाप** | **जिम्मेवार निकाय** | **सहजीकरण गर्ने निकाय** | **समयावधि** | **अनुगमन गर्ने निकाय** | **उपलब्धि सूचक** | **जोखिम तथा सीमा** | **भ्रष्टाचार विरुद्धको सं.रा.सं.अभिसन्धिको सम्बन्धित धारा** |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४.२.१ | भ्रष्टाचारको कसूरसँग सम्वन्धित मुद्दाको अनुसन्धान, अभियोजन तथा प्रतिरक्षा प्रणालीलाई व्यवस्थित र प्रभावकारी बनाउन आवश्यकता अनुसार अभियोजन निर्देशिका वा मापदण्ड वा दिग्दर्शन निर्माण गरी लागू गर्ने। | अख्तियार दुरूपयोग अनुसन्धान आयोग | महान्यायाधिवक्ताको कार्यालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | १ वर्ष | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | अभियोजन सम्बन्धी निर्देशिका, मापदण्ड वा दिग्दर्शन निर्माण भएको हुने। | | ५, ३०, ३६ |
| ४.२.२ | अनुचित लाभ लिए दिएको नभई लापरवाही वा हेलचेक्राईको कारणबाट राज्य वा अन्य कसैलाई भएको हानि नोक्सानी वापतको क्षतिपूर्ति वुझाई तोकिएको समयभित्र दुष्कृतिबाट उत्पन्न दुष्परिणामलाई सच्याई कानून अनुरूप गुणस्तरीय कार्य सच्याउन अवसर दिने गरी आवश्यक व्यवस्था गर्ने। | अख्तियार दुरूपयोग अनुसन्धान आयोग | महान्यायाधिवक्ताको कार्यालय | १ वर्ष | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | लापरवाही वा हेलचक्राईको कारण राज्य वा अरू कसैलाई भएको हानि नोक्सानीको क्षतिपूर्ति वुझाई दुष्परिणाम सच्चाउन अवसर दिने गरी अभियोजन सम्बन्धी निर्देशिका, मापदण्ड वा दिग्दर्शन निर्माण भएको हुने। | क्षतिपूर्ति आधारित सुधारले दण्डहीनताको सन्देश दिने जोखिम। | ३०, ३४ |
| ४.२.३ | भ्रष्टाचार नियन्त्रणसँग सम्वन्धित कानून कार्यान्वयन गर्ने अधिकारप्राप्त अधिकारीबिच प्रभावकारी समन्वय स्थापित गर्ने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, सवै मन्त्रालयहरू, महान्यायधिवक्ताको कार्यालय, नियामक निकायहरू | राजस्व अनुसन्धान विभाग, सम्पति शुद्धीकरण अनुसन्धान विभाग, राष्ट्रिय सतर्कता केन्द्र, नेपाल प्रहरी | निरन्तर | तीनै तहका सरकार | अधिकार प्राप्त अधिकारीहरू बीच आपसी सहकार्य र सहयोगको वातावरण निर्माण भएको हुने। | अन्तरनिकाय समन्वय गर्न कठिन हुन सक्ने। | ५,३८ |
| ४.२.४ | भ्रष्टाचारजन्य कसूरको उजुरीको अनुसन्धान, तहकिकात र अभियोजन तोकिएको समयावधि भित्रै सम्पन्न गरी उजुरी फछर्यौट गर्ने। | अख्तियार दुरूपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र | राजस्व अनुसन्धान विभाग, सम्पत्ती शुद्धीकरण अनुसन्धान विभाग, विशेष सरकारी वकीलको कार्यालय, | निरन्तर | तीनै तहका सरकार | भ्रष्टाचारजन्य कसूरका उजुरीहरू समयमै पछ्यौट भएको हुने। | मुद्दा चापका कारण उजुरी समयमै फछर्यौट नहुने जोखिम | ३६ |

| रणनीतिक स्तम्भ ५: भ्रष्टाचार निवारणको लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा समन्वय, सहकार्य र पारस्परिकता कायम गर्दै भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय महासन्धि लगायतका कानूनी व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयन। | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **कार्यनीति ५.१: भ्रष्टाचारसँग सम्बन्धित देवानी, फौजदारी र प्रशासकीय विषयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा समन्वय, सहयोग र सहकार्य प्रवर्द्धन गर्न आवश्यक व्यवस्था मिलाउने।** | | | | | | | | |
| **क्र.सं.** | **क्रियाकलाप** | **जिम्मेवार निकाय** | **सहयोगी निकाय** | **समयावधि** | **अनुगमन गर्ने निकाय** | **उपलब्धि सूचक** | **जोखिम तथा सीमा** | **भ्रष्टाचार विरुद्धको सं.रा.सं.अभिसन्धिको सम्बन्धित धारा** |
| ५.१.१ | सबै तहका सरकारले भ्रष्टाचार निवारणसम्बन्धी रणनीति तथा कार्ययोजना निर्माण गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्ने। | तीनै तहका सरकार | अख्तियार दुरूपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र | निरन्तर | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | रणनीति तथा कार्ययोजना निर्माण भई प्रभावकारी कार्यान्वयन भएको हुने। | प्राथमिकतामा नपर्ने जोखिम। | ५, १३ |
| ५.१.२ | नेपाल भित्रका अभियोजनकर्ताहरूबिच एवम् अन्तर्राष्ट्रिय रूपमा अभियोजनको कार्यमा संलग्न निकायबिचको समन्वय र सहयोगलाई प्रभावकारी बनाउने। | महान्यायाधिवक्ताको कार्यालय | अख्तियार दुरूपयोग अनुसन्धान आयोग; परराष्ट्र मन्त्रालय; कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | निरन्तर | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | मुलुकभित्रका अभियोजनकर्ताहरूबिच एवम् अन्तर्राष्ट्रिय रूपमा अभियोजनको कार्यमा संलग्न निकायहरू बीचको समन्वय र सहयोग प्रभावकारी भएको हुने। | सूचना आदानप्रदानमा ढिलाइ, संस्थागत क्षमता अभाव। | ५, ३६, ३७, ४३, ४४, ४६, ४८, ४९ |
| **कार्यनीति ५.२: भ्रष्टाचारजन्य कसूरहरूसँग सम्बन्धित अनुसन्धान, अभियोजन र न्यायिक कारबाहीमा आपसी पारस्परिक कानूनी सहायता आदानप्रदान गर्न द्विपक्षीय सम्झौता लगायतको आवश्यक व्यवस्था गर्ने।** | | | | | | | | |
| **क्र.सं.** | **क्रियाकलाप** | **जिम्मेवार निकाय** | **सहयोगी निकाय** | **समयावधि** | **अनुगमन गर्ने निकाय** | **उपलब्धि सूचक** | **जोखिम तथा सीमा** | **भ्रष्टाचार विरुद्धको सं.रा.सं.अभिसन्धिको सम्बन्धित धारा** |
| ५.२.१ | नागरिकहरूको आवतजावत, अपराधको प्रकृति तथा राज्यहरूका बीचमा भएका व्यापारिक वा अन्य प्रकारका आर्थिक सम्बन्धहरूको प्रवृत्ति विश्लेषण (Trend Analysis) का आधारमा सुपुर्दगी सम्बन्धी कानूनको प्रभावकारी कार्यान्वयनका लागि विभिन्न मुलुकहरूसँग यथाशीघ्र सन्धि/सम्झौता गर्ने। | गृह मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | परराष्ट्र मन्त्रालय | निरन्तर | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सुपुर्दगी सम्बन्धी कानूनको प्रभावकारी कार्यान्वयनका लागि विभिन्न मुलुकहरूसँग सन्धि/सम्झौता भएको हुने। | सम्पत्ति जफत र पारस्परिक कानूनी सहायता सम्बन्धी कानून कार्यान्वयन जटिल; सुपुर्दगी प्रक्रिया ढिलाइ हुने; मानव अधिकार सम्बन्धी विषय उठाई सुपुर्दगी अस्वीकार हुने जोखिम। | ४४, ४८, ५० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५.२.२ | नागरिकको आवतजावत, अपराधको प्रकृति तथा राज्यका बिचमा भएका व्यापारिक वा अन्य प्रकारका आर्थिक सम्बन्धको प्रवृत्ति विश्लेषण (Trend Analysis) का आधारमा कसूरजन्य सम्पत्ति जफत सम्बन्धी कानून र पारस्पारिक कानूनी सहायता सम्बन्धी कानूनको प्रभावकारी कार्यान्वयनका लागि विभिन्न मुलुकहरूसँग यथाशीघ्र सन्धि/सम्झौता गर्ने। | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, कसूरजन्य सम्पत्ति व्यवस्थापन विभाग | गृह मन्त्रालय, परराष्ट्र मन्त्रालय | निरन्तर | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कसूरजन्य सम्पत्ति जफत सम्बन्धी कानून र पारस्पारिक कानूनी सहायता सम्बन्धी कानूनको प्रभावकारी कार्यान्वयनका लागि विभिन्न मुलुकहरूसँग सन्धि/सम्झौता भएको हुने। | सूचना आदानप्रदानमा गोपनीयता तथा कानूनी अवरोध, प्राविधिक क्षमता अभाव; अन्तर्राष्ट्रिय सहकार्यमा प्रक्रिया जटिल भई समय धेरै लाग्ने। | ४६, ४८, ५४, ५५ |
| ५.२.३ | भ्रष्टाचारजन्य कसूरबाट भएको आयको संग्रह, स्थानान्तरण र उपयोगको सूचना आदान प्रदान गर्न तथा जुनसुकै प्रकारको आपराधिक आर्जनको स्थानान्तरणलाई नियन्त्रण गर्ने, प्रतिरोध गर्ने तथा त्यस्ता आर्जन फिर्ता गर्ने उपयुक्त उपाय र तरिकाको व्यवस्था गर्न अन्तर्राष्ट्रियस्तरमा कार्य गर्न सकिने उपयुक्त संयत्रको विकास गर्ने। | गृह मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | अख्तियार दुरूपयोग अनुसन्धान आयोग, महान्यायाधिवक्ताको कार्यालय, अर्थ मन्त्रालय, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग | २ वर्ष | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | अन्तर्राष्ट्रिय तहमा संयन्त्रको विकास भएको हुने। | सम्पत्ति पहिचान र फिर्ता प्रक्रियामा ढिलाइ, विभिन्न देशका कानूनी / गोपनीयता मापदण्ड फरक हुँदा सूचना साझेदारी अवरुद्ध; बैंक गोपनीयता र डाटा संरक्षणका कारण ट्रेसिङ ढिलो; विदेशी क्षेत्राधिकार र अन्तर्राष्ट्रिय संयन्त्र सञ्चालनमा प्रक्रिया जटिल र खर्चिलो। | १४, ४६, ४८, ५२, ५४, ५५ |
| ५.२.४ | भ्रष्टाचारजन्य कसूरबाट आर्जन गरेको, संग्रह गरेको र विदेशी मुलुकमा स्थानान्तरण गरिएको सम्पत्ति फिर्ता ल्याउन विभिन्न मुलुकहरूसँग सन्धि वा सम्झौता गर्ने। | गृह मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | परराष्ट्र मन्त्रालय, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, कसूरजन्य सम्पत्ति व्यवस्थापन विभाग | निरन्तर | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सम्पत्ति फिर्ता सम्बन्धी सन्धि सम्झौता भएको हुने। | अन्तर्राष्ट्रिय संयन्त्र सञ्चालनमा जटिलता र समय लाग्ने। | ४६, ५२, ५४, ५५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५.२.५ | भ्रष्टाचार नियन्त्रणमा संलग्न निकाय, कार्यालयबिच दोहोरो सूचना आदान प्रदान, प्रभावकारी विश्लेषण र अनुसन्धानका लागि कानून निर्माण सम्वन्धी समझदारीपत्र सम्पन्न गर्ने। | सम्बन्धित मन्त्रालय/ निकाय | परराष्ट्र मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | निरन्तर | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | भ्रष्टाचार नियन्त्रणमा संलग्न निकाय/कार्यालयहरूबीच सूचना आदान प्रदान, प्रभावकारी विश्लेषण र अनुसन्धानका लागि समझदारीपत्र भएको हुने। | फरक–फरक कानूनी प्रणालीका कारण सन्धि गर्न ढिलाई हुने, बैंक गोपनीयता/ मानवअधिकार आपत्तिले फिर्ता प्रक्रियामा जटिलता। | ५, ३६, ४८ |
| ५.२.६ | भ्रष्टाचारको कसूरमा नवीन प्रविधि, विद्युतीय माध्यम वा अन्य विशेष अनुसन्धानात्मक प्रविधिबाट प्राप्त प्रमाणलाई न्यायिक निकायमा ग्रहणयोग्य बनाउन द्विपक्षीय वा वहुपक्षीय सम्झौता वा आवश्यक प्रबन्ध गर्ने। | अख्तियार दुरूपयोग अनुसन्धान आयोग | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयप, परराष्ट्र मन्त्रालय महान्यायाधिवक्ताको कार्यालय, नेपाल प्रहरी, सूचना प्रविधि विभाग | १वर्ष २– | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | डिजिटल प्रमाण स्वीकारसम्बन्धी सम्झौताप्रबन्धको संख्या/; न्यायिक निकायले स्वीकार गरेका डिजिटल प्रमाणका मुद्दा। | फरक–फरक देशका प्रमाणसम्बन्धी मापदण्ड; डाटा गोपनीयता/चेन–अफ–कस्टडी विवाद; न्यायिक स्वीकारमा ढिलाई। | ४६, ४८, ५० |
| ५.२.७ | भ्रष्टाचारजन्य कसूरबाट आर्जित सम्पत्तिको हस्तान्तरण रोकथाम, खोजतलास, दावी र जफत गरेको सम्पत्ति वैध स्वामीलाई फिर्ता गर्ने कार्यलाई प्रभावकारी बनाउन महासन्धिमा भएको व्यवस्था र उपायहरूको अवलम्बन गरी आवश्यक कानूनी व्यवस्था गर्ने। | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | अख्तियार दुरूपयोग अनुसन्धान आयोग, महान्यायाधिवक्ताको कार्यालय , परराष्ट्र मन्त्रालय, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, नेपाल राष्ट्र बैंक | १–३ वर्ष | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सम्पत्ति रोक्का/जफत/फिर्ता भएका मुद्दा; UNCAC अनुरूप कानून संशोधन। | विदेशी क्षेत्राधिकारका कानूनी अवरोध; बैंक गोपनीयता; सम्पत्ति ट्रेसिङ जटिलता। | ४६, ५१, ५२, ५४, ५५ |
| **कार्यनीति ५.३: कसुरजन्य सम्पत्ति व्यवस्थापन तथा फैसला कार्यान्वयनलाई प्रभावकारी बनाउने।** | | | | | | | | |
| **क्र.सं.** | **क्रियाकलाप** | **जिम्मेवार निकाय** | **सहयोगयी निकाय** | **समयावधि** | **अनुगमन गर्ने निकाय** | **उपलब्धि सूचक** | **जोखिम तथा सीमा** | **भ्रष्टाचार विरुद्धको सं.रा.सं.अभिसन्धिको सम्बन्धित धारा** |
| ५.३.१ | कसूरजन्य सम्पत्ति व्यवस्थापन विभागको संस्थागत सक्षमता अभिवृद्धि गरी अपराधजन्य कार्यबाट आर्जित कसूरजन्य सम्पत्तिको व्यवस्थापन कार्य प्रभावकारी बनाउने। | गृह मन्त्रालय | कसूरजन्य सम्पत्ति व्यवस्थापन विभाग,कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, अख्तियार | निरन्तर | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | व्यवस्थापन गरिएका कसूरजन्य सम्पत्तिको संख्या/मूल्य; व्यवस्थापन निर्देशिका/प्रक्रिया विकास; | दक्ष जनशक्ति अभाव; सम्पत्ति मूल्याङ्कन र संरक्षण चुनौती; अन्तरनिकाय समन्वय कमजोर। | ३१, ५१, ५२, ५४, ५५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | दुरूपयोग अनुसन्धान आयोग, महान्यायाधिवक्ताको कार्यालय, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, नेपाल प्रहरी, नेपाल राष्ट्र बैंक, फैसला कार्यान्वयन निर्देशनालय | | | जनशक्ति र प्रणाली सुदृढीकरण | | |
| ५.३.२ | फैसला कार्यान्यिन निर्देशनालयको संस्थागत समक्षता अभिवृद्धि गरी फैसला कार्यान्वयनको कार्यलाई छिटो, छरितो र प्रभावकारी बनाउने। | फैसला कार्यान्वयन निर्देशनालय | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, महान्यायाधिवक्ताको कार्यालय, नेपाल प्रहरी, कसूरजन्य सम्पत्ति व्यवस्थापन विभाग | १ वर्ष | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सर्वोच्च अदालत | कार्यान्वयन भएका फैसलाको प्रतिशत; फैसला कार्यान्वयनमा लागेको औसत समय; बक्यौता फैसला घटेको दर | जनशक्ति तथा स्रोत अभाव; अन्तरनिकाय समन्वय कमजोर; प्रतिवादी फरार वा सम्पत्ति लुकाउने जोखिम। | ३०, ३१, ३६, ५१ |
| **कार्यनीति ५.४: भ्रष्टाचार निवारणका सम्बन्धमा निगरानी बढाई र अन्तरनिकाय समन्वय तथा सहकार्य प्रभावकारी बनाउने।** | | | | | | | | |
| **क्र.सं.** | **क्रियाकलाप** | **जिम्मेवार निकाय** | **सहयोगी निकाय** | **समयावधि** | **अनुगमन गर्ने निकाय** | **उपलब्धि सूचक** | **जोखिम तथा सीमा** | **भ्रष्टाचार विरुद्धको सं.रा.सं.अभिसन्धिको सम्बन्धित धारा** |
| ५.४.१ | भ्रष्टाचार निवारण सम्बन्धमा संवैधानिक निकायहरूले पेश गरेका वार्षिक प्रतिवेदनको विश्लेषण गर्दै संसदले दिएका निर्देशनहरूको कार्यान्वयन गर्ने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | संघीय संसद सचिवालय; अख्तियार दुरूपयोग अनुसन्धान आयोग; महालेखा परीक्षकको कार्यालय; राष्ट्रिय सतर्कता केन्द्र | वार्षिक रूपमा | संघीय संसद (सम्बन्धित समिति) | कार्यान्वयन भएका निर्देशनको प्रतिशत; कार्यान्वयन प्रतिवेदन समयमै पेश | निर्देशन कार्यान्वयनमा ढिलाइ; जिम्मेवारी अस्पष्ट। | ५, १० |
| ५.४.२ | वित्तीय जानकारी इकाई मार्फत प्राप्त भएका इन्टेलिजेन्सका सम्बन्धमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग, न्याय परिषद् तथा नेपाली | नेपाल राष्ट्र बैंक | अख्तियार दुरूपयोग अनुसन्धान आयोग, न्याय परिषद्, नेपाली सेना, सम्पत्ति | निरन्तर | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | पृष्ठपोषण प्राप्त इन्टेलिजेन्सको अनुपात; कार्यवाहीमा परिणत भएका घटनाको संख्या | गोपनीयता/सूचना साझेदारी अवरोध; संस्थागत प्रतिरोध। | १४, ४८ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सेनाले अनिवार्य रूपमा पृष्ठपोषण प्रदान गर्ने प्रबन्ध गर्ने। | | शुद्धीकरण अनुसन्धान विभाग | | | | | |
| ५.४.३ | राष्ट्रिय सतर्कता केन्द्रबाट भएका अनुगमन र निरीक्षण हुने नियमित हाजिरी, पोसाक, नागरिक वडापत्रको अनुसरण लगायतका विषयमा कानूनी परिपालना गरेका व्यक्ति र निकायहरूको एकीकृत अभिलेख तयार पार्ने। | राष्ट्रिय सतर्कता केन्द्र | सम्बन्धित मन्त्रालय/निकाय, सूचना प्रविधि विभाग, प्रदेश सरकार, स्थानीय तह, | निरन्तर | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | एकीकृत अभिलेख प्रणाली सञ्चालन; अद्यावधिकको नियमितता | डाटा शुद्धता समस्या; अद्यावधिक नहुने जोखिम, राजनीतिक प्राथमिकता नपर्नु। | ५, १० |
| ५.४.४ | भ्रष्टाचार निवारण सम्बन्धी कानून कार्यान्वयन गर्ने निकाय र सम्बद्ध निजी संस्था बीच सहयोग अभिवृद्धिको नीतिगत व्यवस्था गर्ने। | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | अख्तियार दुरूपयोग अनुसन्धान आयोग, अर्थ मन्त्रालय, राष्ट्रिय सतर्कता केन्द्र, नेपाल राष्ट्र वैक, नीजि क्षेत्रका छाता संगठनहरू | निरन्तर | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कानून कार्यान्वयन निकाय र सम्बद्ध निजी संस्थाबीच सहयोग अभिवृद्धि र संयुक्त कार्यक्रमको संख्या बढेको हुने। | निजी क्षेत्रको प्रतिरोध; औपचारिकतामा सीमित हुने जोखिम। | ५, १२ |

## ४.३ अनुगमन तथा मूल्याङ्कन फ्रेमवर्क

यस तालिकामा प्रस्तुत रणनीतिक योजनाको रणनीतिक स्तम्भ, कार्यनीति र अपेक्षित नतिजा अनुसार सूचक, तथ्याङ्क स्रोत, अनुगमन आवृत्ति तथा जिम्मेवार निकाय स्पष्ट रूपमा प्रस्तुत गर्दछ।

| **कार्यनीति** | **अपेक्षित नतिजा (Outcome/Output)** | **मुख्य सूचक** | **सूचनाको स्रोत** | **अनुगमन आवृत्ति** | **जिम्मेवार निकाय** |
|---|---|---|---|---|---|
| **भ्रष्टाचार निवारणसम्बन्धी कानुनी सुधार** | भ्रष्टाचार नियन्त्रणका लागि UNCAC अनुरूप अद्यावधिक र प्रभावकारी कानुनी संरचना स्थापना | संशोधित/नयाँ ऐन, नियम तथा कार्यविधिको संख्या | नेपाल राजपत्र, कानून न्याय तथा संसदीय मामिला मन्त्रालयको वेबसाईट | वार्षिक | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय |
| **संस्थागत संरचना र कार्यप्रणाली सुदृढीकरण** | सम्बन्धित निकायहरूको स्पष्ट कार्यक्षेत्र र प्रभावकारी सञ्चालन | संस्थागत संरचना पुनरावलोकन सम्पन्न निकायको संख्या | संस्थागत मूल्याङ्कन प्रतिवेदन | वार्षिक | प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय |
| **सार्वजनिक वित्त र प्रशासन सुधार** | सार्वजनिक खर्च तथा प्रशासनमा पारदर्शिता र जवाफदेहिता वृद्धि | जोखिममा आधारित लेखापरीक्षण लागू भएका निकाय | महालेखापरीक्षकको प्रतिवेदन | वार्षिक | अर्थ मन्त्रालय |

| | | | | | |
|---|---|---|---|---|---|
| **उत्तरदायित्व र पारदर्शिता अभिवृद्धि** | सार्वजनिक निकायमा सूचना खुलापन र जवाफदेहिता सुदृढ | सूचना मागको समयमै फछ्र्यौट दर | राष्ट्रिय सूचना आयोगको प्रतिवेदन | अर्धवार्षिक | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| **नैतिकता र आचारसंहिता प्रवर्द्धन** | सार्वजनिक सेवामा सदाचार र नैतिक आचरण संस्थागत | आचारसंहिता कार्यान्वयन भएका कार्यालयको प्रतिशत | राष्ट्रिय सतर्कता केन्द्रको प्रतिवेदन | वार्षिक | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| **अनुगमन, मूल्याङ्कन र प्रतिवेदन प्रणाली** | रणनीति कार्यान्वयनको नियमित ट्र्याकिङ र सुधार | समयमै अनुगमन तथा मूल्यांकन प्रतिवेदन पेश दर | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन | वार्षिक | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| **संवैधानिक निकाय सुदृढीकरण** | संवैधानिक निकायहरूको कार्यसम्पादन क्षमता अभिवृद्धि | क्षमता अभिवृद्धि कार्यक्रम सम्पन्न संख्या | सम्बन्धित संवैधानिक निकायको वार्षिक प्रतिवेदन | वार्षिक | संवैधानिक निकायहरू |
| **नागरिक सहभागिता र सूचनाको पहुँच** | भ्रष्टाचार नियन्त्रणमा नागरिकको सक्रिय सहभागिता | नागरिक उजुरी तथा सुझाव संख्या | हेलो सरकार/हेल्पडेस्क/उजुरी पोर्टलको तथ्याङ्क | त्रैमासिक | सम्बन्धित मन्त्रालयहरू |
| **जोखिम व्यवस्थापन र आन्तरिक नियन्त्रण** | भ्रष्टाचार जोखिम न्यूनीकरण र नियन्त्रण प्रणाली प्रभावकारी | जोखिम मूल्याङ्कन सम्पन्न कार्यालय संख्या | आन्तरिक लेखापरीक्षण प्रतिवेदन | वार्षिक | अर्थ मन्त्रालय |
| **नीति समन्वय र कार्यान्वयन सुधार** | नीतिगत दोहोरोपन र कार्यान्वयन कमजोरी न्यून | अन्तर–निकाय समन्वय बैठक संख्या | बैठक र निर्णय सङ्ख्या | अर्धवार्षिक | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| **डिजिटल सुशासन र ई–सेवा** | सेवा प्रवाह डिजिटल र पारदर्शी | अनलाइन सेवा उपलब्ध कार्यालय प्रतिशत | ई–गभर्नेन्स पोर्टल, नागरिक एप | त्रैमासिक | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय |
| **डिजिटल निगरानी र जोखिम पहिचान** | भ्रष्टाचार जोखिम समयमै पहिचान | डिजिटल जोखिम फ्ल्याग उत्पन्न संख्या | MIS / Risk System Log | त्रैमासिक | सम्बन्धित नियामक निकाय |
| **नागरिक गुनासो र उजुरी प्रणाली** | नागरिक गुनासोको प्रभावकारी सुनुवाइ | समयमै फछ्र्यौट भएका उजुरी प्रतिशत | हेलो सरकार/गुनासो व्यवस्थापन प्रणाली | त्रैमासिक | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| **सूचना प्रविधि क्षमता अभिवृद्धि** | सूचना प्रविधि सम्बन्धी दक्ष जनशक्ति विकास | तालिम प्राप्त कर्मचारी संख्या | तालिम प्रतिवेदन | वार्षिक | सम्बन्धित मन्त्रालय/निकाय |
| **डेटा एकीकरण र विश्लेषण** | तथ्याङ्कमा आधारित निर्णय प्रणाली | एकीकृत डेटाबेस सञ्चालन स्थिति | डेटा प्लेटफर्म प्रतिवेदन | अर्धवार्षिक | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| **प्रविधिमा आधारित अनुसन्धान र प्रमाण** | डिजिटल प्रमाण प्रयोग हुने अनुसन्धान वृद्धि | डिजिटल प्रमाण समावेश मुद्दा संख्या | अनुसन्धान/अदालतको अभिलेख | वार्षिक | अख्तियार दुरूपयोग अनुसन्धान आयोग |
| **निजी तथा सहकारी क्षेत्रमा भ्रष्टाचार नियन्त्रण** | निजी तथा सहकारी क्षेत्रमा उत्तरदायित्व स्थापना | कारबाही गरिएका संस्था संख्या | नियामक निकाय प्रतिवेदन | वार्षिक | सम्बन्धित नियामक निकाय |

| | | | | | |
|---|---|---|---|---|---|
| **निजी क्षेत्रका हरेक क्रियाकलापमा सुशासन** | निजी क्षेत्रको कारोवार पारदर्शी | सुशासन मापदण्ड पालना दर | स्व–घोषणा/अडिट प्रतिवेदन | वार्षिक | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय |
| **दुष्कृतिजन्य कार्यलाई सुधार गर्न मौका दिने** | स्वेच्छिक सुधारमार्फत अनुपालन वृद्धि | स्वेच्छिक सुधार अपनाएका केस संख्या | नियामक अभिलेख | वार्षिक | सम्बन्धित नियामक निकाय |
| **अनुसन्धान र अभियोजन सुदृढीकरण** | भ्रष्टाचार मुद्दामा अनुसन्धान/अभियोजन प्रभावकारिता | दर्ता र सफल अभियोजन दर | विशेष अदालत/महान्यायाधिवक्ता प्रतिवेदन | अर्धवार्षिक | अख्तियार दुरूपयोग अनुसन्धान आयोग |
| **फैसला कार्यान्वयन र प्रतिरक्षा सुधार** | अदालत फैसला समयमै कार्यान्वयन | फैसला कार्यान्वयन दर | फैसला कार्यान्वयन निर्देशनालयको अभिलेख | अर्धवार्षिक | फैसला कार्यान्वयन निर्देशनालय |
| **राष्ट्रिय निकायबीच समन्वय** | भ्रष्टाचार नियन्त्रणमा एकीकृत प्रयास | संयुक्त कार्ययोजना संख्या | समन्वय समिति प्रतिवेदन | वार्षिक | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| **अन्तर्राष्ट्रिय कानूनी सहायता र सहकार्य** | सीमापार भ्रष्टाचार मुद्दामा सहयोग सुदृढ | पारस्परिक कानुनी सहायता (MLA) अनुरोधको सफल कार्यान्वयन दर | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय/परराष्ट्र मन्त्रालय अभिलेख | वार्षिक | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय |
| **सम्पत्ति फिर्ता र सुपुर्दगी** | भ्रष्टाचारबाट आर्जित सम्पत्ति पुन:प्राप्ति | फिर्ता/जफत गरिएको सम्पत्ति मूल्य | सम्पत्ति व्यवस्थापन विभाग प्रतिवेदन | अर्धवार्षिक | कसूरजन्य सम्पत्ति व्यवस्थापन विभाग |

# परिच्छेद- ५
# रणनीतिक योजनाको सीमा र अपेक्षित उपलब्धि

## ५.१ रणनीतिक योजनाको सीमा

भ्रष्टाचार विरुद्धको दोस्रो राष्ट्रिय रणनीतिक योजना (२०८२/८३-२०८७/८८) शासन प्रणालीमा देखिएका संरचनागत, संस्थागत र व्यवहारगत कमजोरीलाई सम्बोधन गर्दै भ्रष्टाचार न्यूनीकरण, सदाचार प्रवर्द्धन र जवाफदेहिता सुदृढीकरण गर्ने उद्देश्यले तयार गरिएको छ। यस रणनीतिक योजनाले कानुनी, नीतिगत, प्रशासनिक, वित्तीय, प्राविधिक तथा सामाजिक पक्षहरूलाई समेट्दछ तर पनि प्रदेश सरकार, स्थानीय सरकार र नीजि क्षेत्रले सदाचारिता प्रवर्द्धन गर्न थप रणनीति तथा कार्ययोजना बनाउने वाटो खुला गरेको छ।

यस रणनीतिको कार्यक्षेत्र सङ्घीय शासन प्रणालीका संघ, प्रदेश तथा स्थानीय तहका सबै सार्वजनिक निकायहरूमा लागू हुनेछ। मन्त्रालय, विभाग, आयोग, सार्वजनिक संस्थान, नियामक निकाय, न्यायिक तथा अर्ध-न्यायिक निकाय, साथै सार्वजनिक सेवा प्रवाहमा संलग्न अन्य संरचनाहरू यस रणनीतिको दायराभित्र पर्नेछन्। साथै सार्वजनिक स्रोतको व्यवस्थापन, सेवा प्रवाह र निर्णय प्रक्रियामा संलग्न सबै तहका सार्वजनिक पदाधिकारी तथा कर्मचारीहरू रणनीतिको प्रत्यक्ष सरोकारवाला रहनेछन्।

यो रणनीतिक योजना निम्न प्रमुख क्षेत्रहरूमा सीमित रहनेछः

(क) **कानुनी तथा नीतिगत सुधारः** भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय महासन्धि अनुरूप विद्यमान कानुन र नीतिको समीक्षा, संशोधन तथा आवश्यक नयाँ कानुन तर्जुमा गरी भ्रष्टाचार नियन्त्रणका लागि स्पष्ट र कार्यान्वयनयोग्य कानुनी आधार निर्माण गर्ने।

(ख) **सदाचार र नैतिक आचरणः** सार्वजनिक सेवामा आचारसंहिता निर्माण र कार्यान्वयन, स्वार्थको द्वन्द्व व्यवस्थापन, सम्पत्ति घोषणा तथा आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारी कार्यान्वयन गर्ने र समुदाय तथा शैक्षिक संस्थाहरूमार्फत् सदाचार र नैतिक शिक्षाको प्रवर्द्धन गर्ने।

(ग) **अनुसन्धान, अभियोजन र न्यायिक प्रक्रियाः** भ्रष्टाचारसम्बन्धी कसुरको अनुसन्धान, अभियोजन र न्यायिक निरूपणलाई प्रविधिमा आधारित, प्रभावकारी, निष्पक्ष र समयबद्ध बनाउने।

(घ) **सार्वजनिक वित्त तथा खरिद प्रणालीः** सार्वजनिक खरिद, बजेट तर्जुमा, लेखा र राजस्व प्रशासनमा पारदर्शिता, प्रतिस्पर्धा र जोखिममा आधारित नियन्त्रण प्रणालीको सुदृढीकरण गर्ने।

(ङ) **डिजिटल शासन र प्रणालीगत नियन्त्रणः** सूचना प्रविधिको प्रयोगमार्फत सेवा प्रवाह, निर्णय प्रक्रिया र नियन्त्रण प्रणाली पारदर्शी र मापनयोग्य बनाउने।

(च) **नागरिक सहभागिता र सामाजिक निगरानीः** नागरिक, मिडिया र नागरिक समाजको सहभागितामार्फत सार्वजनिक निकायको पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गर्ने।

(छ) **अनुगमन, मूल्याङ्कन, सिकाइ र सुधारः** रणनीति तथा कार्ययोजना कार्यान्वयनको निरन्तर अनुगमन, मूल्याङ्कन र सिकाइमार्फत सुधारात्मक कदम चाल्ने।

यस रणनीतिक योजनाले भ्रष्टाचार नियन्त्रणलाई केवल दण्डात्मक उपायमा सीमित नराखी निरोधात्मक, प्रवर्द्धनात्मक, प्रणालीगत र व्यवहारगत सुधारको एकिकृत प्रयासकोलाई जोड दिन्छ। तथापि, निजी क्षेत्र, राजनीतिक दलको आन्तरिक लोकतन्त्र तथा अन्तर्राष्ट्रिय अपराध नियन्त्रण जस्ता विषयहरूमा यो रणनीतिक योजनाको प्रत्यक्ष हस्तक्षेप सीमित रहनेछ र ती विषयहरूमा सम्बन्धित कानुन र निकायहरूसँगको समन्वयमा काम गरिनेछ।

## ५.२ अपेक्षित उपलब्धि

भ्रष्टाचार विरुद्धको दोस्रो रणनीतिक योजनाको प्रभावकारी रूपमा कार्यान्वयन भएमा देहायका प्रमुख उपलब्धिहरू हासिल हुने अपेक्षा गरिएको छः

### ५.२.१ कानुनी तथा संस्थागत उपलब्धि

(क) भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय महासन्धि अनुरूप भ्रष्टाचार नियन्त्रणसम्बन्धी कानुनी तथा नीतिगत सुधार र संस्थागत सुदृढीकरण भई भ्रष्टाचार नियन्त्रणका कार्यमा स्पष्टता र प्रभावकारिता आउने।

(ख) सूचनादाता (whistleblower ) को संरक्षण, अवैध सम्पत्ति जफत तथा व्यवस्थापन कार्यवाट भ्रष्टाचारजन्य कार्यहरू छानविनको दायरामा आई भष्टाचारवाट आर्जित सम्पत्ति राज्यकोषमा फिर्ता आउने।

### ५.२.२ सदाचार र जवाफदेहितासम्बन्धी उपलब्धि

(क) सार्वजनिक सेवामा आचारसंहिता र स्वार्थको द्वन्द्व व्यवस्थापन प्रणाली प्रभावकारी रूपमा लागू भई नैतिक आचरण र व्यक्तिगत जवाफदेहिता सुदृढ हुने।

(ख) सम्पत्ति घोषणा र जीवनशैली अनुगमन प्रणालीले अवैध धन आर्जनको जोखिम न्यूनीकरण हुने।

(ग) सार्वजनिक पदाधिकारी तथा कर्मचारीहरूमा जिम्मेवारीबोध र नैतिक संस्कार अभिवृद्धि हुने।

### ५.२.३ अनुसन्धान, अभियोजन र न्यायिक सुधार

(क) भ्रष्टाचारसम्बन्धी मुद्दाको अनुसन्धान र अभियोजन प्रक्रिया अझ छिटो, सक्षम, प्रविधिमैत्री, प्रभावकारी, निष्पक्ष हुने।

(ख) अनुसन्धान तथा अभियोजन निकायको क्षमता अभिवृद्धि भई मुद्दा फछ्र्यौट दरमा सुधार हुने।

(ग) अन्तराष्ट्रिय स्तरमा भ्रष्टाचारजन्य क्रियाकलापवाट आर्जित सम्पत्तिको खोजविन, जफत तथा फिर्ताहुने दर बढने।

(घ) दण्डहीनताको प्रवृत्ति क्रमशः न्यूनीकरण भई कानुनी जवाफदेहिता र सुशासन सुदृढ हुने।

## ५.२.४ सार्वजनिक वित्तिय प्रणाली सुधार

(क) सार्वजनिक खरिद, बजेट र लेखा प्रणालीमा पारदर्शिता बढ्दै आर्थिक अनियमितता न्यूनीकरण हुने।

(ख) डिजिटल प्रणाली र जोखिममा आधारित नियन्त्रणमार्फत सार्वजनिक स्रोतको मूल्य अभिबृद्धि र कुशल उपयोग हुने।

(ग) राजस्व प्रशासन सुधार भई राजस्व चुहावट घट्ने।

## ५.२.५ नागरिक सहभागिता र सामाजिक विश्वास

(क) सार्वजनिक सुनुवाइ, सूचना खुलासा र सामाजिक निगरानीका माध्यमबाट नागरिक सहभागिता अभिवृद्धि हुने।

(ख) नागरिक, मिडिया र नागरिक समाजको सक्रिय भूमिकाले सार्वजनिक निकायको कामकारवाहिमा पारदर्शिता र जवाफदेहिता बढने।

(ग) राज्यप्रति नागरिकको विश्वास र भरोसा बढ्ने ।

## ५.२.६ समग्र प्रभाव

समग्रमा, भ्रष्टाचार विरुद्धको दोश्रो रणनीतिक योजनाको सफल कार्यान्वयनबाट भ्रष्टाचार न्यूनीकरण, सदाचार र सुशासन प्रबर्द्धन भई नेपालको अन्तर्राष्ट्रिय छवि सुधार, सार्वजनिक सेवा प्रवाहको गुणस्तर वृद्धि, दिगो विकास र समृद्धि हासिल गर्न सहयोग पुग्नेछ।